# ठाकुरबाबा नगरपालिकाको
# खानेपानी सरसफाइ तथा स्वच्छता योजना




**ठाकुरबाबा नगरपालिका**

**नगरस्तरीय वास समन्वय समिति, बर्दिया**

**लुम्बिनी प्रदेश, नेपाल**

**२०७७**

ठाकुरबाबा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सैनवार,बर्दिया
लुम्बिनी प्रदेश, नेपाल

नगरस्तरीय वास समन्वय समिति, बर्दिया

# ठाकुरबाबा नगरपालिका
# नगर स्तरीय वास समन्वय समिति, बर्दिया
# लुम्बिनी प्रदेश, नेपाल
# २०७७

ठाकुरबाबा नगरपालिका
नगर कार्यपालिकाको कार्यलय
सैनवार, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल

# ठाकुरबाबा नगरपालिका

खानेपानी सरसफाई स्वच्छता योजना २०७७(२०८७

© सर्बाधिकार ठाकुरबाबा नगरपालिका निहित

प्रकाशन प्रति: १५० प्रति

**प्रकाशक**
ठाकुरबाबा नगरपलिका
नगर कार्यपालिकाको कार्यलय
सैनवार, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल

फोन: 084-403196 / 9858072111
ईमेल: thakurbabamun@gmail.com
info@thakurbabamun.gov.np
ito.thakurbabamun@gmil.com
वेवसाईट: www.thakurbabamun.gov.np

मुद्रण : स्वर्गद्वारी प्रिन्टर्स
फोन : ९८४७९९२०९९
ईमेल : sworgadwari.print@gmail.com

# नगर प्रमुखको मन्तब्य



प्रभावकारी, दिगो र गुणस्तरीय सेवा जनताको अपेक्षा हो । संघीय शासन प्रणाली अन्तर्गत सार्वजनिक सेवाहरुको प्रवाहका सम्बन्धमा सरकारका विभिन्न तहहरुको जिम्मेवारी संविधानतः किटान गरिएको छ । संविधानमा खानेपानी तथा सरसफाइ सुविधालाई जनताका आधारभूत अधिकारका रुपमा प्रत्याभूत गरिएको छ । खानेपानी तथा सरसफाइ क्षेत्र सम्बन्धित नीति, ऐन, नियमावली तथा गठन आदेशहरु मन्त्रालयको कानूनी आधारको रुपमा रहेका छन् । स्थानीय स्वायत्त शासन ऐन, २०७४ को प्रावधान अनुसार खानेपानी र सरसफाइ सम्बन्धी कार्य विभाजन केन्द्र र स्थानीय निकायहरुको साझा कार्यको रुपमा रहेका थिए भने, हालको संघीय संविधानले पनि यसलाई केन्द्रदेखि स्थानीय सरकार सम्मको जिम्मेवारीमा पारेको छ ।

नगरपालिका क्षेत्रभित्र खानेपानी तथा सरसफाइ प्रणालीहरुको योजना तर्जुमा, निर्माण, संचालन तथा मर्मत सम्भार लगायतको जिम्मेवारी यस नगर अन्तर्गतक रहेको छ । सबै सरोकारवालाहरुको संयुक्त सहकार्य र मन्त्रालयको अगुवाईमा खानेपानी र सरसफाइमा पछिल्लो दशकमा उल्लेख्य प्रगति हासिल गर्दै नेपालले खानेपानी तथा सरसफाइ क्षेत्रगत सहश्राब्दि बिकास लक्ष्य हासिल गरिसकेको छ । नगरपालिकाले सबै नगरकासीलाई आधारभूत खानेपानी र सरसफाइ सेवा उपलब्ध गराउने राष्ट्रिय लक्ष्य हासिल गर्ने तर्फ अग्रसर रहेको छ । त्यसैगरी संयुक्त राष्ट्र संघले आगामी १५ बर्षका लागि निर्धारण गरेको दिगो बिकासका लक्षहरु (SDGs), खानेपानी मन्त्रालयले तयार गरेको खानेपानी तथा खानेपानी तथा सरसफाइ क्षेत्रको १५ बर्षे बिकास योजना (WASH Sector Development Plan, SDP) समेतलाई आधारमानि प्रस्तुत योजना तयार गरिएको छ ।

देश संघीय संरचनामा अघि बढिसकेको परिप्रेक्ष्यमा तीन तहका सरकारहरुको गठन भई कार्यान्वयनमा आइसकेको छ । हाल खानेपानी र सरसफाइको विषय संघीय, प्रदेश र स्थानीय सरकारको लागि उत्तिकै महत्वपूर्ण एजेण्डाको रुपमा रहेको छ । दिगो विकास लक्ष्य प्राप्तिका लागि एक्यबद्धता जनाउदै नेपाल सरकार, खानेपानी मन्त्रालयले “नेपाल खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्र विकास योजना (२०१६-२०३०)” कार्यान्वयनमा ल्याएको छ । जसअनुसार, स्थानीय तहको योजना निर्माण र बजेट विनियोजनमा समेत खानेपानी र सरसफाइलाई विशेष प्राथमिकतामा राख्नका लागि राष्ट्रिय तहबाट नीतिगत निर्णय भई कार्यान्वयनका लागि निर्देशन समेत भएको छ । फलस्वरुप नगरपालिकातहमा खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तयार गरी उपलब्धीमूलक कार्यान्वयनका लागि सम्वन्धित सरोकारवालाहरुको समन्वय र सहकार्यमा अभ्यास शुरु गर्न लागिएको छ । खानेपानी र सरसफाइ सुबिधा नागरिकको आधारभूत अधिकारको रुपमा स्थापित हुदैछ । समुदाय एवं सार्वजनिक निकायहरुमा सरसफाइ र स्वच्छता प्रवर्द्धन गर्ने कार्य संस्थागत बन्दै गएको छ । सरसफाइको दायरा प्रतिष्ठा, स्वास्थ्य, विकास निर्माण, जीविका, गुणस्तरिय जीवन, सामाजिक सशक्तिकरण र समद्धिको आधारस्तम्भकोरुपमा बिस्तारित हुँदै गएको छ ।

पछिल्ला सर्भेक्षणहरूले सरसफाइमा उल्लेख्य प्रगति हासिल गरिएको छ, खास गरी सरसफाइ सेवामा पहुँच वृद्धि तथा खुला दिसा गर्ने क्रममा न्युनीकरण महत्वपूर्ण छन् । यद्यपि हासिल उपलब्धीको दिगोपना सुनिश्चितता, पूर्ण सरसफाइ अबस्थाको श्रृजना तथा सहरी क्षेत्रहरूमा फोहर पानी तथा लेदो ब्यबस्थापन

जस्ता समस्याहरूको सम्वोधन गर्ने तर्फ निकै प्रयास गर्नु आबश्यक रहेको छ। स्वस्थ आनीबानी ब्यबहारमा ल्याउन समय लाग्छ, तापनि यसतर्फ क्रमशस् सुधार पनि देखिंदै छ। खानेपानी प्रणालीहरूको दिगोपना यस क्षेत्रकै लागि एक प्राथमिकताको सवाल हो । प्रणालीहरूको न्युन दिगोपन र सुचारूपनका पछाडि आंशिक रूपमा प्रणालीहरूको संचालन एबम् मर्मत सम्भार ब्यबस्थापनमा रहेको अपर्याप्तता कारकको रूपमा रहेको देखिन्छ ।

सबै नगरबासीका लागि स्वच्छ खानेपानी र सरसफाईको सुनिश्चितताका लागि प्रस्तुत योजनाले मार्गदर्शनको काम गर्नेछ । यस योजना तयार गर्न, यस प्रतिवेदन कार्यमा नगरपालिकालाई वडा अध्यक्ष ज्युहरुका अलवा विभिन्न क्षेत्रवाट प्राविधिक, परामर्श तथा रायसुझाव प्राप्त भएको छ जसको परिणाम स्वरुप यो कार्यालयले आफ्नो खानेपानी तथा सरसफाईका वर्तमान अवस्था, वास योजना तयार को रणनितिक योजना तयार गर्न सफल भएको छ । यो खानेपानी तथा सरसफाईको वास योजना तयार पार्नका लागि परामर्श तथा प्राविधिक सहयोग गरी यस कार्य सफल पार्न योग्दान गर्ने नगरपालिकाका सम्पर्ण परिवार प्रति हार्दिक आभार प्रकट गर्दछु। यसैगरी यहाँको खानेपानी तथा सरसफाईक अवस्था विश्लेषण र तयारी कार्यमा सहरिकरण गर्ने र आवश्यक परामर्श प्रदान गर्ने,विभिन्न तहका छलफल कार्यमा सहजिकरण तथा तथ्यांक संकलन गर्नुहुने गणक साथीहरु ,प्रदेश सरकार(भौतिक पूर्वाधार विकास मन्त्रालय),सु-आहारा, गेरुवा ग्रामिण जागरण संघ, बेस बर्दिया, सेन्स नेपाल, नेपाल रेडक्रस सोसाईटी,प्लान नेपाल ,सेभ द चिल्ड्रेन, थारु महिला उत्थान संघ,राधाकृष्ण जागरण केन्द्र, दलित संघ, सम्पुर्ण जनप्रतिनिधि ,कर्मचारी लगायत सम्पुर्ण सरोकारवालाहरु प्रति नगरपालिका सदैव आभारी छ। अध्ययनको क्रममा प्रारम्भिक प्रतिवेदन पुनरावलोकन, अपुर्णतथ्याङ्क संकलन तथा विश्लेषण,वार्डस्तरिय छलफल गरि अन्तिम प्रतिवेदन तयारीमा सहयोग गर्नुहुने र खानेपानी,स्वच्छता तथा सरसफाई योजना (WASH Plan)का रणनितिक योजना सम्बन्धी तयारी कार्यमा सहभागी भई रचनात्मक सुझाव र सहयोग दिनु हुने सम्पुर्ण महानुभावहरुलाई धन्यवाद सहित हार्दिक आभार प्रकट गर्दछु। धन्यवाद ।

९८६६५३४५५०

gnshrestha119@gmail.com

घननारायण श्रेष्ठ

नगर प्रमुख

# नगर उपप्रमुखको कलमबाट



ठाकुरबाबा नगरपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छताको क्षेत्रमा हालको अवस्था पत्ता लगाइ गाँउपालिकामा सरल र उच्चतम सूचना प्रविधि "m-Water Surveyor" को सहायताले सबै घरधुरीहरु, सार्वजनिक स्थल, संस्थाहरु र विद्यालयहरुको भौगोलिक अवस्थिति (GPS) सहितको तथ्याङ्क संकलनको प्रतिफल स्वरुप विश्वसनीय अनि निर्णयकर्ताहरुको लागि अत्यन्त उपयोगी यो ठाकुरबाबा नगरपालिकाको खानेपानी सरसफाई र स्वच्छता योजना (वास प्लान) तयार गर्न नगरपालिका सफल भएको छ । वडा गतरुपमा घरधुरी तथा टोलहरुमा खानेपानी, सरसफाई र स्वच्छताको हिसाबले कुन अवस्थामा छन् भन्ने कुरा कार्यकक्ष मै बसेर Google Earth बाट हेर्न सकिने, छपाई गरिएका नक्साहरुमा स्पष्टरुपमा देखिने र तदनुसारको निर्णय र कार्यान्वयन गर्न सकिने कुरा यो नगरपालिका वास योजनाको प्रमुख विशेषता रहेको छ र यसले हामी निर्णयकर्ता हरुलाई पारदर्शी र वस्तुपरक ढंगले निर्णय लिन निकै सजिलो बनाएको छ ।

संकलन गरिको तथ्याङ्क र त्यसबाट तयार गरिएका नक्साहरु अन्य विकास निर्माणको गतिविधिहरुको निर्णय तथा कार्यान्वयन गर्न उपयोगी हुने देखिएका छन । ठाकुरबाबा नगरपालिकाको नगरपालिका वास योजना तयार गर्नका लागि सहजीकरण गर्ने प्रदेश सरकार, GSF/UN HABITAT को सहजीकरण प्रति हामी धेरै अभारी छौ र धन्यवाद ज्ञापन गर्न चाहन्छौ । यो वास योजना तयार गर्न ठूलो योगदान दिने तथ्याङ्क संकलकहरु, सहकर्मी जनप्रतिनिधिमित्रहरु, वडातह तथा नगरपालिका तहका वास योजना कार्यदलका सदस्यहरु, लगायत नगर कार्यपालिकाको कर्मचारी मित्रहरु लगायत प्रत्यक्ष अप्रत्यक्ष सहयोग पुर्याउनु हुने सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

धन्यवाद ।


९८५८०२५०२८

कृष्णा कुश्मा थारु
उप-प्रमुख

**प्रमुख सल्लाहकार**
**घननारायण श्रेष्ठ**
**नगर प्रमुख**

**सल्लाहकार**
**कृष्णा कुश्मा थारु**
**उप-प्रमुख**

**सम्पादन मण्डल**
**रामहरि रिजाल-संयोजक**
**राधा चौधरी-सदस्य**
**ईन्द्र ब. राजवंशी-सदस्य**
**विना भट्टराई-सदस्य**
**यज्ञ नेपाल-सदस्य**
**नवराज ढुङ्गाना-सदस्य**
**दिनेश विष्ट-सदस्य**

**सहयोगी**
**रामेश्वर खनाल**
**ज्ञान बहादुर थारु**
**चन्द्रमणी पौडेल**
**चक्रपाणी आचार्य**
**पुष्कर न्यौपाने**
**सर्वराज भारती**
**भगवती अधिकारी**
**तेजेन्द्र बस्नेत**
**राजन श्रेष्ठ**
**बिष्णु ज्ञवाली**

# सम्पादकीय

दिगो विकास लक्ष्य प्राप्तिका लागि एक्यबद्धता जनाउदै नेपाल सरकार, खानेपानी मन्त्रालयले "**नेपाल खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्र विकास योजना** (२०१६- २०३०)" कार्यान्वयनमा ल्याएको छ । जसअनुसार, स्थानीय तहको योजना निर्माण र बजेट विनियोजनमा समेत खानेपानी र सरसफाइलाई विशेष प्राथमिकतामा राख्नका लागि राष्ट्रिय तहबाट नीतिगत निर्णय भई कार्यान्वयनका लागि निर्देशन समेत भएको छ । फलस्वरुप नगरपालिकातहमा खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तयार गरी उपलब्धीमूलक कार्यान्वयनका लागि सम्वन्धित सरोकारवालाहरुको समन्वय र सहकार्यमा अभ्यास शुरु गर्न लागिएको छ । खानेपानी र सरसफाइ सुबिधा नागरिकको आधारभूत अधिकारको रुपमा स्थापित हुदैछ। समुदाय एवं सार्वजनिक निकायहरुमा सरसफाइ र स्वच्छता प्रवर्द्धन गर्ने कार्य संस्थागत बन्दै गएको छ। सरसफाइको दायरा प्रतिष्ठा, स्वास्थ्य, विकास निर्माण, जीविका, गुणस्तरिय जीवन, सामाजिक सशक्तिकरण र समद्धिको आधारस्तम्भकोरुपमा बिस्तारित हुँदै गएको छ। पछिल्ला सर्भेक्षणहरूले सरसफाइमा उल्लेख्य प्रगति हासिल गरिएको छ, खास गरी सरसफाइ सेवामा पहुँच वृद्धि तथा खुला दिसा गर्ने क्रममा न्युनीकरण महत्वपूर्ण छन्। यद्यपि हासिल उपलब्धीको दिगोपना सुनिश्चितता, पूर्ण सरसफाइ अबस्थाको श्रृजना तथा सहरी क्षेत्रहरूमा फोहर पानी तथा लेदो ब्यबस्थापन जस्ता समस्याहरूको सम्वोधन गर्ने तर्फ निकै प्रयास गर्नु आबश्यक रहेको छ। स्वस्थ आनीबानी व्यवहारमा ल्याउन समय लाग्छ, तापनि यसतर्फ क्रमश सुधार पनि देखिंदै छ। खानेपानी प्रणालीहरूको दिगोपना यस क्षेत्रकै लागि एक प्राथमिकताको सवाल हो । प्रणालीहरूको न्युन दिगोपन र सुचारूपनका पछाडि आंशिक रूपमा प्रणालीहरूको संचालन एबम् मर्मत सम्भार ब्यबस्थापनमा रहेको अपर्याप्तता कारकको रूपमा रहेको देखिन्छ । सबै वडाबासीका लागि स्वच्छ खानेपानी र सरसफाईको सुनिश्चितताका लागि प्रस्तुत योजनाले कोसेढुङ्गाको रुपमा काम गर्ने अपेक्षा गरिएको छ ।

ठाकुरबाबा नगरपालिकाले तयार पारेको गुरु योजना, दीगो बिकासका लक्ष्यहरु, संघीय सरकार प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन यस नगरपालिकामा विभिन्न सरोकारबालाबाट सुझाब र राय समेतका आधारमा प्रस्तुत योजना तयार पारिएको छ। भाषिक तथा योजनागत कुनै कमि कमजोरि भए महत्वपुर्ण सुझाबहरुलाई समावेश गर्दै जाने प्रतिवद्धता सहित सहयोग गर्नुहुने सहयोगी निकाय, महत्वपुर्ण मार्गदर्शन गर्नुहुने नगरप्रमुख, उपप्रमुख, कार्यपालिका तथा नगर सभाका सम्पुर्ण सदस्य ज्यूहरु, शाखा प्रमुख लगायत सबै राष्ट्रसेवक कर्मचारी, शिक्षक लगायत सम्बद्ध सबै पक्षमा हार्दिक आभार सहित धन्यवाद ज्ञापन गर्दछौं ।

## बिषयसूची

### अध्याय १

### परिचय


| | | |
|---|---|---|
| १.१ | पृष्ठ भूमी नगर परिचय र वास निर्माण प्रक्रिया | १ |
| १.२ | नगरपालिका परिचय | २ |
| १.३ | सामाजिक अवस्था, संघसंस्था, संस्कृति, सामाजिक मुल्य र मान्यता | ४ |
| १.३.१ | मानविय अवस्था | ४ |
| १.३.२ | आर्थिक कृयाकलापहरुको अवस्था ( वित्तीय तथा बजार पहुँच, रोजगारी) | ५ |
| १.३.३ | प्राकृतिक स्रोतको अवस्था (वन, जलस्रोत, खानी,कृषि) | ६ |
| १.४ | उद्देश्य | ९ |
| १.५ | कार्य प्रकिया: वास योजना तयारी बिधि र प्रक्रिया | ९ |


### अध्याय २

### खानेपानी सरसफाई तथा स्वच्छता स्थिति


| | | |
|---|---|---|
| २.१ | ठाकुरबाबा नगरपालिकाको खानेपानी अवस्था | ११ |
| २.१.१ | खानेपानीका प्राथमिक स्रोतहरु | ११ |
| २.१.२ | नगरपालिकामा खानेपानीको स्तर, संयुक्त अनुगमन कार्यक्रम | १२ |
| २.१.३ | मौजुदा खानेपानी प्रणालीहरु | १४ |
| २.१.४ | निर्माणाधीन खानेपानी प्रणालीहरु | १४ |
| २.१.५ | खानेपानीको प्रयाप्तताको अवस्था | १६ |
| २.१.६ | पानीको शुद्धिकरणको अवस्था | १६ |
| २.१.७ | पानीको धमिलोपना | १७ |
| २.१.८ | पानीको गुणस्तर | १८ |
| २.१.८.१ | पानीको रसायनीक गुणस्तर | १८ |
| २.१.८.२ | पानीको जैविक गुणस्तर | १९ |
| २.१.९ | खानेपानीका प्राथमीक स्रोतहरु | १९ |
| २.१.१० | पानी भरेर ल्यउने समय | २१ |
| २.१.११ | खानेपानीको समग्र अवस्था | २१ |
| २.१.१२ | शैक्षिक संस्थाहरुमा खानेपानी सुबिधा | २२ |
| २.१.१३ | स्वास्थ्य संस्थाहरुमा खानेपानी सुबिध | २२ |
| २.१.१४ | संस्थागत कार्यालयहरुमा खानेपानी सुबिधा | २३ |
| २.२ | सरसफाई तथा स्वच्छताको अवस्था | २३ |
| २.२.१ | घरायसी सरसफाई तथा स्वच्छताको अवस्था | २३ |
| २.२.२ | सरसफाईको अवस्था | २६ |
| २.२.२.१ | ठोस फोहोर व्यवस्थापन | २६ |
| २.२.३ | सार्वजनिक शौचालय | २८ |

२.२.४ सामुदायीक तथा शैक्षिक संस्थाहरुको सरसफाई तथा स्वच्छताको अवस्था २९
२.२.५ स्वास्थ्य संस्थाहरुमा सरसफाई तथा स्वच्छताको अवस्था २९
२.२.६ महामारीको प्रकोप २९
२.३ खानेपानीको गुणस्तर २९
२.४ जलवायुपरसवर्तन असर तथा स्थानीय अनुकुलनका प्रयासहरु २९
२.५ योजना कार्यान्वयनमा जनताको चासो र योगदानका लागि तत्परता ३०
२.६ पुर्ण सरसफाई उन्मुख अवस्था तर्फको समग्र अवस्था ३१

## अध्याय ३

## कार्ययोजना तथा कार्यक्रमहरुको प्राथमिकीकरण

३.१ खानेपानी योनाहरुको पहिचान र योजना ३४
३.१.१ नया खानेपानी योजनाहरु ३४
३.१.२ निर्माणाधिन खानेपानी योजनाहरुको मर्मत सम्भार तथा सुचारुपन र दिगोपन ३५
३.१.३ खानेपानी सुरक्षा योजना गुणस्तर पहिचान र शुनिश्चितता ३६
३.२ सरसफाई योजनाहरुको पहिचान तथा योजना ३६
३.२.१ घरायसी शौचालय निर्माण तथा स्तरोन्ती ३६
३.२.२ संस्थागत शौचालय ( विद्यालय,स्वास्थ्य संस्था, सार्वजनिक शौचालय) निर्माण तथा स्तरोन्ती ३७
३.२.३ व्यवस्थित ठोस फोहोर व्यवस्थापन कार्यक्रमहरु ३७
३.२.४ व्यवस्थित ढल व्यवस्थापन योजना ३८
३.२.५ महिनावारी स्वच्छता व्यवस्थापन योजना ३९
३.२.६ साबुन पानीले हात धुने कार्ययोजना ३९
३.३ बिपद जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन योजना ३९
३.३.१ विपद जोखिम व्यवस्थापन ३९
३.३.२ जलबायु परिवर्तन अनुकुलन ४०
३.४ बैकल्पिक प्रबिधि ४०
३.५ पालिका स्तर तथा समुदाय स्तर क्षमता विकास योजना ४१
३.५.१ नगरपालिका स्तर क्षमता अभिवृद्धि योजना ४१
३.५.२ समुदाय स्तर क्षमता अभिवृद्धि योजना ४१
३.६ समपुरक विषय सवाल (Cross Cutting Issue) ४२
३.६.१ लैङ्गिक तथा समावेशीकरण मुल प्रबाहिकरण समावेशीकरण ४२
३.६.२ प्रयोग कर्ता मैत्री संरचना निर्माण योजना ४२

## अध्यया ४

## संस्थागत संरचना र अभिवृद्धि

४.१ ठाकुरबाबा नगरपालिकाको वास योजना ४४
४.२ नगरपालिकामा वास क्षेत्रमा कार्यरत अन्य संघ संस्था र कार्यक्रमहरु ४५
४.३ नगरपालिकामा वास संयुक्त कोष ४६

४.४ संस्थागत संरचना तथा क्षमता विकास आवश्यकता ४६
४.४.१ संस्थगत संरचना ४६
४.४.२ संस्थागत वास समिति, उप-समिति,नगर स्तरीय र वडा स्तरीयको समिति गठन र पुनर्गठन ४७

**अध्याय ५**

**खानेपानी सरसफाई तथा स्वच्छता लक्ष्य र रणनीति**

५.१ खानेपानी सरसफाई तथा स्वच्छता योजनाको सोच, परिलक्ष्य तथा लक्ष्य ४८
५.२ खानेपानी सरसफाई र स्वच्छताका लक्ष्य ४८
५.२.१ खानेपानी (निर्माण, मर्मत, स्तरोन्ती र गुणस्तर) ४८
५.२.२ पुर्ण सरसफाई युक्त समुदाय ४९
५.२.३ विद्यालय पुर्ण सरसफाई ४९
५.२.४ कार्यालय र स्वास्थ्य संस्थाहरुमा खानेपनी र सरसफाई ५०
५.२.५ ठोस तथा तरल फोहोर व्यवस्थापन र महिनावारी स्वच्छता प्रवर्दन ५०
५.३ राष्ट्रिय लक्ष्य, अवधि र रणनीति (क्षेत्रगत सुधार योजना) संगको तादम्यता ५१
५.४ खानेपानी योजनाहरुको सेवास्तर र सुबिधामा पहुँच ५२
५.५ सरसफाई तथा स्वच्छता लक्ष्य ५२
५.६ खानेपानी सरसफाई धततथा स्वच्छता कार्यान्वयन रणनीति ५३

**अध्याय ६**

**अनुगमन मुल्याङ्कन र वास योजना पुनरावलोकन**

६.२ योजना कार्यान्वयन अवधारणा ५६
६.२ अनुगमन योजना ५६
६.३ योजना परिमार्जन ५७
६.४ योजना स्वीकृति र अवधि ५७

**अध्याय ७**

**अनुसूची**

७.१ ठाकुरबाबा नगरपालिकाको जनसंख्या विवरण ५८
७.२ प्रस्तावित नयाँ खानेपानी योजनाहरु ५८
७.३ स्वास्थ संस्थाहरुको खानेपानी र सरसफाईको अवस्था ५९
७.४ विद्यालयहरुको खानेपनी र सरसफाईको अवस्था ५९
७.५ नगरपालिकाको खानेपानी सेवा विस्तार योजना ६१
७.६ खानेपानी योजनाहरुको दिगोपन ६१
७.७ प्रस्तावित सार्वजनिक शौचालय ६२
७.८ तथ्याङ्क संकलकहरुको नाम ६२
७.९ वास एकिकृत कार्ययोजना ६३
७.१० नगर तथा वडा स्तरीय वास समिति बैठकका तस्विर तथा माईन्युटहरु ६४

# अध्याय १

# परिचय

## १.१ पृष्ठभूमि नगरपरिचय र वास निर्माण प्रक्रिया

विगत लामो समयदेखि खानेपानी र सरसफाइको प्रवर्द्धनका लागि राज्य तहबाट प्रयास हुदै आइरहेता पनि सन्तोषजनक उपलब्धि भने हासिल हुन सकिरहेको थिएन । राज्यको ठोस नीति सहितको कार्यक्रम, सम्बन्धीत सरोकारवालाहरुसँगको समन्वय र सहकार्यका साथै स्थानीय समुदायको सहभागीतालाई सुनिश्चित गरी अपनत्व पैदा गर्न नसक्दा सरसफाइ मन्दगतिमा मात्र अघि बढिरहयो । सरसफाइ प्रवर्द्धनमा छरिएर रहेको संस्थागत क्षमता, स्रोतसाधन र कार्य अनुभवलाई संगठित गरी संयुक्त कार्ययोजना सहित अघि बढ्नुपर्ने अभिप्रायले जन्मिएको सरसफाइ गुरु योजना २०६८ र यसको सफल कार्यान्वयनले नेपालको सरसफाइ प्रवर्द्धनको गति एक सामाजिक अभियानको रुपमा अघि बढ्न सकेको छ । सरसफाइमा हासिल भएको उपलब्धिलाई संस्थागत गर्दै गुणस्तरीय खानेपानीको आपूर्ति, नियमित संचालन, मर्मतसंभार र दीगोपनामा ध्यान पुऱ्याउन सकिएन भने पूर्ण सरसफाइको राष्ट्रिय लक्ष्य पूरा गर्न चुनौतीपूर्ण देखिन्छ। समुदायमा कार्यरत निकायहरु बीच समन्वयको अभाव, आ-आफ्नै ढंगले आयोजनाको छनौट, काममा दोहोरोपन, संस्थागत क्षमतामा कमी, अपारदर्शिताका साथै समावेशिपूर्ण जनसहभागीताको अभावमा अपेक्षा गरे अनुरुपको उपलब्धि हासिल हुन सकिरहेको छैन । देश संघीय संरचनामा अघि बढिसकेको परिप्रेक्ष्यमा तीन तहका सरकारहरुको गठन भई कार्यान्वयनमा आइसकेको छ । हाल खानेपानी र सरसफाइको विषय संघीय, प्रदेश र स्थानीय सरकारको लागि उत्तिकै महत्वपूर्ण एजेण्डाको रुपमा रहेको छ। दिगो विकास लक्ष्य प्राप्तिका लागि ऐक्यबद्धता जनाउदै नेपाल सरकार, खानेपानी मन्त्रालयले “नेपाल खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्र विकास योजना (२०१६-२०३०)” कार्यान्वयनमा ल्याएको छ । जसअनुसार, स्थानीय तहको योजना निर्माण र बजेट विनियोजनमा समेत खानेपानी र सरसफाइलाई विशेष प्राथमिकतामा राख्नका लागि राष्ट्रिय तहबाट नीतिगत निर्णय भई कार्यान्वयनका लागि निर्देशन समेत भएको छ । फलस्वरुप :- नगरपालिका तहमा खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तयार गरी उपलब्धिमूलक कार्यान्वयनका लागि सम्बन्धीत सरोकारवालाहरुको समन्वय र सहकार्यमा अभ्यास शुरु गर्न लागिएको छ। खानेपानी र सरसफाइ सुबिधा नागरिकको आधारभूत अधिकारको रुपमा स्थापित हुदैछ। समुदाय एवं सार्वजनिक निकायहरुमा सरसफाइ र स्वच्छता प्रवर्द्धन गर्ने कार्य संस्थागत बन्दै गएको छ। सरसफाइको दायरा प्रतिष्ठा, स्वास्थ्य, विकास निर्माण, जीविका, गुणस्तरिय जीवन, सामाजिक सशक्तिकरण र समृद्धीको आधारस्तम्भको रुपमा बिस्तारित हुँदै गएको छ। विगतका अनुभव, जिल्ला र नगरपालिका तहका सरोकारवालाहरुको पृष्ठपोषण, राष्ट्रिय नीति तथा कार्यक्रमहरु, सम्बन्धीत क्षेत्रका विज्ञहरुका सल्लाह एवं सुझावहरुलाई मध्यनजर गरी नगरपालिका स्तरीय खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समितिका साथै कार्यदलको प्रत्यक्ष सहजीकरण र समन्वयमा नगरपालिका भित्रको खानेपानी सरसफाई र स्वच्छताको अवस्था पत्ता लगाई सन २०२८ सम्म सुरक्षित खानेपानी र सुरक्षित सरसफाई तथा स्वच्छताको लक्ष्य हासिल गर्ने उद्देश्यले नगरपालिकाले खानेपानी सरसफाई र स्वच्छता योजना

निर्माण गर्ने निर्णय गरेको हो । नगरपालिकाको वास योजना बनाउनुको मुख्य उद्देश्य हालको खानेपानी सरसफाई र स्वच्छताको अवस्था पत्ता लगाउने, सर्वेक्षणबाट प्राप्त तथ्याङ्कको विश्लेषणगरी नगरपालिकाको खानेपानी,सरसफाई तथा स्वच्छताको नीति तथा प्राथमिकताहरु तय गर्ने, प्रभावकारी कार्यान्वयनको लागि आवश्यकता श्रोत साधानको एकिन गर्ने र कार्यन्वयन, अनुगमन तथा मूल्यांकनको विधिहरु सहित दस्तावेज तयार तथा तथ्याङ्कहरु संकलनगरी नगरपालिकाको निर्णय प्रक्रियालाई सहज गराउनु हो ।

## १.७ नगरपालिका परिचय :

प्रदेश नम्वर ५ अन्तर्गत वर्दिया जिल्लाको साविकका बगनाहा र नेउलापुर गा.बि.स समेटेर मिति २०७२/०६/०२ मा बबई नगरपालिका स्थापना भएको र पछि शिवपुर र ठाकुरद्वारा गाउँ विकास समितिलाई समेत समाबेस गरी ठाकुरबाबा नगरपालिकाको स्थापना २०७३ फाल्गुण २७ मा भएको हो । संघीय प्रणाली अनुसार यो नगरपालिका बर्दिया निर्वाचन क्षेत्र न २ र प्रदेश सभा निर्वाचन क्षेत्रको आधारमा २(क) मा पर्दछ । यस नगरपालिका भौगोलिक सिमाना, भौतिक पुर्वाधार तथा सामाजिक मुल्य मन्यताको आधारमा ९ ओटा वडामा विभाजन गरिएको छ । भौगोलिक हिसावले यस ठाकुरवावा नगरपालिका पूर्वमा बर्दिया राष्ट्रिय निकुन्ज, पश्चिममा बर्दिया राष्ट्रिय निकुन्ज, उत्तरमा बर्दिया राष्ट्रिय निकुन्ज र दक्षिणमा मधुवन नगरपालिका पर्दछ । २०७६ को बास योजनाको घरधुरी सर्वेक्षणको आधारमा यस नगरपालिकाको १०,४५४ घरधुरी र कुल जनसङ्ख्या रहेको ५७,२०४ जस मध्ये पुरुष २८,८६० महिला २८,३४४ जना रहेको छ । यो नगरपालिकाको अक्षांश २८ डिग्री २३ मिनेटदेखि २८ डिग्री २३ मिनेट उत्तरी अक्षांशसम्म, ८१ डिग्री ११ मिनेटदेखि ८१ डिग्री १९ मिनेट पूर्वी देशाान्तरसम्म फैलिएको यस नगरपालिकाको कुल क्षेत्रफल १०४.५७ वर्ग किलोमिटर रहेको छ । यहाँको जनघनत्व ५३४ रहेको छ । सरदर सामुन्द्रिक सतहबाट १७५ मिटरको उचाईमा रहेको यहाँको बार्षिक औषत तापक्रम न्युनतम ८ डिग्री सेल्सीयसदेखि अधिकतम ४३ डिग्री सेल्सीयस र औषत वार्षिक बर्षा ११२० मि.लि.हुने गरेको छ ।

यातायातको पहुँचमा क्रमशः विकास भएको यस क्षेत्र जिल्ला सदरमुकाम गुलरियाबाट २२ किलोमिटर दुरीमा उत्तर पश्चिममा अवस्थित छ । प्राय हरेक टोल बस्तिहरु सडक यातायातबाट जोडिएका छन भने नगरपालिकाले बस्तिहरुलाई वडासँग र वडाकेन्द्रलाई नगरपालिका र राष्ट्रिय राजमार्ग तथा हुलाकी मार्गसँग सहज पहुँच बिस्तार गर्ने गरी वडा गौरवको आयोजनाको रुपमा सकडलाई प्राथमिकताका साथ अगाडी बढाएको छ । केहि प्रसाशनिक कामका लागी सदरमुकाम जाने भएता पनि दैनिक उपभोग्य बस्तु किनमेलको लागि यहाँका बासिन्दाहरु यसै नगरपालिका अन्तर्गत पर्ने भुरीगाँउ बजार, बगनाहा बजार, बकुवा बजार, ठाकुरद्वारा बजार, शाहीपुर बजारबाट गर्ने गरको पाइन्छ । नगरपालिकाबाट मुख्य राजमार्ग भएर जुनसुकै वेला अन्य जिल्ला तथा भुरीगाँउ ढोढरी मार्गले गुलरीया सदरमुकामलाई जोडेको छ जसले गर्दा मानिसहरुलाई आवतजावत गर्न सजिलो भएको छ ।




ठाकुरबाबा नगरपालिका वडा विभाजन नक्सा

## १.३ सामाजिक अवस्था-संघसंस्था, संस्कृति, सामाजिक मुल्य र मान्यता)

ठाकुरबाबा नगरपालिकामा थारु जातीको वाहुल्यता हुनुका साथै ब्राह्मण, क्षेत्री, मगर, दसनामी, दलित र मुस्लिम समुदायको मिश्रीत वसोवास रहेको छ। विविध जातीगत तथा सामाजिक संस्कारका कारण धेरै प्रकारका चाडै पर्वहरु, परम्परागत सिपहरु, साँस्कृतिक तथा सामाजिक प्रचलनहरुको आदान प्रदान गर्ने अवसरहरु सिर्जना भएका छन। थारु भाषा र नेपाली भाषाको मिश्रीत संगम भएकोले यहाँका नागरिकले दुवै भाषा तथा साहित्यमा दखल राख्न सक्दछन्। यस नगरपालिकाले दुवै सँस्कृतिको समिश्रण गरेर नयाँ सँस्कृतिको आविष्कार गरी पर्यटन तथा मानवशास्त्रीय अनुसन्धानलाई प्रोत्साहन गर्न सक्दछ। मिश्रित जनसङ्ख्याको कारण एक अर्काको मान सम्मान र पहिचानलाई स्विकार गरी समावेशी समाजको निर्माण गर्ने सम्भावनाहरु प्रशस्त रहेको छ। नगरभित्रका सबै जातीहरुमा रहेका अन्धविश्वास, कुरिती, रुढीवादी परम्पराहरुको अन्त्य गर्न एक अर्काका सँस्कृतिहरुले सहजीकरण गर्ने अवसरहरु सिर्जना गर्दछन्। मिश्रीत साँस्कृतिक समूहहरुको निर्माण गरी प्रवर्धन गरेर नयाँ रोजगारीका अवसरहरु सिर्जना गर्न सकिने सम्भावना रहेको छ।

सामाजिक कुरुती तथा कुप्रथाहरु छाउपडी, परिवार लैगिक विभेद, हिंसा, असुरक्षा, आत्मसम्मानको अपमान छुवाछुत परिवार अपमान, विभेद, बहिष्करण वालविवाह, परनिर्भरता, गरिवी, पछौटेपन दाइजो नगरपालिका सबै वार्डमा व्याप्त समाजिक द्वन्द्व, लैगिक हिंसा, पारिवारीक विखण्डन लैगिंक विभेद, असमान ज्याला, असमान सहभागिता, वोक्सीको आरोपमा बहिष्करणमा रहेका छन। यस नगरपालिकाको विकासको गतिलाई अवरोध गर्ने मुख्य वाधकका रुपमा तथा संरचनात्मक हिंसा सामाजिक कुरीतिहरु एवम् नकारात्मक प्रभाव पार्ने परम्परागत मुल्य र मान्यताहरु रहेका छन। यस्ता नकारात्मक सामाजिक मुल्य र मान्यताहरुलाई विस्थापित गरी वैज्ञानिक दृष्टिकोण र सकारात्मक सोँचको विकास गर्न नीति तथा कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गर्ने सम्भावनाहरु रहेको छ।

यस नगरपालिकामा थारु समुदाय विकास मञ्च थारुजातिमा चेतना र सिप विकास खोपानी उपभोक्ता समिति शुद्ध खानेपानी वितण र सरसफाई, श्रीराम नगर उपभोक्ता समिति वन व्यवस्थापन, संरक्षण र वन पैदावारको र वितरणमा सहयोग, नमुना सामूदायीक संस्था सिम्राहफांट सामूदायीक विकास अल्कापुरी सामूदायीक संस्था सामूदायीक विकास, सुनौलो विहानी सामूदायीक सस्था सामूदायीक विकास श्रृष्टी सामुदायिक सस्था सामूदायीक विकास, जुनकीरी सामूदायीक सस्था सामूदायीक विकास, भुरिगाउँ मध्यबर्ती क्षेत्र सामूायिक वन उपभोक्ता समूह वन व्यवस्थापन, संरक्षण र वन पैदावारको र वितरणमा सहयोग, सिंहबाहिनि मध्यबर्ती क्षेत्र सामूदायिक वन उपभोक्ता समूह वन व्यवस्थापन, संरक्षण र वन पैदावारको र वितरणमा सहयोग गर्ने संघसंस्थाहरु रहेका छन।

### १.३.१ मानवीय अवस्था

क) यस नगरपालिकामा रहेको करिव १०,४५४ घरधुररी मा कुल जनसङ्ख्या ५७,२०४ रहेकोमा पुरुषको तुलनामा महिलाको सङ्ख्या अलि कम देखिएको छ। यस नगरपालिकामा वि.सं. २०६८ सालको तुलनामा हाल वि.सं. २०७६ सालमा घरधुरी वार्षिक रुपमा ३.३४ प्रतिशतका दरले र जनसङ्ख्या ३.५७ प्रतिशतका दरले वृद्धि भएको छ। घर परिवारमा हुने अंशवण्डा, जन्म, तथा वाहिरवाट वसाई सराई आउने कारणले यहाँको जनसङ्ख्यामा वृद्धि भएको छ। यस नगरपालिकाको जनसङ्ख्या वृद्धिदर राष्ट्रिय

जनसङ्ख्या वृद्धिदर १.३५ प्रतिशत भन्दा धेरै छ। यहाँको औषत घरधुरी ५.२३ जना रहेको छ जुन राष्ट्रिय औसत ४.८८ जना भन्दा ज्यादा हो (तथ्याङ्क विभाग २०६८)। यहि दरमा जनसङ्ख्या वृद्धि हुने हो भने अहिलेको जनसङ्ख्या अवको २० वर्षमा दुईगुणा पुग्नेछ।

ख) उमेर समूह अनुसारको जनसङ्ख्या वितरण : यस नगरपालिकाको सकारात्मक रुपान्तरणको आधार भनेको नै जनशक्ति हो। यहाँको जनसङ्ख्याको वनावट हेर्दा सकृय उमेर समूह (१५देखि ५९बर्ष सम्म) को जनसङ्ख्या अत्याधिक (५५ प्रतिशत) रहेको छ। यो जनसाङ्ख्यिक लाभांशको सही व्यवस्थापन र सहभागिताले नै नगरपालिकाको रुपान्तरणको दिशालाई निर्देश गर्दछ। ६ वर्षदेखी १४ वर्षसम्म उमेर समूहको जनसङ्ख्या पनि निकै सन्तुलनमा राख्नुको साथै वृद्धि हुन जाने देखिन्छ। हालको सकृय जनसङ्ख्यालाई उत्पादनमुलक क्षेत्रमा सहभागी गराउने र नगरपालिकामा उत्पादन र व्यवसायिक सँस्कारको विकास गरेर उत्पादकत्वलाई वहुआयमिक वनाएर निरन्तररुपमा उत्पादकत्व वृद्धि गरेर दीगो विकासको आधार तयार गर्न सकिन्छ। यसको लागि प्रयाप्त मात्रमा सिप तथा दक्षता विकासका कार्यक्रमहरु सञ्चालन गरेर जनशक्तिको दक्षता अभिवृद्धि गर्ने अवसरहरु रहेका छन्।

यहाँका मानिसको मुख्य पेशा कृषि नै हो। तर ब्यवसाहिक कृषि धेरैले नगरेको र सबै जसो निर्वाहमुखी कृषि गरेको पाइन्छ। कृषिका अलावा नोकरी, मजदुरी र ब्यापार यहाँको मुख्य पेशाका रुपमा देखिन्छ। विभिन्न प्रकृतिका शैक्षिक संस्थाहरु यस नगरपालिका भित्र रहेता पनि यहाँका विद्यार्थीहरु नगरपालिका वाहिरका अन्य शैक्षिक संस्थाहरुमा समेत जाने गरेको देखिन्छ।

### १.३.७ आर्थिक क्रियाकलापहरुको अवस्था (वित्तिय तथा बजार पहुँच, रोजगारी)

यस नगरपालिकाको घरधुरीको १५ प्रतिशत घरधुरीहरु परम्परागत पेशा तथा व्यवसायद्धारा जिविकोपार्जन गरिरहेका छन्। परमपरागत पेशा तथा व्यवसायमा संलग्न जनशक्तिहरुको सिप तथा दक्षतामा अभिवृद्धि गरि पेशालाई आधुनिकिकरण गरेर व्यवसायीक बनाउन सकेमा थप आयआर्जन तथा रोजगारीका अवसरहरु सिर्जना हुन्छन् भने अन्धविश्वास र कुरीतिमा आधारित पेशा तथा व्यवसायहरु विस्थापित हुन्छन। स्थानीय स्तरमा नै सिप विकास केन्द्रहरुको स्थापना गरी परमपरागत सिप तथा व्यवसायको व्यवसायीकरण गरेर स्थानीय श्रोत तथा साधनको सदुपयोगमा वृद्धि गर्न सकिन्छ भने व्यवस्थित बजारीकरणका माध्यामले थप रोजगारी एवम् आय आर्जन गर्न सकिन्छ। नगरपालिका भित्र बाणिज्य बैंकहरुका शाखा तथा स्थानीय नागरिकहरुको सहभागितामा गठित सहकारी एवम् वित्तिय सँस्थाहरु संचालनमा रहेका छन्। यी वित्तिय सँस्थाहरुको संचालनले उद्यमशीलता विकासको लागि आर्थिक प्रवन्धको व्यवस्थापन गर्ने अवसरहरु सिर्जना गरेका छन्। सहकारी एवम् बचत तथा ऋृण समूहहरुको विस्तार गरेर सबै नागरिकको पहुँच स्थापित गरी बचत तथा पूँजी निर्माण गर्न सकिने प्रचुर सम्भावनारहेको छ। बचत तथा लगानीको लागि सवै नागरिकको क्षमता अभिवृद्धि गरी स्थानीय स्तरमा बचतका माध्यमले पूँजी निर्माण गरी उद्यमशीलताको विकास गर्ने अवसरहरु रहेका छन्। यहाँका सहकारीहरुलाई प्रतिस्पर्धी वित्तिय सँस्थाको रुपमा विकास गर्न नयाँ पुस्तालाई बाणिज्य तथा व्यवस्थापन विषयमा उच्च शिक्षा सञ्चालन गर्ने अवसरहरु पनि रहेका छन। यहाँका मानिसको मुख्य पेशा कृषि नै हो। तर व्यवसायीक कृषि धेरैले नगरेको र सबै जसोले निर्वाहमुखी कृषि गरेको पाइन्छ। कृषिका साथसाथै नोकरी, मजदुरी र ब्यापार यहाँको मुख्य पेशाका रुपमा देखिन्छ। विभिन्न प्रकृतिका

शैक्षिक संस्थाहरु यस नगरपालिका भित्र रहेता पनि यहाँका विद्यार्थीहरु नगरपालिका वाहिरका अन्य शैक्षिक संस्थाहरुमा समेत जाने गरेको देखिन्छ । फलामका सामग्री बनाउने घरधुरी ४६ जना क्रमशः लुगा सिलाउने १५३ जना पशुपालन ११२५ गहना बनाउने १० धामी झाक्री २३ गुरुवाई (थारु) १२ माछा मार्ने जाल बुन्ने ११ डोको डालो बुन्ने १२३ डकर्मी १०० सिकर्मी ४० मादल बनाउने ५ मुर्ति बनाउने १ माटोको भाडा कुडा बनाउने ३ जम्मा १,६५२ घरधुरी रहेका छन । यस नगरपालिकामा भएका उद्योगहरुको अवस्थालाई हेर्दा साना उद्योग ३४ वटा रहेका छन जसले ११० जना लाई रोजगारी दिएको छ । जसमा पाउरोटी, ग्रील, अगरवत्ति, सावुन, फर्निचर, तेल, राईसमिल रहेका छन भने मझौला उद्योग ५ वटा रहेका छ जसले ९६ जना जनालाई रोगगारी दिएको जसमा ह्यूम पाईप, खाद्य पदार्थ, ईट्टा उद्योग, पोल्ट्री फर्म, कृर्षि फर्म रहेका छन ।

### १.३.३ प्राकृतिक श्रोतको अवस्था (वन, जलस्रोत, खानी ,कृषि)

**क) सामुदायिक वन सम्बन्धी बिवरण :** यस नगरपालिकामा ५८ वटा सामुदायिक बन उपभोक्ता समितिहरु रहेका छन जस बाट यस नगरपालिकाका जनताहरु काठ, दाउरा, घाँस आदिको परिपुर्ती गरिरहेका छन् । बिशेषगरी सामुदायिक बन भित्र खैर, साल, सिसम, सिमल, वुट्यान, खर, झाडी प्रजातिका रुख बिरुवाहरु रहेका छन ।

**ख) जग्गाको स्वामित्व र उपयोग सम्बन्धी बिवरण :** यस नगरपालिकामा रहेका भूमिलाई विभिन्नि प्रयोजनको लागि प्रयोग गरिएको छ । जुन निम्न प्रकारले उल्लेख गरिएको छ ।

१. **कृषि क्षेत्रः** कृषि क्षेत्रमा अन्न वाली उत्पादन, पशुपालन, मत्स्य पालन, कृषि वन प्रवर्धन गर्ने संभावनाहरु रहेका छन । कृषि क्षेत्रको उपयोगका लागि निम्न अनुसारका संभावनाहरु रहेका छन । संभावित कृषिवालीहरु धान, दलहन, तरकारी, धान, फलफूल, वेमौसमी तरकारी, फूलखेती माछा, मकै, हिउदे धान रहेको छ ।

२. **आवास क्षेत्र :** आवास क्षेत्रको रुपमा रहेका स्थानहरुमा व्यवस्थित वसोवास, पशुपालन, करेसावारी, ग्यारेज, वगैचा, फलफूल वगैचा, इनार आदिलाई प्रवर्धन गर्न सकिन्छ ।

३. **ब्यापारीक क्षेत्र :** व्यापारीक क्षेत्रहरुका व्यापारीक भवनहरु, प्रदर्शनी स्थल, पेटोल पम्प, गोदाम, अस्पताल, वस पार्क, सभा सम्मेलन केन्द्रहरु आदि रहेका छन र आगामी दिनमा प्रवर्धन गर्न सकिन्छ ।

४. **औधोगीक क्षेत्र :** औधोगीक क्षेत्रहरुको विकास, विस्तार गर्न सकिन्छ ।

५. **खानी क्षेत्र :** यी क्षेत्रहरुका खनिज जन्य वस्तुहरुको संभाव्यता अध्ययन गरी प्रवर्धन तथा विकास गर्न सकिन्छ ।

६. **साँस्कृति तथा सम्पदा क्षेत्रहरु :** यस क्षेत्रमा रहेका साँस्कृतिक सम्पदाहरु अन्तरगत मन्दिर, धार्मिक क्षेत्र, गुम्वा, महस्जिद आदिको संरक्षण, सम्वर्धन र विकास गर्न सकिन्छ ।

७. **नदी, ताल, पानीको स्रोतहरु :** यस अन्तरगत ताल, तलैया, नदी, खोला, नहर, पोखरी, सिमसार

आदि रहेका छन । यी क्षेत्रहरुका सम्वर्धन तथा विकास गर्ने सम्भावनारहेका छन ।

८. **वन क्षेत्र :** यस अन्तरगत राष्ट्रिय, सामुदायिक, कबुलियती, तथा घाँसे मैदानहरु रहेका छन । यी क्षेत्रहरुको सम्वर्धन तथा विकास गर्ने संभावनाहरु रहेका छन ।

९. **सार्वजानीक तथा खुला क्षेत्र व्यवस्थापन :** यहाँ भएको सार्वजानीक तथा खुला क्षेत्र व्यवस्थापन तथा विकसा गरी शिक्षालयहरु, सार्वजानिक भवनहरु, सुरक्षा केन्द्र, अस्पताल, पुस्तकालयहरु आदि निर्माण गर्न सकिन्छ ।

१०. **निर्माण सामाग्री उत्खनन स्थल :** निर्माण सामग्री उत्खनन गरेर व्यवस्थापन गर्ने अवसरहरु रहेका छन ।

११. **अन्य क्षेत्रहरुको व्यवस्थापन :** नगरपालिका भित्र माथि उल्लेखीत वाहेकका क्षेत्रहरुलाई सम्भावना र नयाँ अवसरको आधारमा व्यवस्थापन गरिने छ ।

ग) **सिचाईसम्बन्धी विवरण :** खेतिकोलागि कृर्षि योग्य जग्गाजमिन रहेको यस नगरपालिकामा करिव ३८८० हेक्टर क्षेत्रफल ढोढरी, ताराताल सिँचाई आयोजना र करिव १००० हेक्टर क्षेत्रफल जामिन सुर्यपटुवा सिचाई आयोजनाबाट जमिनमा मात्र सिचाई सुबिधा पुगेको देखिन्छ । हालको अवस्थामा भेरी डइभर्सनको सिचाई योजना सुरुवात भएकोले निकट भविष्यमा यस नगरपालिकामा सवै खेती योग्य भूमिहरुमा सिँचाईको सुविधा पुग्ने अनुमान गरिएको छ। साथै अन्य किसानहरुले व्यक्तिगतरुपमा पम्पसेट, सिचाई मोटरको र अस्थायी कुलोको प्रयोग गरी खेती गरिरहेको अवस्था देखिएको छ ।

घ) **नदी, ताल र सिमसार क्षेत्रहरुको विवरण :** यस नगरपालिकाको सिमानबाट ओराही, राजकुला, जरैखोला, खौराहा, ओजहवा, तलविलवा, अम्वासा, कर्मला, बबई नदी, ढन्द्राखोला, जम्तीनाला, ढोढरीकुला, सतघरुवाकुला, बर्गदा भ्फारन, गिठे नाला, ढुन्द्र खोला जस्ता नदी तथा खोलाहरु बगि रहेको छ जसले नगरपालिकाको केहि वडाको खेतियोग्य जमिनमा सिंचाई सुबिधा तथा केही कटान तथा समुदायिक बन क्षति गरेको अवस्था देखिएको छ । साथै यस नगरपालिकामा निजी प्रयोजन (माछापालन) कार्यको लागि बनाएको २२७ ओटा पोखरीहरु रहेको भने १२ ओटा प्राकृतिक तालहरु तथा पोखरीहरु रहेको छ ।




चित्र नं: २ ठाकुरबाबा नगरपालिकाको भू-उपयोग नक्सा

## १.४ उद्देश्य

खासस्व योजनाको प्रमुख उद्देश्य स्थानीय तहमा खानेपानी, सरसफाइ तथा स्वच्छताको मौजुदा स्थिति पत्ता लगाई सेवाबाट बंचित समुदाय तथा क्षेत्रको लागि खासस्व सेवाको सुनिश्चितता र सेवामा स्तरिकरण प्रदान गर्न योजना निर्माण गर्नु हो । स्थानीय तहमा विद्यमान श्रोतहरुको औचित्यपुर्ण तथा समतामूलक वितरण र समस्याको दिगो समाधान सहितको योजना निर्माण नै खासस्व योजनाको प्रमुख अपेक्षित परिणाम हो ।

**यसै अनुरुप खासस्व योजनाको विशिष्ट उद्देश्यहरु निम्न प्रकार रहेका छन् ।**

१. खानेपानीका विद्यमान श्रोतहरु तथा मौजुदा खानेपानी तथा सरसफाइ सम्बन्धी संरचना सुविधाहरुको लगत संकलन गरि अभिलेखीकरण गर्ने ।

२. स्थानीय तह क्षेत्रभित्रका सेवा नपुगेका स्थान र पहुँच वाहिरका समुदायमा खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा प्रवाहको सुनिश्चितता सहित अल्पकालीन र दिर्घकालीन रणनैतिक योजना तयार पार्ने ।

३. खानेपानी, सरसफाइ तथा स्वच्छतासंग अन्तरसंबन्धित विषयवस्तुहरुसहित यसबाट प्राप्त गर्न सकिने प्रतिफलहरुको परिचालन, प्राथामिकिरण र प्रवर्द्धन योजना तयार गर्ने ।

४. स्थानीय तह क्षेत्र भित्रको सुरक्षित खानेपानी सरसफाइ तथा स्वच्छता अवस्थाको आधार रेखा तथ्याङ्क सहितको मापदण्ड तयार गरी उपरोक्त सेवा विस्तार निश्चित समयावधिमा पूर्ण (१००%)गर्न प्रतिवद्धता सहितको अवधारणा तयार पार्ने ।

५. खासस्व योजनासंग अन्य विषयगत योजनाहरुलाई एकिकृत गर्नको निम्ति स्थानीय तहको संस्थागत सुदृढिकरण कार्य योजना सहित स्थानीय सरकारलाई सहजिकरण गर्ने ।

६. खासस्वको वार्षिक योजना तथा वजेट निर्माण गर्न सहजीकरण गर्ने ।

७. खासस्व क्षेत्रको व्यवस्थापन सूचना प्रणाली (MIS) लाई एकरुपता प्रदान गर्ने ।

माथिका उद्देश्यहरु परिपूर्ति गर्न तर्जुमा गरिने खासस्व योजना स्थानीय तहका प्रतिनिधि, कार्यकारी निकाय तथा प्राविधिक, स्थानीय समुदाय, वडा स्तरीय जनप्रतिनिधि र विषय विज्ञहरु सहित स्थानीय आवश्यकता प्रतिविम्वित हुने गरी समतामूलक र सहभागीतात्मक विधिद्धारा प्राथमिकीकरण गरी स्थानीय सरकारद्धारा प्रमाणीकरण गरिनेछ ।

## १.५ कार्य प्रक्रिया : वास योजना तयारी विधि र प्रक्रिया

वास योजना निर्माणका मुख्य सिद्धान्तहरु स्थानीय सरकारको नेतृत्व र समुदायबाट व्यवस्थापन, तल बाट माथि हुने योजना तर्जुमा (Bottom to Top Planing) विधि, पूर्णरुपमा सहभागिता र समावेसी प्रकिया, स्थानीय तहमा क्षमता विकास, जनचेतना, सुविधास्तर पहिचान र विश्लेषण,प्राथमिक तथ्याङ्कको आधारमा मात्र प्राथमिकिकरण र निर्णयकर्ताहरुलाई सजिलो र आवश्यक मात्र सुचना संकलन हुन ।

नगरपालिका वास योजना पाँचवटा चरणका क्रियाकलाप हरु सम्पन्न गरी तयार गरिएको हो । सबै चरणका क्रियाकलापहरु, नगरपालिका, नगरपालिका वास ईकाई र वडाहरुमा सम्पन्न भएका हुन र नगरपालिकाले यो प्रतिवेदन तयार गरेको छ । त्यसपछि अन्य कच्चा तथ्याङ्कहरु नगरपालिकाको सम्पतिको रुपमा सुरक्षित रुपमा राखिएको छ। मोबाइल फोन सेट मा mWater Application को प्रयोगमा नगरपालिका भित्रका सबै घरधुरी, सार्वजनिक स्थल, संस्थाहरु तथा विद्यालयहरुमा तथ्याङ्क संकलकहरु परिचालन गरी भौगोलिक अवस्था (GPS Reading) सहितको तथ्याङ्क संकलन गरिएको हो

यो वास योजना तयारी २०७ जेठ र असार महिनामा नगरपालिका तहको बैठक, अभिमुखीकरण, वडा तहका बैठक तथा अभिमुखीकरणहरु गर्न १८ जना तथ्याङ्क संकलकहरु परिचालन गरी mWater Application द्वारा सबै घरधुरी, संस्था तथा विद्यालयहरुको तथ्याङ्क संकलन, वडा तहमा सार्वजनिक सुचना/नक्साहरु प्रकाशन, वडाहरुका योजना तर्जुमा बैठक र नगरपालिकातहको योजना तर्जुमा बैठक २०७५/०४/१६ गते बसेर सम्पन्न गरिएको हो । वडा तहमा नगरपालिका वास योजना कार्यदलहरु नगरपालिका वास योजना कार्यदल र तथ्याङ्क संकलकहरुको ठुलो मेहनतले यो योजना तयार भएको हो । यो योजना तयार गर्न १८ जना क्षमतावान तथ्याङ्क संकलकहरु सहित वास प्लान तयारी गर्ने कार्यमा नगरपालिकाले आवश्यक प्राविधिक सहयोग प्रदान गरेको छ ।



# अध्याय २

# खानेपानी सरसफाई तथा स्वच्छता स्थिति

### २.१ ठाकुरबाबा नगरपालिकाको खानेपानी अवस्था

### २.१.१ खानेपानीका प्राथमिक स्रोतहरु

ठाकुरबाबा नगरपालिकाका सबै ९ वटा वडाका १०४५४ घरधुरीहरुको खानेपानी सरसफाई तथा स्वच्छता सर्वेक्षण गरी तथ्याङ्क संकलन गरिएको थियो । प्राप्त mWater घरधुरी सर्वेक्षण प्रतिवेदन अनुसार पानीको प्रयोगका आधारमा वडागत विवरण तपसिलको रहेको छ ।

**तालिका नं २.१ खानेपानीका प्राथमिक स्रोतहरु**

| वडा नं | योजनाको निजी धारा | योजनाको सार्वजनिक धारा | ट्युबवेल(५० मिटर भन्दा माथि) | ट्युबवेल (५० मिटर भन्दा कम) | कुल जम्मा |
|---|---|---|---|---|---|
| १ | ४८६ | ११ | ३ | १०५१ | १५५१ |
| २ | | | १ | १५७९ | १५८० |
| ३ | २६ | | | १३८७ | १४१३ |
| ४ | | | | ९३८ | ९३८ |
| ५ | | | | ११२४ | ११२४ |
| ६ | ११४ | | १ | ७८० | ८९५ |
| ७ | | | | ८७९ | ८७९ |
| ८ | | | | ८९३ | ८९३ |
| ९ | | | | ११८१ | ११८१ |
| जम्मा | ६२६ | ११ | ५ | ९८१२ | १०४५४ |

**स्रोत: वास घरधुरी सर्वेक्षण २०७६**

माथिको तालिका अनुसार योजनाको निजी धारा प्रयोग गर्ने घरघुरी संख्या ६२६ सार्वजनिक धारा प्रयोग गर्ने घरधुरी संख्या ११ ट्युबवेल ५०६ र ५० मिटर भन्दा माथी भन्दा माथि प्रयोग गर्ने घरधुरी संख्या ५ र ट्युबवेल ५० मिटर भन्दा कम प्रयोग गर्ने को संख्या ९८१२ रहेको छ । यसरीहेर्दा ५.९८ प्रतिशत घरधुरी संख्याको मात्र निजी धारा रहेको छ भने ९३.५८ प्रतिशत घरधुरीले ५० मिटर भन्दा कमको ट्युबवेला पानी प्रयोग गरिरहेको देखिन्छ ।




## २.१.२ नगरपालिकामा खानेपानीको स्तर - संयुक्त अनुगमन कार्यक्रम

संयुक्त राष्ट्रसंघको संयुक्त अनुगमन कार्यक्रम (JMP) को परिभाषा अनुसार ठाकुरबाबा नगरपालिकाका सम्पूर्ण १०४५४ घरपरिवारहरुको खानेपानीको सुविधाको स्तर विश्लेषण गरिएको छ । जसमा ९८१२ घरपरिवार आधारभूत स्तरमा रहेको पाइएको छ भने ६४२ घरपरिवारले मात्र सुरक्षित खानेपानी उपभोग गरेको पाईएको छ ।

**खानेपानी सेवाको परिभाषा तथा सूचकहरु**

सुरक्षित तरिकाले व्यवस्थापन गरिएको खानेपानी (Safely Managed): आधारभूत खानेपानी स्रोत जुन घर परिसरभित्र जतिवेला पनि उपलब्ध छ र दिसाजन्य तथा अन्य प्रमुख रासायनिक प्रदूषणबाट (जस्तै Arsenic) मुक्त छ ।

आधारभूत खानेपानी सेवा (Basic Service): सुधारिएको खानेपानीको स्रोत, पानी संकलन समय ३० मिनेटभन्दा कम लाग्ने ।

सिमितखानेपानी सेवा (Limited Service): खानेपानीका असुरक्षित स्रोत र पानी संकलन समय ३० मिनेट भन्दा बढि लाग्ने ।

असुरक्षित खानेपानी सेवा (Unsafe Service/ No Service): सतही पानीको स्रोत

### तालिका नं २.२ खानेपानीको सुविधा स्तर

| वडा | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
|---|---|---|---|---|---|---|---|---|---|
| असुरक्षित सुविधा | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| आधारभूत सुविधा | १०८७ | १५८० | १३८८ | ९३७ | ११२० | ८९२ | ८७९ | ८९३ | ११८१ |
| सीमित सुविधा | ० | ० | ० | १ | ० | ० | ० | ० | ० |
| सुरक्षित सुविधा | ४६४ | ० | २५ | ० | ४ | ३ | ० | ० | ० |
| जम्मा | १५५१ | १५८० | १४१३ | ९३८ | ११२४ | ८९५ | ८७९ | ८९३ | ११८१ |

**स्रोत: वास घरधुरी सर्वेक्षण:** २०७६

यस नगरपालिका तराईमा पर्ने र ट्युबवेलबाट जुन सुकै स्थानमा पनि पानी आउन सक्ने भएकोले असुरक्षीत सुबिधा देखिदैन तर ५० मिटर भन्दा कम गहिराइमा गाडिएकोले ट्युबवेलको पानी पूर्ण स्वच्छ भने नहुन सक्छ। आधारभुत सुबिधाको स्तर हेर्दा सबै वडामा उस्तै उस्तै देखिन्छ।




**तालिका नं २.३ खानेपानीको स्तर (दिगो विकास लक्ष्यको आधारमा)**

| खानेपानीको स्तर | सुरक्षित व्यवस्थित सेवा | आधारभूत सेवा | सीमित सेवा | सेवा छैन |
|---|---|---|---|---|
| प्रतिशत | ४.७४ | ९५.२५ | ०.९५ | ० |

**स्रोत: वास घरधुरी सर्वेक्षण २०७६**

यस नगरपालिकामा खानेपानीको स्तर हेर्दा सुरक्षित व्यवस्थित सेवामा ४.७४ प्रतिशत, आधारभुत सेवा तर्फ ९५.२५ प्रतिशत र सिमित सेवामा ०.९५ प्रतिशत रहेको छ भने असुरक्षीत पानीको प्रयोग गर्ने ० प्रतिशत रहेको छ।



### २.१.३ मौजुदा खानेपानी प्रणालीहरु

ठाकुरबाबा नगरपालिकामा हालसम्म २ वटा पाइप प्रणालीको खानेपानी योजना सञ्चालनमा रहेको छ ।

**तालिका नं : २.४ मौजुदा खानेपानी प्रणालीहरुको विवरण**

| क्र सं. | योजनाको नाम | लाभान्वित क्षेत्र | प्रकार | वडा नं | लाभान्वित | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | घरधुरी | पुरुष | महिला | जम्मा |
| १ | भुरिगाउ खानेपानी तथा सरसफाई उपभोक्ता समिति | वडा नं १ र ३ | ओभरहेड | १ | ५२३ | १३५६ | १२७६ | २६३२ |
| २ | शिवपुर खानेपानी तथा सरसफाई उपभोक्ता समिति | वडा नं ६ | ओभरहेड | ६ | ११४ | ३३८ | ३३२ | ६७० |
| | जम्मा | | | | ६३७ | १६९४ | १६०८ | ३३०२ |

स्रोतः वास घरधुरी सर्वेक्षण २०७६

पाईप प्रणाली बाट वडा नं १, ३ र ६ गरी ६३७ घरुधुरीका जम्मा महिला र पुरुष गरी ३३०२ जनसंख्याले योजनाको खानेपानी उपभोग गरी राखेका छन जुन जम्मा घरधुरीको ६.६ प्रतिशत र कुल जनसंख्याको ५.७७ प्रतिशत रहेको छ ।




### २.१.४ निर्माणाधिन खानेपानी प्रणालीहरु

ठाकुरबाबा नगरपालिकामा विभिन्न निकायहरुको सहयोगमा निर्माणाधिन खानेपानी प्रणालीहरु तपसिलका रहेका छन ।

**तालिका नं : २.५ निर्माणाधीन खानेपानी प्रणालीहरुको विवरण**

| क्र सं | योजनाको नाम | लाभान्वित क्षेत्र | सहयोगी निकाय | वडा नं | लाभान्वित | |
|---|---|---|---|---|---|---|
| | | | | | घर | जनसङ्ख्या |
| १ | कर्मला खानेपानी तथा सरसफाई आयोजना | कर्मला, रानीपुर | प्रदेश सरकार | २ | ५०३ | २७५६ |
| २ | बलाती खानेपानी तथा सरसफाई आयोजना | बलाती, आम्बासा, पेरहनी | प्रदेश सरकार | २ | ८६४ | ४५९४ |
| ३ | गोविन्दपुर खानेपानी तथा सरसफाई आयोजना | जुडपानी,गोविन्दपुर, तकिया | ” | ५ | २६७ | १४०७ |
| ४ | शाहिपुर खानेपानी तथा सरसफाई आयोजना | शाहीपुर, ढुङ्गहवा, बनविर | ” | ५ | ८५७ | ४६१३ |
| ५ | शिव खानेपानी तथा सरसफाई आयोजना | वडा नं ७ | ” | ७ | ७८४ | ४५७१ |
| ६ | सुखाड सुतैया खानेपानी तथा सरसफाई आयोजना | सुखाड, सुतैया | मानपुर युवा समाज | ८ | ३५० | १७६५ |

स्रोतः वास घरधुरी सर्वेक्षण, २०७६

यस ठाकुरबाबा नगरपालिकामा ७ वटा खानेपानी आयोजनाहरु निर्माणाधिन रहेका छन्। यी आयोजना सम्पन्न भएपछि ४२५४ घरधुरी का २३०३० जनसंख्या लाभांम्वित हुने देखिन्छ जुन कुल घरधुरीको ४०.६९ प्रतिशत र कुल जनसंख्याको ४०.२५ प्रतिशत रहेको छ।



### २.१.५ खानेपानीको प्रयाप्तताको अवस्था

घरपरिवार सर्वेक्षणमा पानीको पर्याप्तताको सर्वेक्षण गर्दा सबै कामका लागि पुग्छ भन्ने घरपरिवार ९७.८ प्रतिशत थिए, १.६ प्रतिशत घरपरिवारले पिउन, भान्सा तथा सरसफाइ गर्न पुग्छ, ०.५८ प्रतिशत घरपरिवारले पिउन मात्र पुग्छ भनेका थिए ।




### २.१.६ पानीको शुद्धिकरणको अवस्था

**तालिका नं २.६ पानिको शुद्धिकरण अवस्था**

| क्र स | सुचकहरु | घरधुरी | प्रतिशत |
|---|---|---|---|
| १ | उमालेर प्रयोग गर्ने | १९३ | १.८५ |
| २ | फिल्टर गर्ने | २९५४ | २८.२५ |
| ३ | खानेपानी योजनाको पानी सोझै प्रयोग गर्ने | ४०८ | ३.९० |
| ४ | ट्याङकर जार बोतलको पानी प्रयोग गर्ने | २१ | ०.२० |
| ५ | शुद्धिकरणका २ वा २ भन्दा बढी बिधी प्रयोग गर्ने | २८६ | २.७४ |
| ६ | शुद्धिकरण नगरी : सोझै प्रयोग गर्ने | ६५९२ | ६३.०६ |
| | जम्मा | १०४५४ | १०० |

स्रोतः वास घरधुरी सर्वेक्षण, २०७६

माथिको तालिका अनुसार यस नगरपालिकामा उमालेर पानी प्रयोग गर्ने परिवार संख्या १९३, फिल्टर गर्ने परिवार संख्या २९५४, खानेपानी योजनाको पानी प्रयोग गर्नेको संख्या ४०८, ट्याङ्कर जार बोतलको पानी प्रयोग गर्नेको संख्या २१, शुद्धिकरणका २ वा २ भन्दा बढी बिधी प्रयोग गर्ने २८६ र शुद्धिकरण नगरीः सोझै प्रयोग गर्ने ६५९२ घरधुरी रहेको छ ।




सर्वेक्षणमा पानीको शुद्धिकरणको अवस्थालाई विश्लेशण गर्दा ६३.०६ प्रतिशतले घर परिवारले शुद्धिकरण नगरी पानी पिउने गरेको पाइयो, त्यसै गरी २८.२५ प्रतिशतले फिल्टर गर्ने र १.८५ प्रतिशतले उमाल्ने र २.७४ प्रतिशतले शुद्धिकरणका २ वा २ भन्दा बढी बिधि प्रयोग गर्ने एवं केवल ३.९० प्रतिशतले मात्र खानेपानी योजनाबाट आएको पानी सोझै प्रयोग गर्ने गरेको पाइयो भने ०.२ प्रतिशतले मात्र बोतलको पानी प्रयोग गर्ने पाइयो । जसबाट अझै पनि जनसंख्याको ठूलो हिस्साले शुद्धिकरण नगरिएको असुरक्षित पानी पिउने गरेको अवस्था रहेको छ ।

### २.१.७ पानीको धमिलोपना

**तालिका नं २.७ पानीको धमिलोपना**

| क्र.स. | सुचकहरु | वडा नं | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | |
| १ | १२ महिना सफा | १४६८ | १५४२ | १२८९ | ९०६ | १००३ | ८९५ | ८५७ | ७६८ | ११४३ | ९८७१ |
| २ | बर्षातमा धमिलो | १३ | ३५ | १९ | ३१ | ३९ | ० | १३ | ८५ | १७ | २५२ |
| ३ | सधै धमिलो | ७० | ३ | १०५ | १ | ८२ | ० | ९ | ४० | २१ | ३३१ |

स्रोतः वास घरधुरी सर्वेक्षण, २०७६

माथिको तालिका अनुसार यस नगरपालिकामा पानीको धमिलोपनाको अवस्थाको विश्लेषण गर्दा १२ महिना सफा पानी प्रयोग गर्ने कुल घरुधुरी ९८७१,बर्षातमा धमिलो पानी हुने घरधुरी २५२ र सधै धमिलो पानी हुने घरधुरी ३३१ रहेको पाइयो । जसमा पानीको धमिलोपना वडा नं १ ३ र ५ मा सबै भन्दा बढी छ भने वडा नं ६ मा ० रहेको छ ।




### १.१.८ पानीको गुणस्तर

#### १.१.८.१ रसायनिक गुणस्तर

**तालिका नं २.८ पानीको रसायनिक गुणस्तर**

| क्र. स. | सुचकहरु | वडा नं | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | |
| १ | आर्सनिक मुक्त | १३८७ | ७५ | १३५ | ४८१ | १० | २८५ | १० | १२१ | ५८७ | ३०९१ |
| २ | आर्सनिक युक्त | १२ | ४१ | ५३ | ५४ | ५ | ३५ | २ | ७३ | २३४ | ५०९ |
| ३ | जाँच नगरिएको | १५२ | १४६४ | १२२५ | ४०३ | ११०९ | ५७५ | ८६७ | ६९९ | ३६० | ६८५४ |

स्रोत: वास घरधुरी सर्वेक्षण, २०७६

माथिको तालिका अनुसार यस नगरपालिका आर्सनिक मुक्त घरधुरी ३०९१, आर्सनिक युक्त घरधुरी ५०९ र जाँच नगरिएको घरधुरी ६८५४ रहेको छ। जुन कुल घरधुरीको आर्सनिक मुक्त घरधुरी २९.५६ प्रतिशत, आर्सनिक युक्त ४.८६ प्रतिशत र जाँच नगरिएको ६५.५६ प्रतिशत हो। जसमा वडा नं २,३ र ५ मा आर्सनिक जाँच नगरिएको घरधुरी संख्या धेरै रहेको छ। यस नगरपालिकामा आर्सनिक जाँच नगरिएको घरुधुरी संख्या बढी भएकाले आर्सनिक जाँच गर्नुपर्ने देखिन्छ।

### १.१.८.१ पानीको जैविक गुणस्तर

**तालिका नं २.९ पानीको जैविक गुणस्तर**

| क्र. स. | सुचकहरु | वडा नं | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | |
| १ | कोलिफर्म मुक्त | ४८१ | ० | २६ | ० | ० | ११४ | ० | ० | ० | ६२१ |
| २ | कोलिफर्म युक्त | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | जाँच नगरिएको | १०७० | १५८० | १३८७ | ९३८ | ११२४ | ७८१ | ८७९ | ८९३ | ११८१ | ९८३० |

स्रोत: वास घरधुरी सर्वेक्षण, २०७६

माथिको तालिका अनुसार यस नगरपालिका कोलिफर्म मुक्त घरधुरी ६२१, कोलिफर्म युक्त घरधुरी ० र कोलिफर्म जाँच नगरिएको घरधुरी ९८३० रहेको छ। जुन कुल घरधुरीको कोलिफर्म मुक्त घरधुरी ५.९४ प्रतिशत, कोलिफर्म युक्त ० र कोलिफर्म जाँच नगरिएको ९४.०३ प्रतिशत घरधुरी रहेको छ।




### १.१.९ खानेपानीका प्राथमिक स्रोतहरु

ठाकुरबाबा नगरपालिकाका सबै ९ वटा वडाका १०४५४ घरधुरीको खानेपानी तथा सरसफाइ तथा स्वच्छता सर्वेक्षण गरी तथ्याङ्क सङ्कलन गरिएको थियो। प्राप्त mWater घरधुरी सर्वेक्षण प्रतिवेदन अनुसार पानीको प्रयोगका आधारमा वडागत विवरण तपसिलको रहेको छ।

**तालिका २.१० खानेपानीका प्राथमिक स्रोतहरु**

| वडा | योजनाको निजी धारा | योजनाको सार्वजनिक धारा | संरक्षित मुहान | ट्युबवेल(५० मि. भन्दा माथि) | ट्युबवेल(५० मि. भन्दा कम) | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ४८६ | ११ | | ३ | १०५१ | १५५१ |
| २ | | | | १ | १५७९ | १५८० |
| ३ | २६ | | | | १३८७ | १४१३ |
| ४ | | | | | ९३८ | ९३८ |
| ५ | | | | | ११२४ | ११२४ |
| ६ | ११४ | | | १ | ७८० | ८९५ |
| ७ | | | | | ८७९ | ८७९ |
| ८ | | | | | ८९३ | ८९३ |

स्रोत: वास घरधुरी सर्वेक्षण, २०७६

माथिको तालिका अनुसार योजनाको निजी धारा प्रयोग गर्ने घरघुरी संख्या ६२६, सार्वजनिक धारा प्रयोग गर्ने घरधुरी संख्या ११ ट्युबवेल ५० मिटर भन्दा माथि प्रयोग गर्ने घरधुरी संख्या ५ र ट्युबवेल ५० मिटर भन्दा कम प्रयोग गर्नेको संख्या ९८१२ रहेको छ । यसरी हेर्दा ५.९८ प्रतिशत घरधुरी संख्याको मात्र निजी धारा रहेको छ भने ९३.५८ प्रतिशत घरधुरीले ५० मिटर भन्दा कमको ट्युववेल पानी प्रयोग गरिरहेको देखिन्छ ।



### २.१.१० पानी भरेर ल्याउने समय

**तालिका नं : २.११ खानेपानी भरेर ल्याउने समय**

| पानी भर्न जान आउने समय | वडा नं | | | | | | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | |
| १५ मिनेटभन्दा बढी ३० मिनेटसम्म | १ | ० | ० | ० | ० | ० | ४ | ५ | ० | १० |
| ३० मिनेट भन्दा बढी | ० | ० | ० | १ | ० | १ | ० | ० | ० | २ |
| ५ भन्दा बढी १५ मिनेटसम्म | १७ | | | | | | | | | |
| ५ मिनेट वा कम | १६ | ५ | १ | ० | ० | ११७ | ४४ | २२ | २२२ | |
| जम्मा | ९९५ | १५६४ | १३७५ | ९३६ | ११२४ | ८३९ | ७५८ | ८४४ | ११५९ | ९५९४ |

स्रोत: वास घरधुरी सर्वेक्षण, २०७६

माथिको तालिका अनुसार यस नगरपालिकामा खानेपानी भरेर ल्याउने समयको आधारमा ५ मिनेट वा सो भन्दा कम समय लाग्ने घरधुरी १०२२० र ५ मिनेट भन्दा माथि समय लाग्ने घरधुरी २३४ रहेका छन् जुन कुल घरधुरीको ५ मिनेट वा भन्दा कम समय लाग्ने घरधुरी ९७.७६ प्रतिशत र ५ मिनेट भन्दा बढी समय लाग्ने घरधुरी २.२३ प्रतिशत रहेको छ ।




### २.१.११ खानेपानीको समग्र अवस्था

ठाकुरबाबा नगरपालिकामा समग्र खानेपानीको हालको अवस्था र प्रस्तावित तथा निर्माणाधिन योजनाहरुको विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं : २.१२ खानेपानी समग्र अवस्था (घरधुरी तथा जनसंख्याको आधारमा)

| वडा नं | जम्मा | | मौजुदा योजनाबाट | | वास योजनामा प्रस्तावितबाट | | मौजुदा योजना बाट विस्तार | | निर्माणधिन योजनाबाट | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | घरधुरी | जनसंख्या | घरधुरी | जनसंख्या | घरधुरी | जनसंख्या | घरधुरी | जनसंख्या | घरधुरी | जनसंख्या |
| १ | १५५१ | ८०९१ | ४९७ | २४८७ | ५४४ | ३०९३ | ५१० | २५११ | | |
| २ | १५८० | ८५७८ | | | २१३ | १२२८ | | | १३६७ | ७३५० |
| ३ | १४१३ | ८०७६ | २६ | १४५ | १२९७ | ७४७९ | ९० | ४५२ | | |
| ४ | ९३८ | ५३६३ | | | ९३८ | ५३६३ | | | | |
| ५ | ११२४ | ६०२६ | | | | | | | ११२४ | ६०२६ |
| ६ | ८९५ | ४७२७ | ११४ | ६७० | ३०० | १४०४ | ४८१ | २६५३ | | |
| ७ | ८७९ | ५११४ | | | ० | ० | ९५ | ५४३ | ७८४ | ४५७१ |
| ८ | ८९३ | ५०२६ | | | ५४३ | ३२६१ | | | ३५० | १७६५ |
| ९ | ११८१ | ६२०३ | | | ५५२ | २७७९ | | | ६२९ | ३४२४ |
| जम्मा | १०४५४ | ५७२०४ | ६३७ | ३३०२ | ४३८७ | २४६०७ | ११७६ | ६१५९ | ४२५४ | २३१३६ |

स्रोतः वास घरधुरी सर्वेक्षण, २०७६

माथिको तालिका अनुसार मौजुदा योजनाबाट ६३७ घरधुरीको ३३०२ जनसंख्या लाभान्वित भएको, निर्माणाधिन योजनाबाट ४२५४ घरधुरी २३१३६ जनसंख्या लाभान्वित हुने, मौजुदा योजना बिस्तारबाट ११७६ घरधुरीको ६१५९ जनसंख्या र वास योजनाबाट प्रस्ताबित ४३८७ घरधुरीको २४६०७ जनसंख्या लाभान्वित हुने देखिन्छ । जसमा वास योजनाबाट लाभान्वित हुने घरधुरी कुल घरधुरीको ४१.९६ प्रतिशत र लाभान्वित हुने जनसंख्या कुल जनसंख्याको ४३.०१ प्रतिशत हुने छ ।

### २.१.१२ शैक्षिक संस्थाहरुमा खानेपानी सुविधा

ठाकुरबाबा नगरपालिकामा रहेका जम्मा २६ वटा सामुदायिक, १४ वटा संस्थागत विद्यालयहरु तथा २ वटा क्याम्पसहरु रहेका छन् । जसमा प्राय सबै जसो विद्यालयमा ह्यान्ड पम्पको पानी प्रयोग गर्ने गरिएको छ । ४० वटा विद्यालयमा पानी शुद्धीकरणको कुनै पनि प्रक्रिया नअपनाइ सिधैं प्रयोग गर्ने गरेको पाइयो । सम्पूर्ण शैक्षिक संस्थाहरुको खानेपानी सुविधाको अवस्था, स्रोतहरु र अन्य विस्तृत तथ्याङ्कहरु अनुसूची १ मा प्रस्तुत गरिएको छ ।

### २.१.१३ स्वास्थ्य संस्थाहरुमा खानेपानी सुविधा

ठाकुरबाबा नगरपालिकामा भएका सम्पूर्ण ९ वटा स्वास्थ्य संस्थाहरु मध्ये नेउलापुर स्वास्थ्य चौकीमा मात्र खानेपानी योजनाको पानीको उपलब्धता छ भने बाकी ८ वटा स्वास्थ्य संस्थामा ह्याण्डपम्पको पानी नै प्रयोग गर्ने गरिएको छ । सम्पूर्ण स्वास्थ्य संस्थाहरुको खानेपानी सुविधाको अवस्था, स्रोतहरु र अन्य विस्तृत तथ्याङ्कहरु अनुसूची ७.३ मा प्रस्तुत गरिएको छ ।

तालिका २.१३ स्वास्थ्य संस्थाहरुमा पानीको सुविधाको अवस्था

| क्र स | स्वास्थ्य संस्था | वडा नं | पाइप प्रणालीको पानी प्रयोग गर्ने | सुरक्षित हाते पम्प वा इनारको पानी प्रयोग गर्ने | असुरक्षित इनार तथा खोलाको पानी प्रयोग |
|---|---|---|---|---|---|
| १ | नेउलापुर स्वास्थ्य केन्द्र | १ | पाईप प्रणाली | | |
| २ | पेरहनी आधारभूत स्वास्थ्य चौकी | २ | | हाते पम्प | |
| ३ | गोदना आधारभूत स्वास्थ्य चौकी | ३ | | हाते पम्प | |
| ४ | बगनाह स्वास्थ्य केन्द्र | ४ | | हाते पम्प | |
| ५ | बनकट्टि आधारभूत स्वास्थ्य चौकी | ५ | | हाते पम्प | |
| ६ | शिवपुर स्वास्थ्य केन्द्र | ६ | | हाते पम्प | |
| ७ | मोहनपुर आधारभुत स्वास्थ्य चौकी | ७ | | हाते पम्प | |
| ८ | चिट्कैया स्वास्थ्य केन्द्र | ८ | | हाते पम्प | |
| ९ | ठाकुरद्वारा आधारभुत स्वास्थ्य चौकी | ९ | | हाते पम्प | |

स्रोतः वास घरधुरी सर्वेक्षण, २०७६

### २.१.१४ संस्थागत कार्यालयहरुमा खानेपानी सुविधा

ठाकुरबाबा नगरपालिकामा रहेका ७० वटा सरकारी तथा गैर सरकारी कार्यालय एवम् बैक तथा बित्तिय संस्था, सामुदायिक बनहरुको खानेपानीको अवस्था अध्ययन गर्दा केहि कार्यालयहरुमा योजनाको निजी धाराको पानी खाइरहेको भएता पनि अधिकांशमा जार तथा बोतलको पानी खाने गरेको पाइयो ।

## २.२ सरसफाई तथा स्वच्छताको अवस्था

### २.२.१ घरायसी सरसफाई तथा स्वच्छताको अवस्था

ठाकुरबाबा नगरपालिकाका कुल १०४५४ घरधुरीमा घरपरिवार सर्वेक्षण गरिएको थियो । सर्वेक्षण गरिएको तथ्याङ्क अनुसार ठाकुरबाबा नगरपालिकामा हालसम्म पनि ४.७५ प्रतिशत घरधुरी शौचालय बिहीन, ७.३८ प्रतिशत कच्ची चर्पी,१.७० प्रतिशत जमिनसम्म पक्कि तर बाहिरि संरचना नभएको ९.७३ प्रतिशत पक्की चर्पि साझेदारी,६०.८३ प्रतिशत आफ्नै एक खाल्डे पक्कि चर्पी (लेदो प्रशोधन नगरिएको),०.२५ प्रतिशत आफ्नै दुइ खाल्डे पक्कि चर्पी,४.७७ प्रतिशत आफ्नै सेप्टिक टंकी जोडिएको पक्कि चर्पी (लेदो प्रशोधन नगरिएको) र १०.५८ प्रतिशत शौचालय गोवर ग्याँस जडित शौचालय पाइयो । असोज १३, २०७६ का दिनमा राष्ट्रलाई नै खुला दिसामुक्त राष्ट्र घोषणा गरी सकेको अवस्थामा पनि ठाकुरबाबा नगरपालिकाले तदारुकताका साथ खुला दिसामुक्तको अवस्थामा पुग्नु अपरिहार्य भएको छ । सो घरपरिवार सर्वेक्षणको तथ्याङ्क अनुसार घरायसी चर्पीको अवस्था तपसिलको देखिएको छ ।

### तालिका २.१४ घरधुरी सर्वेक्षणमा वडागत शौचालयको विवरण

| शौचालयको व्यवस्था | वडा न | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | |
| आफ्नै एक खाल्डे ढल जोडिएको पक्कि चर्पी (लेदो प्रशोधन नगरिएको) | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| आफ्नै एक खाल्डे पक्कि चर्पी (लेदो प्रशोधन नगरिएको ) | १२१९ | ७९४ | ९३५ | ४९९ | ४९७ | ५२२ | ६७३ | ५०३ | ७१७ | ६३५९ |
| आफ्नै दुइ खाल्डे पक्कि चर्पी | १ | ५ | १ | ० | ० | १ | ८ | ९ | १ | २६ |
| पक्की चर्पि साझेदारी | १३८ | २८५ | १६२ | ७० | ७ | १०८ | ७८ | ५७ | ११२ | १०१७ |
| आफ्नै सेप्टी टंकी जोडिएको पक्कि चर्पी (लेदो प्रशोधन नगरिएको) | ८६ | ४३ | २७ | ३ | ७१ | १०५ | ३५ | ४२ | ८७ | ४९९ |
| कच्ची चर्पी | २९ | ७१ | १७ | ११७ | २०८ | ६० | १६ | ११६ | १३८ | ७७२ |
| गोवर ग्याँस जडित शौचालय | ५० | ३१३ | १३८ | १४२ | १२२ | ५८ | ६२ | १२५ | ९६ | ११०६ |
| चर्पी नभएको | २४ | ६३ | १३० | १०७ | ८३ | ३६ | ५ | २५ | २४ | ४९७ |
| जमिनसम्म पक्कि तर बाहिरी संरचना नभएको | ४ | ६ | ३ | ० | १३६ | ५ | २ | १६ | ६ | १७८ |
| जम्मा | १५५१ | १५८० | १४१३ | ९३८ | ११२४ | ८९५ | ८७९ | ८९३ | ११८१ | १०४५४ |

स्रोत: वास घरधुरी सर्वेक्षण, २०७६


शौचालयको विवरण
१४००
१२००
१०००
८००
६००
४००
२००
०
१२१९
७९४
९३५
४९९
४९७
५२२
६७३
५०३
७१७
१
२
३
४
५
६
७
८
९
वडा न
आफ्नै एक खाल्डे पक्कि चर्पी (लेदो प्रशोधन नगरिएको )
आफ्नै दुइ खाल्डे पक्कि चर्पी
पक्की चर्पि साझेदारी
आफ्नै सेप्टीक टंकी जोडिएको पक्कि चर्पी (लेदो प्रशोधन नगरिएको)
कच्ची चर्पी
गोवर ग्यास जडित शौचालय
चर्पी नभएको
जमिनसम्म पक्कि तर बाहिरी संरचना नभएको


नगरपालिकाको शौचालय विवरण
चर्पी नभएको
४.७५%
गोवर ग्यास जडित शौचालय
१०.५८%
कच्ची चर्पी
७.३८%
आफ्नै सेप्टीक टंकी जोडिएको पक्कि चर्पी (लेदो प्रशोधन नगरिएको)
४.७७%
पक्की चर्पि साझेदारी
९.७३%
आफ्नै दुइ खाल्डे पक्कि चर्पी
०.२५%
आफ्नै एक खाल्डे पक्कि चर्पी (लेदो प्रशोधन नगरिएको )
६०.८३%
जमिनसम्म पक्कि तर बाहिरी संरचना नभएको
१.७०%

### २.२.२ सरसफाईको अवस्था

ठाकुरबाबा नगरपालिकामा घरवरिपरिको सरसफाइको अवस्था सर्वेक्षणमा करिब ८.०७ प्रतिशत घरहरुले मात्र पुर्ण सरसफाईको सुचक पुरा गरेको र ९१.९३ प्रतिशतले पुर्ण सरसफाईको सुचक पुरा नगरेको देखिन्छ ।




#### २.२.२.१ ठोस फोहोर व्यवस्थापन

**तालिका नं २.१५ ठोस फोहोर व्यवस्थापन**

| क स | सुचक | घरधुरी | प्रतिशत |
|---|---|---|---|
| १ | कुहिने र नकुहिने र पुनः प्रयोग हुने फोहोर छुट्टा छुटै राख्ने | २०६४ | १९.७४% |
| २ | कुहिने र नकुहिने मात्रै छुट्याईएको | ७९२ | ७.५८% |
| ३ | सबै फोहोर एकै ठाउमा | ७५९८ | ७२.६८% |
| | जम्मा | १०४५४ | १००% |

स्रोतः वास घरधुरी सर्वेक्षण, २०७६

## फोहर व्यवस्थापन




घरबाट निस्केको फोहोर करिव ७.५८ प्रतिशत घरमा मात्र कुहिने र नकुहिने फोहोर मात्रै छुट्याइएको देखिन्छ। १७.७४ प्रतिशत घरमा कुहिने, नकुहिने फोहोर र पुनः प्रयोग गर्न मिल्ने फोहोर छुट्टा छुट्टै राख्ने र ७२.६८ घर परिवारले सबै फोहोर एकै ठाउँमा राख्ने गरेको पाइयो ।

**तालिका नं २.१६ सरसफाइको स्तर (दिगो विकास लक्ष्यको आधारमा)**

| सरसफाइको स्तर | सुरक्षित सुविधा | आधारभूत सुविधा | सिमित सुविधा | असुरक्षित सुविधा | सुविधा बिहीन |
|---|---|---|---|---|---|
| घरधुरी | ११३२ | ६८५६ | ११९५ | ७७२ | ४९९ |
| प्रतिशत | १०.८३ % | ६५.५८% | ११.४३ % | ७.३८ % | ४.७७ % |

स्रोतः वास घरधुरी सर्वेक्षण, २०७६



ठाकुरबाबा नगरपालिकामा सरसफाइ सेवाहरु दिगो विकास लक्ष्य (एसडीजी) का परिभाषाहरु प्रयोग गरी मूल्याङ्कन गरिएको थियो । व्यवस्थित सरसफाइमा गोवरग्यांस जडित र डबल पिट भएका शौचालयहरु छन् सेप्टि टङ्कि भएका शौचालयहरुलाई आधारभूत सरसफाइ र कच्चि चर्पीहरुलाइ नसुधारिएको सुविधामा राखिएको छ । परिभाषाका लागि संगैको बक्स हेर्नुहोस ।

ठाकुरबाबा नगरपालिका प्रत्येक घरका आफ्नै स्थायी शौचालयका सन्दर्भमा पनि अब खाडल भरियो भने के गर्ने भन्ने बारे पनि सोच्ने समय आइसकेको छ, तर एउटा मात्र खाडल भएको शौचालयमा खाडलमा भएको फोहोर कम्पोष्ट हुन पाएको हुँदैन त्यसैले यो भरिएमा खाली गर्न गाह्रो हुन्छ । त्यसैले पूर्ण सरसफाइ कार्यक्रममा दुई खाल्डे चर्पीलाई प्रर्वद्धन गर्ने पनि एजेण्डा हुनुपर्छ जसले गर्दा सबै घर परिवारलाई अर्को खाल्डो कहाँ खन्ने भनेर सोच्न प्रोत्साहित गर्नु पर्ने देखिन्छ ।

ठाकुरबाबा नगरपालिकाका केहि घरहरुमा वैज्ञानिक ढलनिकासको व्यवस्था भएको र फोहोर व्यवस्थापनका लागि ल्याण्डफिल साइट तथा ढल निकासको प्रवन्ध रहेको छ ।

- JMP अनुसार सरसफाइको परिभाषा
- सुरक्षितरुपले व्यवस्थित सरसफाई
- दिगो विकास लक्ष्यले सुरक्षित रूपले व्यवस्थित सरसफाइलाई सुधारिएका सुविधाहरूको प्रयोग जुन अन्य परिवारसँग साझेदारी गरिएको छैन र जहाँ फोहरलाई उत्पति स्थानमै, सुरक्षित रुपले फोहोर फाल्ने स्थानमा ढुवानी गरी व्यबस्थापन गरिएको रुपमा परिभाषित गरेको छ । नेपालको सन्दर्भमा यो सामान्यतया डबल (पिट शौचालयहरूमा मात्र सम्भव हुन्छ जहाँ एउटा पिट भरिएको खण्डमा अर्को प्रयोग गरिन्छ र पिटमा कम्पोष्ट हुदै गर्छ जसले गर्दा भरिएको पिट कच्चा रुपमानै फोहर निकालेर खाली गर्नु पर्दैन । सर्वेक्षण गर्दा प्रायोग गरिएका अन्य परिभाषाहरु निम्नानुसार छन्
- आधारभुत BASIC: पक्की शौचालय भएको तर अरु घरसँग साझेदारी नगरिएको एकल सेप्टिक टैंक भएका शौचालयहरु)
- सीमित LIMITED पक्की शौचालय भएको तर अरु घरसँग पनि साझेदारी गरिएको
- नसुधारिएको UNIMPROVED: कच्ची शौचालयहरु भएको
- खुल्ला दिशा (शौचालय नभएको)

स्रोत JMP, httpsM//washdata.org/monitoring/sanitation_

### १.१.३ सार्वजनिक शौचालय

यस नगरपालिका भित्र जम्मा ३ वटा सार्वजनिक शौचालयहरु छन भने ती ३ वटा मध्ये ३ वटा नै सञ्चालनमा रहेका छन् । शौचालयहरुमा पानीको व्यवस्थापनका लागि हाते पम्प जडान गरिएको छ । सार्वजनिक शौचालय प्रयोगका लागि ३ वटा शौचालय निशुल्क छ । प्रयोगमा आएका ३ वटै सार्वजनिक शौचालयहरुमा ३ वटामा हातधुने सुविधा छ भने महिनावारी व्यवस्थापन र अपाङ्ग मैत्री सुविधा छ । सार्वजनिक शौचालयहरुको मर्मत संभार तथा सञ्चालन एउटा चुनौतीको रुपमा रहेको छैन । नगरपालिका भित्रका प्रस्तावित सार्वजनिक शौचालयहरुको विवरण अनुसूची ७.७ मा प्रस्तुत गरिएको छ ।

### ७.७.४ सामुदायिक तथा संस्थागत शैक्षिक संस्थाहरुको सरसफाइ तथा स्वच्छताको अवस्था

ठाकुरबाबा नगरपालिकामा रहेका सामुदायिक तथा संस्थागत शैक्षिक संस्थाहरुको सरसफाइ तथा स्वच्छताको अवस्थलाई मूल्याङ्कन गर्दा शौचालयहरुमा पानीको उपलब्धता, पर्याप्तता, साबुनपानी र हातधुने सुविधा, महिनावारी स्वच्छता व्यवस्थापन, ठोस तथा तरल फोहोर व्यवस्थापन आदि सूचक राखेर तथ्याङ्क लिइएको थियो ।

ठाकुरबाबा नगरपालिकामा रहेका ४० विद्यालयहरु मध्ये २६ सामुदायिक तथा १४ संस्थागत विद्यालयमा शौचालय छ र ४० वटै विद्यालयमा पानीको सुविधा पनि रहेको छ। शौचालय भएका ४० वटा विद्यालय मध्ये २६ वटा विद्यालयको शौचालयमा अपाङ्गतामैत्री सुविधा (Ramp) भएको पाइयो भने १४ वटा विद्यालयमा नभएको पाइयो । त्यस्तै जोखिमपूर्ण अवस्थामा साबुनपानीले ४० वटा विद्यालयमा हात धुने सुविधा उपलब्ध रहेको र १४ वटा विद्यालयमा मात्र किशोरीहरुको लागि स्यानिटरी प्याड उपलब्धता रहेको र १४ वटा विद्यालयमा इन्सिनेटरमा विसर्जन गर्ने गरेको र कुल ४० वटा शौचालयम भएका विद्यालयमध्ये ४० वटा विद्यालयमा नै लैङ्गिक रुपले सुरक्षित रहेका छन। शैक्षिक संस्थाहरुको सरसफाइ सुविधाको विवरण अनुसूचि ७.४ मा दिइएको छ।

### ७.७.५ स्वास्थ्य संस्थाहरुमा सरसफाइ तथा स्वच्छता अवस्था

ठाकुरबाबा नगरपालिकामा भएका जम्मा ९ वटा स्वास्थ्य संस्थाहरु मध्ये ९ वटैमा शौचालय रहेको पाइयो । स्वास्थ्य संस्थाहरुमा सरसफाइ र स्वच्छताको अवस्था राम्रो देखियो । ९ वटा शौचालय मध्ये ९ वटामा बालमैत्री सुविधा, अपाङ्गमैत्री सुविधा र महिनावारी व्यवस्थापनको सुविधा (शौचालयमा ढकन सहितको डस्टबिन) रहेको पाइयो । सबै स्वास्थ्य संस्थाहरुमा ठोस फोहोर सङ्कलनका लागि प्लाष्टिक व्याग र डस्टबिन रहेको छन र ती फोहोर व्यवस्थापनका लागि, ९ वटामा जैविक प्रक्रियाबाट विशेष खाडलमा गाढने र ९ वटामा फाहोर विसर्जन केन्द्रमा व्यवस्थापन गर्ने गरेको पाइयो ।

### ७.७.६ महामारीको प्रकोप

ठाकुरबाबा नगरपालिकामा विगत ५ वर्षमा पानीजन्य रोगको महामारीको प्रकोप देखिएको छैन ।

### ७.३ खानेपानीको गुणस्तर

यस ठाकुरबाबा नगरपालिका भित्रको खानेपानीको अवस्थालाई हेर्दा सन्तोषजनक नै देखिन्छ । १०४५४ घरधुरी मध्ये स्यालोट्युबवेलबाट पानी पिउने ९३.९ प्रतिशत देखिए पनि ६८५४ घरधुरीले आर्सनिकको अवस्था जाँच गरेको देखिदैन तर सोबाट हुने असर देखिएको छैन । अधिकांश घरधुरीले स्यालो ट्युवेल निर्माण गर्दा पालना गर्नुपर्ने पूर्ण मापदण्ड पूरा गरिएको देखिदैन ।

### ७.४ जलवायु परिवर्तन असर तथा स्थानीय अनुकुलनका प्रयासहरु

यस नगरपालिकाको बिपद व्यवस्थापन प्रतिकार्य योजना २०७६ अनुसार विपद जोखिमको अवस्था विश्लेषण गर्दा प्रमुख जोखिमको रुपमा भूकम्प, बाढी, आगलागी, महामारी, शीतलहर, जङ्गली जनावर आतङ्क, मौसमी सुख्खा, किट आतङ्क, चट्यागं प्रमुख रुपमा रहि आएका छन् । खानेपानी, सरसफाइ र स्वच्छताका क्षेत्रमा त्यस्ता विपदहरुले गम्भीर असर पर्ने गरेका छन्। यस सम्बन्धी विवरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका २.१७ नगरपालिकामा हुन सक्ने सम्भावित प्रकोपको विवरण

| क्र.स. | संभावित प्रकोप | विद्यमान अवस्था | समय |
|---|---|---|---|
| १ | भूकम्प | भूकम्पिय जोखिमका दृष्टिले नेपाल विश्वको ११ औं स्थानमा रहेको र नगरपालिकामा भूकम्प प्रतिरोधात्मक भवन कमै मात्रामा भएको, भवन आचारसंहित पूर्णरुपमा लागु नभएको | जुनसुकै समयमा |
| २ | बाढी | नगरमा विशेषतः साना ठूला नदी र खोलाहरु बग्ने गरेको र वर्षायाममा नदी तथा खोलाहरुले आसपासका भुभागहरु वर्षेनी धेरै संख्यामा परिवार प्रभावित भैरहेका छन् । | जेष्ठ-असोज |
| ३ | आगलागी | नगरको धेरै जसो भूभाग घनावस्ती रहेका र अति विपन्न समुदायका घरहरु सचेतना अभाव, अग्नी नियन्त्रण यन्त्रको अभाव, घरको बनोट हावाहुरी चल्नु र बच्चाहरुले आगोबाल्ने वस्तुहरु खेलाउँदा आगलागीका घटना बढी हुने गरेको , | फाल्गुन-जेष्ठ |
| ४ | महामारी | बाढी पश्चान पूर्ण प्रकोपको रुपमा झाडापखाला लगायतका पानी जन्य रोगहरु बढने गरेको, स्रोत साधनको अभाव र जनचेतना कमी, अनुकुल क्षमताको अभाव | विपद् पछि |
| ५ | बर्ड फ्लु | अव्यवस्थित कुखुरा पालन | जुनसुकै समयमा |
| ६ | शीतलहर | चिसोको मात्रा बढ्दै गएको समयमा विपन्न वस्ती बढी प्रभावित, | मंसिर-माघ |
| ७ | जंगली जनावर आतंक | नगरको बनजंगल वरिपरि बसोबास भएको क्षेत्रहरु | जुनसुकै समयमा |
| ८ | मौसमी सुख्खा | पानी नपरेमा नहरको सिंचाई नपुगेकका भागहरु | असार-भदौ |
| ९ | किट आतङ्क | जलवायु परिवर्तन, बढी विषदीको प्रयोगका कारण लाभकारि चरा, किराहरु लोप, हानीकारक किराहरुको वढोत्तरी | खेती मौसम |
| १० | चट्याङ्ग असिना | बढी जसो बर्षायाम र पानी परेको समयमा, | जुनसुकै समयमा |
| ११ | हावा हुरी | गर्मी याममा चल्ने हावाहुरीले घरहरु उडाउने र रुखहरु ढलाउने तथा संरचनाहरु भत्काउने | चैत्र-ज्येष्ठ |

समग्र तराइ क्षेत्रमा जस्तै यस क्षेत्रमा पनि जलवायु परिवर्तनको असरहरु देखिन थालेको पाइन्छ । प्रमुख रुपमा खानेपानीको प्रमुख स्रोतको रुपमा रहेको भूमिगत स्रोतको पानीको सतह घटेको र अतिवृष्टि अनावृष्टिको कारणले बाढिका साथै खडेरी जस्ता समस्याहरु क्रमश बढेका छन् । जलवायु अनुकुलनका लागि योजनाबद्ध तवरबाट कुनै पनि कार्यक्रमको सुरुवात भएको पाइएको छैन ।

### २.५ योजना कार्यान्वयनमा जनताको चासो र योगदानका लागि तत्परता

यस नगरपालिकाका जनतामा खानेपानी, सरसफाइ र स्वच्छताका सम्वन्धमा चासो बढ्दै गएको छ र संघीयता कार्यान्वयन संगै स्थानीय सरकारको बहाली पश्चात चासोसँगै अपेक्षा पनि बढेको छ । अब

सानोतिनो लगानी र जनपरिचालनको लागि खासै समस्या नरहेकोले समुदायमा खानेपानी, सरसफाइ तथा स्वच्छता अभियानलाई परिमाणमुखी बनाउन २० वर्षे गुरु योजना समेत तयार गरी तदारूकताका साथ लागि परेको देखिन्छ ।

## १. ६ पूर्ण सरसफाइ उन्मुख अवस्था तर्फको समग्र अवस्था

यस नगरपालिकामा खुला दिसामुक्त घोषणा पश्चात पूर्ण सरसफाइको दिशामा अगाडी बढेको छ र नगरपालिका स्तरीय खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समिति सक्रिय बनेको छ । प्लान नेपालको सहयोगमा सबै वडाहरुमा चाईल्ड ड्रिम कार्यक्रम संगसंगै सरसफाइको कार्यक्रम अगाडी बढि रहेको छ । समग्रमा पूर्ण सरसफाइको अवस्था तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २.१८ पूर्ण सरसफाइ उन्मुख अवस्था तर्फको समग्र अवस्था**

| क्र स | पूर्ण सरसफाइका सूचकहरु | विद्यमान अवस्था |
|---|---|---|
| १ | **योजना तर्जुमा तथा व्यवस्थापन**<br>● समन्वय समिति सक्रिय भएको,<br>● वास प्लान तयार भएको,<br>● क्षमता विकासका लागि तालिमहरु सञ्चालन गरिएको, | ● नगरपालिका स्तरीय वास समन्वय समिति गठन भएको,<br>● वास योजना तयारीको क्रममा रहेको,<br>● क्षमता विकासका लागि खानेपानी र सरसफाइ सम्बन्धी तालिमहरु भएका, |
| २ | **चर्पीको समुचित प्रयोगको अवस्था**<br>● प्रत्येक घरधुरी, संघ संस्था र आवश्यकता अनुसार सार्वजनिक स्थानहरुमा चर्पी निर्माण भइ प्रयोग भएको,<br>● साबुन पानीको सुविधा सहितको सुरक्षित र सफा चर्पी रहेको,<br>● खुला ठाउँमा दिसा नभेटिएको,<br>● संघ सस्था र सार्वजनिक शौचालयहरु प्रयोगकर्ता मैत्री भएको, | • ९५.२४ प्रतिशत घरधुरीमा, १०० प्रतिशत विद्यालयहरुमा, १०० प्रतिशत स्वास्थ्य संस्थाहरुमा, १०० प्रतिशत कार्यालयहरुमा चर्पी प्रयोग भइ सकेको<br>● ७२.३६ प्रतिशत घरधुरीमा, १०० प्रतिशत विद्यालयहरुमा, १०० प्रतिशत शौचालय स्वास्थ्य संस्थामा र ९८ प्रतिशत सार्वजनिक शौचालयहरुमा हातधुने सुविधा छ ।<br>● शौचालय भएका विद्यालयहरु मध्ये १०० प्रतिशत लैङ्गिकमैत्री र ६५ प्रतिशत अपाङ्गमैत्री, स्वास्थ्य संस्थाहरुमध्ये १०० प्रतिशत लैङ्गिकमैत्री र ७८ प्रतिशत अपाङ्गमैत्री र सार्वजनिक शौचालयहरुमा वास सुविधा रहेको । |

| | | |
|---|---|---|
| ३ | **व्यक्तिगत सरसफाइ**<br>● प्रत्येक घरले उपयुक्त स्थानमा साबुन पानी सहितको हातधुने स्थान बनाएको,<br>● घर, विद्यालय, स्वास्थ्य संस्था, कार्यालयहरुमा साबुन पानीले हात धुने सुविधा<br>● घर, विद्यालय, स्वास्थ्य संस्था, कार्यालयहरुमा साबुन पानीले हात धुने, महिनावारी व्यवस्थापन लगायतका व्यक्तिगत सरसफाइ सम्बन्धी ज्ञान र अभ्यास भएको,<br>● व्यक्तिगत सरसफाइमा ध्यान पुऱ्याएको, | ● ७८.१३ प्रतिशत घरधुरीमा साबुनपानी सहितको हात धुने सुविधा छ ।<br>● ९८.४३ प्रतिशत विद्यालय, ९९ प्रतिशत स्वास्थ्य संस्थामा साबुन सहितको हात धुने सुविधा छ भने ३३ प्रतिशत सार्वजनिक शौचालयमा साबुन सहितको हात धुने सविधा छ ।<br>● सबै कार्यालय र विद्यालयहरुमा महिनावारी व्यवस्थापनका लागि सेनेटरी प्याडको व्यवस्थापन भएको छ ।<br>● व्यक्तिगत सरसफाईको समुचित प्रयो भएको पाईन्छ । |
| ४ | **सुरक्षित पानीमा पहुँच तथा प्रयोग**<br>● आधारभूत स्तरकोपानीमा सबैको पहुंच भएको,<br>● खानेपानी प्रणालीबाट सुरक्षित खानेपानी नभएको अवस्थामा घरायसी, विद्यालय, संघ संस्थामा पानीको शुद्धीकरणका कुनै एक विधिको प्रयोग गरेर मात्र पानी पिउने गरेका,<br>● घरेलु पानी शुद्धीकरणका आवश्यक सामग्रीहरु स्थानीय बजारमा उपलब्ध भएको, | ● खानेपानी योजनाहरुका mWater प्रतिवेदन अनुसार करिब ६.०९ प्रतिशत घरहरुमा मात्र पाइप प्रणालीको खानेपानीमा पहुँच पुगेको छ ।<br>● खानेपानीको शुद्धीकरण गर्ने सम्वन्धमा घरायसी तहमा ३६.९४ प्रतिशत घरधुरीले संधै शुद्धीकरण गर्ने गरेका, ६३.०६ प्रतिशत घरधुरीले शुद्धिकरण नगरी सोभै प्रयोग गर्ने गरेका छन् ।<br>● खानेपानीको शुद्धीकरण गर्ने सम्वन्धमा विद्यालयमा तहमा १०० प्रतिशत विद्यालयहरुले शुद्धीकरण गर्ने गरेका ।<br>● खानेपानीको शुद्धीकरणका सम्वन्धमा स्वास्थ्य संस्थाहरुको तहमा १०० प्रतिशत स्वास्थ्य संस्थाहरुले गर्ने गरेका छन । |
| ५ | **स्वच्छ र सुरक्षित खानाको प्रयोग**<br>● घरको भान्सा, होटल तथा रेष्टुराहरु सफा रहेको र वासी तथा सडेगलेको खाना नखाने र नबेच्ने,<br>● खाना पकाउने र खाने भाँडा सफा हुनुका साथै खानेकुरा र पिउने पानी छोपेर राखेको,<br>● फलफूल तथा खानेकुराहरु राम्रो सँग सफा गरेर एबं पकाएर, तताएर खाने खुवाउने गरेको,<br>● सुरक्षित खानाको लागि कार्यदल गठन गरी कम्तिमा चौमासिक रुपमा अनुगमन हुने गरेको, | ● यी सूचकहरुमा वास योजना प्रक्रियाका क्रममा सूचना नलिइएको |

| | | |
|---|---|---|
| ६ | **घरायसी एवं संस्थागत सरसफाइ**<br>● घर, विद्यालय, संघ संस्थाभित्र तथा बाहिर सफा रहेको,<br>● विद्यालय, संघ-संस्था तथा सार्वजनिक शौचालयहरुमा महिनावारीमा प्रयोग गरिएका स्यानिटरी प्याड वा अन्य साधनहरुको सफाइ एवं विसर्जन गर्ने वैज्ञानिक व्यवस्था भएको,<br>● घर, आंगन एवं विद्यालय, संघ संस्थाबाट निस्कने फोहोरलाई कुहिने र नकुहिने वर्गीकरण गरी ती फोहोरको समुचित व्यवस्थापन गरेको,<br>● घर, आंगन एवं विद्यालय, संघ संस्थाबाट निस्कने फोहोरपानीको सुरक्षित निष्कासन भएको,<br>● अस्पताल, उद्योग, कलकारखानाबाट निस्केको फोहोरको सुरक्षित सङ्कलन, निस्कासन तथा विसर्जन सोही संस्थाले गर्ने गरेको,<br>● उपयुक्त तरिकाले पशुपंक्षिको गोठ तथा खोर र मलमूत्र व्यवस्थापन गर्ने गरेको,<br>● भान्सा कोठामा हावा ओहोर दोहोर हुने उचित व्यवस्था तथा धुवारहित चुल्होको प्रयोग भएको, | ● घरायसी तहमा करिब २७.३२ प्रतिशत घरपरिवारले कुहिने र नकुहिने फोहोर छुट्याउने गरेका छन् र फोहोर व्यवस्थापनका लागि वैज्ञानिक व्यवस्था छैन ।<br>● घर, आंगन एवं विद्यालय, संघ संस्थाबाट निस्कने फोहोरपानीको सुरक्षित निस्कासनको व्यवस्थापन हुन सकेको छैन ।<br>● अस्पताल, उद्योग, कलकारखानाबाट निस्केको फोहोरको सुरक्षित सङ्कलन, निस्कासन तथा विसर्जन सोही संस्थाले गर्ने गरेका छैनन् ।<br>● भकारो सुधारका कार्यक्रमहरु क्रमशः संचालन भई रहेकाले गोठ सुधारका कार्यक्रममा सुधार भई रहेको छ ।<br>● अस्पताल, उद्योग, कलकारखानाबाट निस्केको फोहोरको सुरक्षित सङ्कलन, निस्कासन तथा विसर्जन सोहि संस्थाले गर्ने गरेको छैन<br>● उपयुक्त तरिकाले पशुपंक्षिको गोठ तथा खोर र मलमूत्र व्यवस्थापनको क्रमशः विकास हुदै गरेको छ<br>● प्राय घरहरुले सुधारिएको चुलो र ग्यास चुलो प्रयोग गरेको देखिन्छ । |
| ७ | **वातावरणीय सरसफाइ**<br>● गाउँ टोल, नगर एवं चौतारा आदि सार्वजनिक स्थानहरुको सरसफाइको लागि सरसफाइ समिति गठन भएको,,<br>● घरायसी तथा संस्थागत तहमा ठोस तथा तरल फोहोर व्यवस्थापनको आवश्यकता अनुसार उपयुक्त प्रविधिको भएको,<br>● मानव मलमूत्रको व्यवस्थापनका हकमा व्यवस्थित सेप्टिक ट्याङ्कीमा जोडिएको, पक्कि वाटरशील चर्पी लगायत अन्य उपयुक्त प्रविधिको प्रयोग भएको,<br>● नगर वा नगरोन्मुख क्षेत्रमा ठोस फोहोरमैला व्यवस्थापनका लागि स्यानिटरी ल्याण्डफिल साइटको पहिचान गरी निर्माणको योजना तर्जुमा भएको,<br>● व्यवस्थित ढल प्रणाली मानव मुत्रीय फोहोर व्यवस्थापन वा वैज्ञानिक फोहोरपानी प्रशोधन प्रणाली योजना तर्जुमा भएको, | ● ठोस तथा तरल फोहोर व्यवस्थापनको वैज्ञानिक ढल निकास तथा ल्याण्डफिल साइटको उपयुक्त तरिकाले पशुपंक्षिको गोठ तथा खोर र मलमूत्र व्यवस्थापन गर्ने गरेको छैन<br>● निर्माण नगरिएको ।<br>● घरधुरीको हकमा ६७.३४ प्रतिसत घरहरुमा सेफ्टी टंकी तथा पक्की चर्पि लगायत अन्य उपयुक्त प्रबिधिको प्रगोग भएको ।<br>● फोहोरमैला व्यवस्थापनका लागि स्यानिटरी ल्याण्डफिल साइटको व्यवस्थापन गरिएको तर फोहोरको वर्गीकरण हुन नसकेको । |

# अध्याय ३

# कार्ययोजना तथा कार्यक्रमहरूको प्राथमिकीकरण

## ३.१ खानेपानी योजनाहरुको पहिचान र योजना

### ३.१.१. नयाँ खानेपानी योजनाहरु

नयाँ खानेपानी निर्माण गर्दा एक घर एक धाराको नीति अवलम्बन गरिनुका साथै भूमिगत पानीको स्रोत भएकोले ओभरहेड टंकिको अलावा पानी शुद्धिकरणका लागि आवश्यक संरचनाहरु पनि निर्माण गरिने कार्यक्रम राखिएको छ । नयाँ योजना निर्माणको लागि सर्वप्रथम निर्माणाधीन योजनाहरुको सम्पन्न कुरालाई प्राथमिकतामा राखेर समन्वय गरिनेछ ।

नयाँ खानेपानी योजनाहरु पहिचान गर्दा वडा स्तरीय योजना तर्जुमा गोष्ठीबाट प्राप्त खानेपानी योजनाहरुको सूचीलाई नगरपालिका स्तरको गोष्ठीमा प्रस्तुत गरी पारित गर्ने र प्राथमिकता तोक्ने प्रक्रिया मार्फत गरियो । नगरपालिका स्तरीय गोष्ठीबाट प्रस्तावित खानेपानी योजनाहरुको सूची यस प्रकार रहेको छ।

तालिका नं. ३.१ नयाँ खानेपानी योजनाहरु

| क स | क्रियाकलाप र योजना | वडा नं. | टोल | घरधुरी | जनसंख्या | योजनाको किसिम |
|---|---|---|---|---|---|---|
| १ | बगनाहा -मानपुर खैलार खानेपानी तथा सरसफाई आयोजना | ३ | बगनाहा, खैलार, मानपुर | ५४३ | २५०४ | ओभरहेड ट्याङ्की |
| २ | मढेला चिट्कैया खानेपानी तथा सरसफाई आयोजना | ८ | मढेला, चिट्कैया, भुड्कैया,गोब्रेला | ५४३ | ३२६१ | ओभरहेड ट्याङ्की |
| ३ | नेउलापुर गोदाना खानेपानी तथा सरसफाई आयोजना | ३ | नेउलापुर, गोदाना, मिर्चैया, कन्चनपुर, सत्घरुवा | ७५४ | ४९७५ | ओभरहेड ट्याङ्की |
| ४ | काठमाण्डु टोल खानेपानी तथा सरसफाई आयोजना | २ | प्रतापुर, पेरहनी, सुजनपुर, सत्घरुवा, तिनघररुवा | २१३ | १२२८ | ओभरहेड ट्याङ्की |
| ५ | सैनवार वसुरिय हात्तीसार खानेपानी तथा सरसफाई आयोजना | ४ | बर्गदा, सैनवार, मैनवार, बावनपुर, मानपुर | ९३८ | ५३६३ | ओभरहेड ट्याङ्की |
| ६ | डुम्रेनी खानेपानी तथा सरसफाई आयोजना | १ | डुम्रेनी, भुरिगाउ, सिहँबाहिनी | ५४४ | ३०९३ | ओभरहेड ट्याङ्की |

वास योजना पछि ६ वटा नयाँ खानेपानी आयोजनाहरु संचालन गर्नु पर्ने देखिन्छ । संचालित योजना र निर्माणाधिन खानेपानी योजनाले कुल घरधुरीको ५८.०३ प्रतिशतलाई स्वच्छ खानेपानी पुऱ्याउन सकिनेछ भने

वास योजनाबाट कुल घरधुरीको ४१.९७ प्रतिशत लाई स्वच्छ खानेपानी उपलब्ध गराउने लक्ष्य राखिएको छ।

### ३.१.७ निर्माणाधिन खानेपानी योजनाहरुको मर्मत सम्भार तथा सुचारुपन र दिगोपना

ठाकुरबाबा नगरपालिकामा निर्माणाधीन सम्पुर्ण खानेपानी योजनाहरुको दिगोपन र सुचारुपनलाई कायम राख्न विविध क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ।

३.२ निर्माणाधिन खानेपानी योजनाहरु

| क्र स | क्रियाकलाप र योजना | वडा नं. | टोल | घरधुरी | जनसंख्या | योजनाको किसिम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ढुङ्गहवा -शाहिपुर - खानेपानी तथा सरसफाई आयोजना | ५ | ढुङ्गहवा, खोनपुर, शाहिपुर, शिसवारा, बनबिरपुर | ८५७ | ४६१३ | ओभरहेड ट्याङ्की | गुणस्तर सुधार र क्षमता विस्तार |
| २ | ठाकुरद्वारा खानेपानी तथा सरसफाई आयोजना | ९ | बेतहनी, ठाकुरद्वारा, खुसलपटुवा | ६२९ | ३४२४ | ओभरहेड ट्याङ्की | गुणस्तर सुधाररर क्षमता विस्तार |
| ३ | शिवपुर ८ ९ खानेपानी तथा सरसफाई आयोजना | ७ | मुक्तिपुर, सुन्दरपुर, कालिगौडी, भदेली, मोहनपुर | ७८४ | ४५७१ | ओभरहेड ट्याङ्की | गुणस्तर सुधाररर क्षमता विस्तार |
| ४ | सुखाड-सुतैया खानेपानी तथा सरसफाई आयोजना | ८ | सुखाड, सुतैया | ३५० | १७६५ | ओभरहेड ट्याङ्की | गुणस्तर सुधाररर क्षमता विस्तार |
| ५ | शिवपुर खानेपानी तथा सरसफाई आयोजना | ६ | बकुवा, तुल्सीपुर, मोतिपुर,मनिकापुर | ११४ | ६७० | ओभरहेड ट्याङ्की | गुणस्तर सुधाररर क्षमता विस्तार |
| ६ | मानपुर जुडपानी खानेपानी तथा सरसफाई आयोजना | ३ | गोविन्दपुर, जुडपानी, मिर्चैया, तकिया | २६७ | १४०७ | ओभरहेड ट्याङ्की | गुणस्तर सुधाररर क्षमता विस्तार |
| ७ | कर्मला खानेपानी तथा सरसफाई आयोजना | २ | कर्मला, रानीपुर | ५०३ | २७५६ | ओभरहेड ट्याङ्की | गुणस्तर सुधाररर क्षमता विस्तार |
| ८ | बलाती खानेपानी तथा सरसफाई आयोजना | २ | बलाती, प्रतापुर, पेरहनी, अम्रेनी, सुजनपुर | ८६४ | ४५९४ | ओभरहेड ट्याङ्की | गुणस्तर सुधाररर क्षमता विस्तार |
| ९ | भुरीगाउँ खानेपानी तथा सरसफाई आयोजना | १ | डुम्रेनी, भुरीगाउ, सिहँबाहिनी, खोदाउ | ५२३ | २६३२ | ओभरहेड ट्याङ्की | गुणस्तर सुधाररर क्षमता विस्तार |

उल्लेखित ९ वटा आयोजनाहरुबाट बृद्धि हुने घर परिवार र जनखंस्यालाई खानेपानीको पहुच अभिबृद्धि गर्न निम्नानुसारका कार्यहरु गरिनेछन्।

१.	फिल्टर प्लान्ट जडान
२.	नयाँ बोरिङ जडान
३.	पाईपलाईन बिस्तार

### ३.१.३ खानेपानी सुरक्षा योजना गुणस्तर पहिचान र सुनिश्चितता

समुदायले प्रयोग गरिरहेका सम्पुर्ण खानेपानी प्रणाली, निर्माणाधिन र प्रस्तावित आयोजनाहरुमा, खानेपानी सुरक्षा योजना लागु गरिने छ । सुरक्षा योजना कार्यान्वयनका लागी अति आवश्यक खानेपानी गुणस्तर परीक्षणका लागी नगरपालिकाका केही प्राविधिक कर्मचारीहरुलाई पानी गुणस्तर तालिममा सहभागी गराएर नगरपालिकामा खानेपानी गुणस्तर परीक्षणको व्यवस्था मिलाइनेछ । पानी परीक्षण पश्चात पानीको गुणस्तर कायम गर्न विभिन्न कार्यक्रमहरु सञ्चालनका साथै आवश्यक खानेपानी योजनाहरुमा पानी शुद्धिकरण कार्यक्रम समेत कार्यान्वयन गरिने छ ।

## ३.२ सरसफाई योजनाहरुको पहिचान तथा योजना

### ३.२.१ घरायसी शौचालय निर्माण तथा स्तरोन्नती

घरायसी शौचालयहरु निर्माण तथा स्तरोन्नतीका लागी अनुगमन समिति बनाएर शौचालय नभएका घरहरुलाई निश्चित समय दिएर शौचालय बनाउन प्रोत्साहित गरिने छ र चर्पी नबनाउने घरहरुलाई रणनीतिमा उल्लेख भए बमोजीम कार्वाहिको प्रक्रिया अगाडि बढाइने छ । समुदायको लागतलाई मध्यनजर गर्दै बाह्य सामाग्री खरिदका लागी मात्र रु ५०,००० प्रति शौचालय अनुमान गरिएको छ ।

तालिका नं ३.३ नयाँ निर्माण तथा स्तरोन्नति गरिने शौचालयहरुको विवरण

| क्र स | शौचालय नभएका घर | कच्चि र सामान्य शौचालय | साझेदारी शौचालय | जमिन सम्म पक्कि बाहिरी संरचना नभएको | जम्मा संख्या | अनुमानित लागत (रु हजारमा) |
|---|---|---|---|---|---|---|
| | ४९७ | ७७२ | १०१७ | १७८ | २४६४ | ४०२९० |



माथिको तालिका अनुसार यस नगरपालिकामा शौचालय नभएका ४९७ घरधुरी परिवारलाई नयाँ शौचालय निर्माण गरिने र कच्ची र सामान्य शौचालय भएका ७७२ घरधुरीको शौचालयलाई स्तरोन्नती गरिने ।

### ३.१.१ संस्थागत शौचालय (विद्यालय, स्वास्थ्य संस्था, सार्वजनिक) निर्माण तथा स्तरोन्नति

सार्वजनिक तथा संस्थागत शौचालय निर्माण, सञ्चालन तथा मर्मतका लागि सम्बन्धीत संस्थाहरुलाई जिम्मेवार बनाइने छ । धेरै जस्तो स्थानमा शौचालयहरु भएको तथा सञ्चालनको अवस्था खराव रहेको र संरचनाहरु बाल मैत्री, अपाङ्ग मैत्री तथा महिला मैत्री नभएको अवस्थामा मर्मत सम्भार तथा स्तरोन्नतिका अलावा सार्वजनिक शौचालयहरुको हकमा भने मर्मत सम्भारको सुनिश्चितता पछि मात्र निर्माण गरिने छ ।

तालिका नं ३.४ संस्थागत शौचालय नयाँ निर्माण तथा मर्मत विवरण

| क स | कियाकलाप र योजना | अनुमानित लागत (रु हजारमा) |
|---|---|---|
| क) | सार्वजनिक शौचालय | |
| १ | नयाँ सार्वजनिक शौचालय निर्माण जम्मा १२ वटा प्रति शौचालय | ९००० |
| ख) | विद्यालय सरसफाइ (सामुदायिक) | |
| १ | विद्यालय शौचालय मर्मत र सुविधा थप (३१ वटा विद्यालय) | ७७५० |
| ग) | स्वास्थ्य संस्था सरसफाइ | |
| १ | सम्पूर्ण सरकारी स्वास्थ्य संस्था शौचालय मर्मत (९ वटा) | २२५० |
| घ) | सार्वजनिक संस्था सरसफाइ | |
| १ | सरकारी कार्यालय शौचालय मर्मत सुविधा थप (२१ वटा) | ५२५० |

### ३.१.३ व्यवस्थित ठोस फोहोर व्यवस्थापन कार्यक्रमहरु

१. वडा नं ३ गोदानामा रहेको डम्पिङ साइडलाई व्यवस्थित एवम सुरक्षित र दुर्गन्ध रहित बनाउने ।
२. यस नगरपालिकाका सम्पूर्ण वडाहरुमा वडाले स्वामित्व लिने गरी डम्पीङ साइडको निर्माण गर्ने ।
३. फोहोरको वर्गीकरण गरी सड्ने फोहरलाई कम्पोष्ट गर्ने, नसड्ने फोहोरका लागी प्लाष्टिक डस्विन राख्ने ।
४. बोतल डिपोजिट बक्स निर्माण गरी मुख्य बजारमा राख्ने ।
५. सेफ्टी टंकि सफा गर्ने मेसीन खरिद गर्ने ।
६. प्रत्येक वडामा रहेका स्वास्थ्य संस्थामा इन्सिनेरेटर निर्माण गर्ने ।

### ३.१.४ व्यवस्थित ढल व्यवस्थापन योजना

तालिका नं. ३.५ व्यवस्थीत ढल योजना

| वडा नं. | योजनाको नाम | अनुमानित लागत (रु हजारमा) |
|---|---|---|
| १ | भुरिगाँउ गुलरिया रोड - दुन्द्रा<br>तिनमुहान, भुरिगाँउ, आदर्शनगर, कन्चनपुर दुन्द्रा<br>भुरिगाँउ स्वास्थ्य चौकी, कृष्ण प्रणामी मन्दिर, सतघरुवा - दुन्द्रा<br>रानीपुर,खोदाउ,सतघरुवा- दुन्द्रा | २०००० |
| २ | सतघरुवा विचगाँउ - आम्बासा<br>सिंहवाहिनी खेल मैदान बरथपुरुवा -<br>कर्मला रानीपुर कोलीया लाइन - दुन्द्रा<br>बलाती - आम्बासा<br>बलाती पेरहनी - ओराही<br>बलाती चोक जरहिकुला - आम्बासा<br>सतघरुवा नुवाकोट टोल - आम्बासा<br>तिनघरुवा -आम्बासा<br>अम्रेनी गाँउ सडक किनार- ओराही खोला | २०००० |
| ३ | गुलरीया भुरीगाउ सडक खण्ड दुवै किनारा<br>कन्चनपुर नेउलापुर सडक दुवै किनारा<br>मानपुर - ढोढरी कुलो<br>मिर्चैया गाउ सडक छेउ<br>बगनाहा स्कुल मिर्चैया हुँदै नेउलापुर गोदाना गिदरपुर हुँदै जुडपानी | १५००० |
| ४ | सैनवार बावनपुर हुदै मानपुर बाटो दुवै छेउ<br>बर्गदा गाउदेखि मैनवार बाटोको दुवै छेउ<br>सैनवार आर्मि पोष्टदेखि मानपुर सडक किनार<br>खैलारदेखि बगनाहा सडक छेउ दुवै तर्फ | १५००० |
| ५ | भुरीगाउ गुलरीया सडक वनकट्टीदेखि ढुङ्गहवासम्म सडक छेउ<br>खुनपुरदेखि शाहिपुर सडक छेउ<br>वनकट्टी सिसवारादेखि गोविन्दपुर जोड्ने सडक किनारा<br>वनविरपुर - तकिया सडक छेउ | १५००० |
| ६ | बकुवा बजार - गिठेनाला<br>मोतिपुर लठुवा - रजकुला नाला<br>तुल्सीपुर बकुवा - तल्लो रजकुला नाला | १०००० |

| | | |
|---|---|---|
| ७ | कानपुर खेल मैदान - ओराही खोला | ५००० |
| ८ | आम्बासा ठाकुरद्वारा सडक खण्ड गोब्रेलादेखि चिट्कैया - दुन्द्रा | ५००० |
| ९ | ठाकुरद्वारा बजार - दुन्द्रा नाला<br>किङफिसर - बानुगाउ सडक दुवै किनार | ५००० |

### ३.२.५ महिनावारी स्वच्छता व्यवस्थापन योजना

घरधुरी सर्वेक्षण र छलफलका क्रममा पाएको तथ्यहरुका आधारमा धेरै जसो महिलाहरु पुनःप्रयोग गर्न सकिने कपडालाई स्यानिटरी प्याडको रुपमा प्रयोग गरेका छन् र युवतिहरुमा भने पुन प्रयोगमा नआउने खालको स्यानिटरी प्याडको प्रयोग गर्ने गरेको पाइएको छ, तर प्रयोग गरी सके पछिको व्यवस्थापनको अवस्था नाजुक रहेको छ। महिनावारी व्यवस्थापनका लागि पुनःप्रयोग गरिने कपडाको स्वच्छतामा भने केही प्रश्नहरु खडा भएका छन् । यसकारणले आर्थिक अवस्थामा सुधार गरी कुहिने तथा पुन प्रयोग गर्न मिल्ने खालको स्यानिटरी प्याड प्रयोग गर्नलाई भने प्रोत्साहन गर्नका लागि आमा समूहहरुसँग समन्वय गरिने छ।

विद्यालयहरुमा भने महिनावारी व्यवस्थापनको अवस्था सन्तोषजनक रहेकोले महिनावारी व्यवस्थापनका थप योजनाहरु कार्यान्वयन गरिने छ।

### ३.२.६ साबुनपानीले हात धुने कार्य योजना

ठाकुरबाबा नगरपालिकामा साबुन पानीले हात धुने घरपरिवारको करिब ८९.८५ प्रतिशत रहेको छ । साबुनपानीले हात धुने घरपरिवारको अवस्था सन्तोषजनक रहेको भए पनि खाना खानु भन्दा अगाडी हात धुने परिवारको संख्या शत प्रतिशतमा पुऱ्याउनु पर्ने आवश्यकता छ । यस कार्यका लागि विद्यालयहरुमा विद्यार्थीहरुद्वारा र समुदायहरुमा खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, आमा समूहहरुद्वारा, बडघर सञ्जाल, महिला स्वास्थ्य स्वयमसेविका मार्फत अभियानको रुपमा सन्चालन गरिने छ।

## ३.३ विपद जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन योजना

### ३.३.१ विपद जोखिम व्यवस्थापन

यस नगरपालिकामा विविध प्रकारका विपदहरुको संभावना विद्यमान रहेका छन् । खडेरी, आगलागी, भूकम्प आदि विपद्हरु बारम्वार दोहोरी देखा पर्ने समस्याहरु हुन । बाढी पहिरो भूकम्पजस्ता ठूला प्रकोपको बेलामा खानेपानी र सरसफाइको क्षेत्रमा ठुलो असर पर्ने र व्यवस्थित गर्न नसकेमा विपदले भन्दा पनि त्यस पछिको असरले ज्यान जोखिममा परेका प्रशस्त उदाहरणहरु छन् । त्यसैले बिपद्का बेलामा पर्न आउने समस्यालाई ध्यानमा राखि पूर्व तयारी सहितको विपद् व्यवस्थापन योजना बनाइ राख्नु अनिवार्य देखिएको छ । खानेपानी, सरसफाइ तथा विपद व्यवस्थापन जोखिम न्यूनिकरणका लागि उल्लेखित कायक्रमहरु विभिन्न सरोकारवाला निकायहरुको समन्वयमा नगरपालिकामा सञ्चालन गरिने छ।

१. नगरपालिका तथा वडा स्तरीय समिति तथा उपसमितिहरुलाई आपतकालिन समयमा खानेपानी, सरसफाइ तथा स्वच्छताको क्षेत्रमा गर्नुपर्ने पूर्व तयारीका बिषयमा तालिम उपलब्ध गराइ समन्वय समितिहरुको

क्षमता र सीप अभिवृद्धि गराइने छ ।

२. विभिन्न क्लस्टरहरुसँग वास क्लस्टरको समन्वय गराउने ,
३. विपद् सम्बन्धी तयार भएको रणनीतिक कार्य योजनालाई अद्यावधिक गर्ने ,
४. नगरपालिका तथा वडा स्तरमा जोखिमको नक्साङ्कन गर्ने ,
५. पीयूष, वाटरगार्ड जस्ता क्लोरिनेसन गर्ने औषधिको भण्डारण मजबुत राख्ने ,
६. तुरुन्त तयार गर्न सकिने डिजाइनको चर्पी निर्माण गर्ने सामग्रीहरुको भण्डारण गर्ने ,
७. पानीको गुणस्तर जाँच्ने विधि-औजार र उपकरणको व्यवस्था गर्ने ,
८. सहजकर्ता र स्वयंसेवकहरु तलिम दिइ विपद्को अवस्थामा खानेपानी सरसफाइ तथा स्वच्छताका निमित्त परिचालन गर्ने ,
९. मानवीय सहयोगको लागि क्षमता अभिवृद्धि गर्ने र भविष्यमा हुन सक्ने विपद्को लागि तालिम प्राप्त मानव संसाधन तैयारी अवस्थामामा राख्ने ,
१०. आपतकालिन अवस्थाको लागि तय गरिएका खुला स्थानहरुको पहिचान र जानकारी सम्पूर्ण समुदायमा गराउने
११. नगरपालिकामा विपद जोखिम जगेडा कोष व्यवस्थापन गर्ने ,
१२. सूचना व्यवस्थापन ब्यवस्थित गर्ने ,
१३. विपद्को बेला साबुन पानीले हात धुने, सफा पानी, सुविधाको उचित मर्मत सम्भार र ठोस र तरल फोहोरमैला व्यवस्थापनमा ध्यान दिने ,

### ३.३.१ जलवायु परिवर्तन अनुकूलन

राष्ट्रिय तथा अन्तराष्ट्रिय अध्ययन अनुसन्धानले नेपाल विश्वमा नै जलवायु परिवर्तनको असरको उच्च जोखिममा रहेको बताइरहेका छन् । एकल प्रयासले मात्र जलावायु परिवर्तनको असरलाई रोक्न नसकिने हुंदा जलवायु परिवर्तनलाई आत्मसात गर्दै अनुकूलनको तयारी अवस्थामा रहनुको विकल्प छैन । तसर्थ निम्न उल्लेखित कार्यहरु सञ्चालन गरी जलवायु परिवर्तनका असरहरुको अनुकूलन गरिनेछ ।

१. वृक्षारोपण तथा वन संरक्षण गर्ने,
२. मानिसहरुलाई पानीको समुचित प्रयोगमा चेतना अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने,,
३. खोला नालाहरु नियन्त्रणका लागि जैविक बाँधहरु निर्माण गर्न प्रश्रय दिने ,
४. प्लाष्टिक जन्य वस्तुको अधिक प्रयोगमा नियन्त्रण गर्ने,

## ३.४ बैकल्पिक प्रविधि

खानेपानी तथा सरसफाइको क्षेत्रको दीगो व्यवस्थापनका लागि नविनतम अनुसन्धान गर्नु र अन्य स्थानमा प्रयोग भई उपयोगी भएका प्रविधिहरु अवलम्वन गर्न आवश्यक देखिएको छ । यस्ता प्रविधिहरु वतावरणमैत्री, प्रयोगकर्तामैत्री, आर्थिक रुपमा सवल, कार्यान्वयन गर्न सहज, मर्मत सम्भार गर्न सहज हुनु अनिवार्य छ । अन्य स्थानहरुमा अवलम्वन गरी उपयोगी भएको तपसिलका प्रविधिहरु अवलम्वन गर्नु नगरपालिका तत्पर देखिएको छ ।

तालिका नं ३.६ खानेपानीका बैकल्पिक प्रविधिहरु

| योजनाको प्रकार | बैकल्पिक प्रविधिहरु | कैफियत |
|---|---|---|
| खानेपानी योजना | विद्युतीय पानी तान्ने प्रविधि<br>पानीको बहुउपयोग गरिने प्रविधि | पानीको पहुँच नपुगेका, अति विपन्न समुदायलाई प्राथमिकता |
| सार्वजिनिक र संस्थागत खासस्व | लैगिंकमैत्री, अपाङ्गमैत्री, तथा बालमैत्री संरचना | पानीको उपलब्धता<br>नियमित मर्मत सम्भार व्यवस्था |
| वातावरणिय सरसफाइ | चर्पी (इकोसान, सुलभ, सुख्खा) को कम्पोष्टिङ्ग प्रविधि ,<br>ढलनिकास व्यवस्थापन खेर गएको पानीको करेसाबारीमा प्रयोग, | स्थानीय स्रोत साधनहरुको अधिकतम प्रयोग तथा दिगो विकास पद्धति, |
| पुनर्भरण पोखरी | प्रविधि  जलाधार क्षेत्रको उच्चतम क्षेत्रहरुमा<br>पोखरीहरु तथा कुलोहरुको निर्माण | गाइवस्तुलाई पानी समेत खुवाउन मिल्ने सुरक्षित संरचना |
| योजना तथा जलाधार क्षेत्र संरक्षण | जैविक संरक्षणका उपायहरु वृक्षारोपण<br>स्रोतहरुको बारबन्देज तथा संरक्षण | माटो बग्न नदिने प्रविधिको प्रयोग तथा सतहमा बग्ने पानी नियन्त्रण |
| धुँवा रहित चुल्हो | माटोको धुँवारहित चुल्हो<br>फलामको धुँवारहित चुल्हो | स्थानीय मिस्त्रिहरुको क्षमता विकास<br>समुदायको चेतना अभिवृद्धि |
| गोबर ग्याँस | विभिन्न साइजका गोबर ग्याँस | गोबर ग्याँस कम्पनिहरुसंगको समन्वय |

## ३.५ पालिका स्तर तथा समुदाय स्तर क्षमता विकास योजना

### ३.५.१ नगरपालिका स्तर क्षमता अभिवृद्धि योजना

नगरपालिकामा खानेपानी तथा सरसफाइ कार्य सम्पादनका लागि खानेपानी र सरसफाइका पूर्वाधार हरुको विकासका लागि नगरपालिकाको योजना तथा प्राविधिक शाखा जिम्मेवार निकाय रहेको छ। आगामी दिनमा ठोस तथा तरल फोहोर व्यवस्थापन कार्य सम्पादनको प्रयोजनका लागि वातावरण तथा सरसफाइ शाखा गठन गरी त्यसमा कार्यरत कर्मचारीहरुका लागि खानेपानी र वातावरणीय सरसफाइ सम्बन्धी तालिम, पानी परीक्षण, फोहोर मैला व्यवस्थापन, ल्याण्डफिल साइट व्यवस्थापन र ढल फोहोर शुद्धीकरण सम्बन्धी तालिम तथा क्षमता अभिवृद्धिका साथै सूचना व्यवस्थापन तालिमको व्यवस्था गरी क्षमता अभिवृद्धि गरिने छ।

### ३.५.२ समुदाय स्तर क्षमता अभिवृद्धि योजना

समुदायस्तरमाका तालिमहरुमा केहि छानिएका व्यक्तिहरु मात्र संलग्न हुने औपचारिक र खर्चिला कार्यक्रमहरु भन्दा अभियानका रुपमा सबै समुदायहरुलाई समेटने कार्यक्रमहरु गरिने छ। तथापि केही क्षमता विकासका क्रियाकलापहरु प्राथमिकताको आधारमा वडाहरुको सिफारिस र नगरपालिका वास समन्वय समिति र नगर कार्यपालिकाको निर्णय पश्चात वार्षिक नीति तथा कार्यक्रममा समावेश गरिने छ।

१. पम्प अपरेटर तालिम  -२ वटा
२. पानी परीक्षण तालिम -१ वटा

३. फिल्टर मर्मत सम्भार कार्यकर्ता तालिम -२ वटा
४. उपभोक्ता समिति व्यवस्थापन तथ लेखातालिम -२ वटा
५. खानेपानी सुरक्षा योजना तालिम -२ वटा
६. लैगिंक समानता तथा समाजिक समावेसीकरण तालिम -२ वटा
७. पूर्ण सरसफाइ, सरसफाइ तथा स्वच्छता -२ वटा
८. जलवायु परिवर्तन अनुकूलन तथा प्रकोप जोखिम न्यूनीकरण तालिम आदि -२ वटा
९. प्लम्बिङ तालिम - २ वटा
१०. महामारी तथा सरुवा जन्य रोग नियन्त्रण सम्बन्धी र फोहोर व्यवस्थापन तालिम
११. व्यवहार परिवर्तन तालिम (स्वास्थ्य तथा सरसफाई सम्बन्धी)
१२. सेनेटरी प्याड प्रयोग तथा व्यवस्थापन तालिम (विद्यालय तथा समुदाय स्तर)
१३. फोहोरलाई मोहोरको रुपमा रुपान्तरण सम्बन्धी तालिम अन्तरगत कम्पोष्ट मल निर्माण
१४. प्लाष्टिक बाट डोरी, ढकीया, पंखा आदी निर्माण तालिम
१५. गोबर ग्यास निर्माण तथा मर्मत तालिम

### ३.६ समपुरक विषय सवाल(cross cutting issues) र सम्बोधन योजना

यस नगरपालिकामा खानेपानी, सरसफाइ र स्वच्छताका सवालमा तल उल्लेखित पूरक विषय वा सवालहरु विद्यमान रहेका छन् जसलाई सम्वोधन गर्ने योजना यो वास योजनामा परिकल्पना गरिएको छ ।

### ३.६.१ लैङ्गिक तथा समावेसीकरण मूल प्रवाहिकरण समावेशीकरण

यस वास योजनामा खानेपानी तथा सरसफाइका सेवाको न्यायोचित वितरण तथा उपभोग गर्ने सवालमा समेत विचार पुऱ्याएर योजना छनौट तथा कार्यान्वयन, मर्मत सञ्चालन प्रक्रिया र नीति निर्माण तहमा पछाडि पारिएका समुदायहरुको संलग्नतालाई प्रत्याभूति गरिने छ। योजनाको प्राथमिकीकरणको पहिलो बुदाँमा नै पछाडि पारिएका र हालसम्म उपभोगको अधिकारबाट वन्चित समुदायलाई प्राथमिकतामा राख्ने उल्लेख गरेर जातीय, धार्मिक र अति गरिबीको कारणले बन्चितमा परेका समुदायहरुमा पहिलो चरणमा नै कार्यक्रमहरु प्रस्ताव गरी कार्यान्वयनमा जाने परिकल्पना गरिएको छ ।

संविधानमा नै व्यवस्था भए बमोजिम महिलालाई नीति निर्माण तहमा आवद्ध गराउनका लागि विभिन्न समितिहरुको पदाधिकारीमा अनिवार्य संलग्नताको नीतिका अलावा महिलामैत्री वास सेवा निर्माणमा पनि बिशेष ध्यान दिईने छ ।

### ३.६.२ प्रयोगकर्ता मैत्री संरचना निर्माण योजना

यस वास योजना कार्यान्वयनको शिलशिलामा निर्माण हुने सम्पूर्ण खानेपानी तथा शौचालयका संरचनाहरु प्रयोगकर्ता मैत्री हुनेछन् ।

**तालिका नं ३.७ प्रयोगकर्ता मैत्री सिलसिलमा संरचना निर्माण योजना**

| | |
|---|---|
| महिला मैत्री वास सेवा | युरिनल सहितको महिला पुरुषका लागि बेग्ला बेग्लै शौचालय, |
| | पुरुषको युरिनल करिब ३ फिटको उचाइमा भने महिलाको भुँइमा टायल लगाएको हुनू पर्ने, |
| | महिला युरिनलको तरल पदार्थ राम्रो संग बग्ने गरी भिरालोपन मिलाएको हुनुपर्ने, |
| | शौचालयको ढोका खुला हुंदा पनि चर्पी कोठा र युरिनल बाहिरबाट नदेखिने गरी डिजाइन गरिएको हुनु पर्छ, |
| | चर्पीको प्रत्येक कोठामा स्यानिटरि प्याड राख्नको लागि ढकन भएको बाल्टिन अनिवार्य राखिएको हुनु पर्नेछ , |
| | शौचालयको कोठामा पर्याप्त ठाउँ राखिएको हुनु पर्छ, |
| बालमैत्री वास सेवा | विभिन्न उमेर समूहका बच्चाहरुका लागि हात धुने बेसिन र धाराको साइजमा विविधता हुनुपर्ने |
| | शौचालयका भित्तहरुमा विभिन्न रङ्गिन सन्देसमुलक चित्रहरु कोरिएको हुनु पर्छ, |
| अपाङ्गमैत्री वास सेवा | कोठाको साइज सामान्य भन्दा ठूलो हुनु पर्ने जसले गर्दा ह्विल चेयर सजिलै घुमाउन सकियोस् , |
| | शौचालय जाने बाटो र वरण्डा ह्विल चेयर सजिलै जाने गरी Ramp सहितको फराकिलो बनाउनु पर्ने, |
| | भित्री कोठाको भित्ताहरुमा ह्याण्डलहरु राखिएको हुनु पर्दछ जसको कारणले शारीरिक अशक्तता भएका व्यक्तिले सहजताक साथ चर्पी प्रयोग गर्न सकुन , |
| | दृष्टि विहीनहरुका लागि विशेष चिह्न भएको वाटो निर्माण गर्नुपर्ने, |
| अन्य | ढोकाको साइज सबै साइजका व्यक्तिलाई मध्यनजर गरी बनाउन पर्ने, |
| | ढोका बाहिर नै हातधुने बेसिन राखिनु पर्ने |
| | ढोका जहिलेपनि भित्रतिर खोलिन पर्ने र ह्याण्डल दाहिने हाततिर पारिनुपर्ने, |
| | हात धोएको पानी युरिनल भएर बग्ने बनाउनु पर्ने , |

# अध्याय ४

# संस्थागत संरचना र अभिवृद्धि

### ४.१ ठाकुरबाबा नगरपालिकाको वास योजनाः

यस ठाकुरबाबा नगरपालिका साविक बगनाहा र नेउलापुर गा.वि.स समायोजन भई मिति २०७२/०६/०२ स्थापना भएको बबई नगरपालिकामा पुनः ठाकुरद्वारा र शिवपुर गा.बि.स समायोजन भई मिति २०७३/११/२७ मा प्रसिद्ध ठाकुरद्वारा मन्दिरको धार्मिक संस्कृतिक धामलाई सम्बोधन गर्दै ठाकुरबाबा नगरपालिकाको नयाँ नामबाट स्थापित नगरपालिका हो । यस वास योजना निर्माणको क्रममा गरिएको घरधुरी सर्बेक्षणलाई आधार मान्दा यस नगरपालिकामा १०,४५४ घरधुरीमआ बसोवास गर्ने ५७,२०४ स्थायी जनसंख्याको सामाजिक संरचना केलाउदा परम्परागत थारु बसोबासको बाहुल्य क्षेत्रमा नेपालको विभिन्न पहाडि जिल्लाबाट विभिन्न समयमा आई वसोवास गर्ने पहाडि समुदायका ब्राह्मण, क्षेत्री, ठकुरी, दलित समुदाय, दसनामी समुदाय अन्तर्गतका व्याक्तिसहितको थारु मिश्रित गाउँ समुदायमा हिन्दु बाहुल्यता बिच क्रिश्चियन, बौद्ध र मुश्लिम धर्मालम्बीहरु एक आपसमा धर्मिक सहिष्णुता कायम गरेर बसेको अवस्था पाइन्छ । पेसा व्यवसायका हिसाबले कृषि कर्ममा आधारित पेशा, व्यवसाय, व्यापार, शिक्षण, सानातिना उद्योग सञ्चालन, मजदुरी, होटल, पर्यटन, यातायात, व्यावसायमा संलग्न व्याक्तिहरुको स्वास्थ्य, खानेपानी तथा सरसफाईको दृष्टिकोणले स्थापित संस्थागत संरचना र क्षमता अभिवृद्धिको लागि तपसिलका कार्यहरु भएको पाइन्छ ।

**तपसिल:**

**क) खानेपानी, सरसफाई तथा स्वच्छताको क्षेत्रमा काम गर्नका लागि**

१) नगरपालिका स्तरमा नगर प्रमुखको अध्यक्षतामा २१ सदस्यिय नगरस्तरिय वास समिति गठन भएको ।

२) नगरपालिकाको ९ वटै वडाहरुको वडा अध्यक्षको अध्यक्षतामा ११ सदस्यिय वार्ड स्तरिय वास समिति गठन भएको

३) बिद्यालय स्तरमा खानेपानी तथा सरसफाई, बिद्यार्थी समुह, बालकृत, जु.रे.स, बिद्यार्थी वातारण समुहले काम गर्ने प्रवन्ध भएको

४) वास योजना निर्माण, तथ्याङ्क संकलन र विश्लेषणका लागि ठाकुरबाबा नगरपालिकाका सुचना प्रबिधि अधिकृत श्री दिनेश बिष्ट, राष्ट्रिय परिचय-पत्र तथा पञ्जिकरण शाखा(MIS) अन्तर्गतका MIS Operator श्री पुष्कर न्यौपाने, MIS Operator श्री सर्वराज भारती र फिल्ड साहायक श्री भगवती अधिकारीलाई नगरपालिका वास कार्यक्रम सहयोगी कर्मचारीको रुपमा समेत परिचालन गरिएको अवस्था रहेको ।

५) नगर स्तरिय वास समिति अन्तर्गत रहने गरी नगर वास कार्यक्रम संयोजक तथा उत्प्रेरकको रुपमा छुट्टै कर्मचारी राखेर वा नगरपालिका भित्रका कुनै पनि फाँट वा शाखामा काम गर्ने कर्मचारीहरु मध्ये कम भन्दा कम कार्यबोझ भएका कुनै तिन जनासम्म कर्मचारीलाई वास कार्यक्रम हेर्ने जिम्मेवारी निर्धारण गरिएको

६) वडा स्तरीय वास समिति अन्तर्गत वडा वास कार्यक्रम हेर्ने १ जना फिल्ड सुपरभाइजरले वडा वास समितिको गतिविधि संचालन, योजना निर्माण, योजना कार्यान्यवन, अध्यावधिक र नियमन गर्ने काममा सघाउने

ख) आगामी दिनमा वास कार्यक्रम कार्यान्यवनका लागी कुनै पनि निकाय र संघसंस्थासंग समन्यव गरेर वा सहकार्यमा वा नगरपालिका स्वयंमले बेग्लै संरचना कायम गरेर कार्य संन्चालन गरिहाल्नु पर्ने अपरिहार्य अवस्था रहेको छ ।

### ४.७ नगरपालिकामा वास क्षेत्रमा कार्यरत अन्य संघसंस्था र कार्यक्रमहरुः

यस ठाकुरबाबा नगरपालिका क्षेत्रमा खानेपानी सरसफाई तथा स्वच्छता (वास) क्षेत्रमा कार्यरत संघसंस्था, निकाय र कार्यक्रम तपसिल बमोजिम रहेको पाईन्छ ।

क) वडा न. ५, ३ र ६ का केहि घर परिवारमा सामुदायिक वन उपभोक्ता समुहले वायो प्लान्ट फिल्टर खानेपानी शुद्धिकरण फिल्टर वितरण गरेको ।

ख) शुद्ध पिउने पानी तथा सरसफाई स्वच्छताको लागि खानेपानी तथा सरसफाई उपभोक्ता समिति गठन भई वडा नं.१ को भुरिगाउ र वडा नं. ६ को मोतिपुरमा खानेपानी वितरण भई रहेको ।

ग) तपसिलका स्थानमा शुद्ध पिउने पानी तथा सरसफाई उपभोक्ता समिति गठन भई खानेपानी टंयाङकी निर्माण गरी शुद्ध खानेपानी वितरण र सरसफाईको कार्य सुरु गरिन थालेको ।

१) वडा नं २ को बलाती र कर्मलामा १ र १ गरी जम्मा २ वटा

२) वडा नं. ५को शाहीपुर (ढुङ्गहवा र गोविन्दपुरका गरी जम्मा २ वटा

३) वडा नं. ७ को मोहनपुरमा जम्मा १ वटा

४) वडा  नं. ८ को सुखाडमा १ र सुतैयामा १ गरी जम्मा २ वटा

५) वडा नं. ९ को बेतहनीमा जम्मा १ वटा

**नोटः** कुल बनिसकेका खानेपानी टंकी संख्या २ ,बनिरहेको ८ र वडा नं. ५ मा १, वडा नं. ३ मा २, वडा नं.४ मा १, वडा नं. १ मा १ गरी, वडा नं.२ मा १ गरी  ६ वटा माग प्रस्ताव आएको सहित १६ वटा खानेपानी टंयाङ्की र सो व्यवस्थापन गर्ने १६ समिति रहने

घ) सुआहाराले वडा नं. ६ को मोतिपुरमा आंशिक कार्य गरेको

ङ) गेरुवा ग्रामिण जागरण संघले वडा नं. ३ मा स्वास्थ्य सरसफाईमा आंशिक काम गरेको

च) मानपुरमा युवा समाजले वडा नं. ८ मा खानेपानी टंकी निर्माण लगायत आंशिक कार्य गरेको

छ) वेस संस्थाले वडा नं. ८ र वडा नं. १ मा फिल्टर लगायतका कार्यहरु गरेको

ज) सेन्स नेपाल र विद्यालयमा गठित विद्यार्थी वातारण समुह (ईको क्लव)ले विद्यालय, स्वास्थ्य, सरसफाई तथा संरक्षणमा काम गरेको

झ) नेपाल रेडक्रस सोसाईटी जिल्ला शाखा, उप-शाखा, विद्यालयमा गठित जुनियर, युवा रेडक्रसले समुदाय तथा विद्यालयको खानेपानीको अवस्था परिक्षण, खानेपानी, हेन्ड पम्प जडान सहयोग, शौचालय तथा सरसफाई कार्यक्रम संन्चालन गरेको र विपतमा सो सम्बन्धी सहयोग गरेको

ञ) प्लान नेपाल, युनुसेफ, सेफ द चिल्ड्रेनको आंशिक सहयोगमा विद्यालय तथा समुदाय स्तर खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी आंशिक कार्य गरेको

ट) थारु महिला उत्थान केन्द्र, राधा कृष्ण थारु जनसेवा केन्द्र, दलित सेवा संघ, गेरुवा ग्रामिण जागरण संघ लगायत संघसंस्थाले बेलाबेलामा लक्षित स्थान र समुदाय एंवम विद्यालय केन्द्रित स्वच्छता तथा सरसफाई सम्बन्धी कार्यहरु गरेको र विपतको समयमा समेत सहयोग गरेको

ठ) विद्यालय छात्रा (किशोरी) महिनावारी व्यवस्थापनका लागि ठाकुरबाबा नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखाले हरेक बिद्यालयमा मिन्स सेनेटरी प्याड वार्षिक रुपमा उपलब्ध गराउने व्यवस्था भएको छ भने विद्यालय, शौचालयमा प्याड प्रयोग कक्ष, प्याड प्रयोग रणनीति निर्माण एंवम प्रयोग भएका प्याड बिसर्जन प्रबन्ध गर्ने कार्य भएको पाइदैन ।

ड) ठाकुरबाबा नगरपालिका स्वास्थ्य तथा सामाजिक विकास शाखाले स्वास्थ्य ,सरसफाई तथा सचेतना सम्बन्धी योजना, रोकथाम, उपचार र प्रर्वधनात्मक विविध कार्यक्रम तय गरेर स्वास्थ्य केन्द्र, उप-केन्द्र, स्वास्थ्यकर्मी, स्वयंमसेविकाहरु मार्फत संन्चालन गरिरहेको छ ।

ढ) वडा स्तरबाट फोहोर व्यवस्थापन गर्ने उद्देश्यले केहि कन्टेनर र नगरपालिकाले वडा नं. ३ को गोदाना स्थित सामुदायिक वनको छेउमा डम्पिङ साइड निर्धारण गरी फोहोर व्यवस्थापन गरेको छ ।

## ४.३ नगरपालिकामा वास संयुक्त कोष :

क) ठाकुरबाबा नगरपालिकाको वास कार्यक्रमलाई दिगो, व्यवस्थित, आत्मनिर्भर र सफल कार्यक्रमका रुपमा स्थापित गर्न नगरपालिका स्तरिय वास समन्वय समितिको मातहतमा रहने गरी वास संयुक्त कोषको स्थापना गरिनेछ।वास संयुक्त कोषमा ठाकुरबाबा नगरपालिकाले आफ्नो वार्षिक बजेटबाट निश्चित रकम हरेक वर्ष बिनियोजन गरी जम्मा गर्नेछ। त्यस्तै वास कार्यक्रममा सहयोग गर्ने प्रदेश र संघीय सरकारबाट प्राप्त अनुदान सहयोग समेत उक्त कोषमा जम्मा गरिनेछ । त्यसैगरी विभिन्न संघसंस्था निकाय र व्यक्तिवाट प्राप्त अनुदान सहयोग तथा कार्यक्रमगत खर्चहरु समेत यसै कोषमा जम्मा गरिनेछ। कोषमा जम्मा भएको रकम खानेपानी सरसफाई र स्वच्छताको भौतिक पुर्वाधार निर्माण, स्वच्छता प्रर्बद्धन, क्षमता विकास तथा सुविधा बृद्धि र सुधारका क्षेत्रमा मात्र खर्च गरिनेछ।

ख) हरेक वडाले वडास्तरमा समेत वास संयुक्त कोष स्थापना गरी वडामा प्राप्त हुने बजेट, संघ संस्था र विभिन्न निकायले त्यस वडालाई गर्ने सहयोग रकम त्यस्तो कोषमा जम्मा गरी खर्च व्यस्थापन गर्न सक्नेछ ।

ग) नगरस्तरीय वास समन्वय समितिले कोष स्थापना र कोष परिचालन र संचालक सम्बन्धी छुट्टै निर्देशिका तयार गरी कोषको परिचालन तथा व्यवस्थापन गर्नेछ।

## ४.४ संस्थागत संरचना तथा क्षमता विकास आवश्यकता

### ४.४.१ संस्थागत संरचना

वास क्षेत्रमा कार्यक्रम योजना बनाउन, कार्यान्वयन र अनुगमन गर्नका लागि नेपाल सरकारले निम्न संरचनाहरु स्थापना गरेको छ ।

चित्र ४.१ वास सेवाहरुको लागि संघीय संरचनामा विभिन्न तहको भूमिका र जिम्मेवारी




### ४.४.७ संस्थागत वास समिति, उप-समिति,नगरस्तरीय र वडा स्तरिय को समिति गठन र पुर्नगठन

- तालिम, कार्यशाला, सेमिनार,
- समुदाय र सस्थागत सचेतनामूलक कार्यक्रम,
- परीक्षण कार्यक्रमहरु,
- सरसफाइ प्रदर्शनी, महोत्सव,
- अवलोकन भ्रमण,
- स्व: लेखाजोखा अभ्यास
- विद्यालय वास कार्यक्रम
- संघ संस्था,समुह,सामुदायिक वन,सहकारीहरुले वास वाच फोकल पर्सन तोकेर संस्थागत वास वाच कार्यक्रमलाई संस्थागत गर्ने कार्य
- स्वास्थ्य संस्था,बजार व्यापार उद्योग वाणिज्य संघ लगायतले वास व्यवस्थापन का लागि फोकल पर्सन तोकेर कार्यक्रम तय गर्ने कार्य
- वडा गाँउ,बजार स्तरमामा ढल,नाली, डस्टबिन निर्माण तथा त्यसको सरसफाई व्यवस्थापन
- खानेपानी टंकी निर्माण, क्षमताबृद्धि तथा स्तरोन्तरी गर्ने कार्यक्रमहरु

# अध्याय ५

# खानेपानी, सरसफाई तथा स्वस्च्छता लक्ष्य र रणनीति

## ५.१. खानेपानी, सरसफाई तथा स्वस्च्छता योजनाको सोंच, परिलक्ष्य तथा लक्ष्य

खानेपानी तथा सरसफाई मानव जातिकै अस्तित्वका लागि अत्यावश्यकीय तत्वहरु हुन । पानी विनाको मानव जिवनको कल्पना समेत गर्न सकिदैंन । तसर्थ मानव मात्रका लागि पनि खानेपानी र सरसफाइको सुरक्षित र सहज उपलब्धता नै प्रमुख लक्ष्य रहदैं आएको छ । यस्तैमा नगरपालिकाले तयार गरेको यो वास योजनाको सोच र परिलक्ष्यहरु तपसिलका रहेका छन ।

दूरदृष्टि (सोंच) यस नगरपालिकामा बसोबास गर्ने सबैका लागि सुरक्षित, पर्याप्त, सर्वशुलभ, स्विकार्य र किफायति खानेपानी तथा सरसफाईका सेवाहरु मार्फत जनस्वास्थ्य र जिवनस्तरमा सुधार ल्याउने

परिलक्ष्य (ध्येय) यस नगरपालिकामा पारदर्शी, प्रविधिमैत्री, प्रयोगकर्तामैत्री खानेपानी, सरसफाई र स्वस्च्छताका कार्यक्रमहरु संचालन गरी सन २०३० सम्ममा उच्च स्तरको वास सेवा प्रदान गर्ने .

माथि उल्लेखित दूरदृष्टि र परिलक्ष्य प्राप्त गर्न नगरपालिकाले नेपालको संविधान २०७२ ले दिएको अधिकार प्रयोग गरी विभिन्न नीति तथा नियमहरु बनाएर अगाडि बढने छ ।

## ५.२. खानेपानी, सरसफाई र स्वच्छताका लक्ष्य

यस नगरपालिकाले खानेपानी, सरसफाइ तथा स्वच्छताका क्षेत्रमा आगामी १० वर्षका लागि तपशिलका लक्ष्यहरु तथा नतिजाहरु तय गरिएको छ ।

### ५.२.१. खानेपानी (निर्माण, मर्मत, स्तरोन्नति र गुणस्तर)

खानेपानीका क्षेत्रमा आगामी १० वर्ष भित्रमा  नगरपालिका भरिका सम्पुर्ण नागरिकहरुलाई सुक्षित खानेपानीको पंहुच पुऱ्याउने यो वास योजनाको लक्ष्य रहेको छ ।

**अपेक्षित उपलब्धिहरु**

**उपलब्धि नं. १** सम्पूर्ण नगरपालिकावासीहरुलाई सुरक्षित खानेपानीको महत्व वारेमा जानकारी भई पानीको उपभोगमा सर्तकता अपनाएका हुनेछन्

**उपलब्धि नं. २** नगरपालिकामा विभिन्न निकायहरुबाट निर्माण भै सञ्चालनमा रहेका खानेपानी आयोजनाहरुको मर्मत संभार तथा सुधार विस्तार भएको हुनेछ ।

**उपलब्धि नं. ३** हालसम्म खानेपानी आायोजनाहरु नपरेका क्षेत्रहरुमा प्राथमिकता दिई नयाँ (लघु) आयोजनाहरु निर्माण गरिनेछ ।

**उपलब्धि नं. ४** श्रोत संरक्षणका कार्यक्रमहरुलाई जलवायु परिवर्तन एवं जलाधार संरक्षणका क्षेत्रका कार्यक्रमहरु सँग एकिकृत गरी सञ्चालन गरिनेछ ।

**उपलब्धि नं. ५** निर्माणाधिन तथा अब बन्ने ठूला प्रकृतिका नर्या आयोजनाहरुमा पानी प्रशोधन प्रणाली सहित निजी धारा वितरण गर्ने गरी आबश्यक संरचनाहरु निर्माण गरिनेछ ।

**उपलब्धि नं. ६** खानेपानी योजना उपभोक्ता समितिहरुको संस्थागत क्षमता अभिबृद्धि भई खानेपानी योजनाको सुचारुपन पनि कायम हुनेछ ।

### ५.२.२. पूर्ण सरसफाई यूक्त समुदाय

नगरपालिकामा अहिले पनि करिब ४.७५ प्रतिशत घरहरु शौचालयको सुविधाबाट बन्चित रहेको अवस्थामा व्यापक सुधार गरी पूर्ण सरसफाइ अभियानको अवस्थामा पुग्नु धेरै चुनौति छ। नगरपालिका क्षेत्रमा ८०.८५ प्रतिशत भन्दा बढी घरहरुमा हात धुने सुबिधा ब्यबस्था छ। प्रभावकारी अनुगमन प्रणाली क्रियाशिल बनाउन सकिएको छैन । मानिसहरुको सरसफाइ सम्बन्धी आनीबानीमा ठूलो परिवर्तन ल्याउन आवश्यक छ । ठोस तथा तरल फोहोर ब्यबस्थापन नगरपालिका तहमा नै राम्रो छैन । विशेष गरी नगरपालिकाको ठोस तथा तरल फोहोरको ब्यबस्थापन दु:ख लाग्दो छ। मानिसहरुमा चेतनाको स्तर राम्रो छ ।

### अपेक्षित उपलब्धिहरु

**उपलब्धि नं. १** समुदायका सबै घर परिवारमा पक्की शौचालयको स्तरोन्नति गरी पूर्णरुपमा प्रयोग गरेका हुनेछन् ।

**उपलब्धि नं. २** खुल्ला रुपमा फोहोर फाल्ने प्रबृतिको नियन्त्रण र न्युनिकरण भएको हुनेछ। सो प्रयोजनका लागि कम्तिमा एउटा व्यवस्थित ल्याण्डफिल साइटको निर्माण हुनेछ ।

**उपलब्धि नं ३** नगरपालिका भरी १२ वटा सार्वजनिक शौचालय निर्माण भइ व्यवस्थित रुपमा संचालनमा आउने छन .

**उपलब्धि नं ४** समुदायका कम्तिमा आधा घरपरिवारको शौचालयको मानवजन्य लेदो व्यवस्थापन भएको र बांकी आधा घरपरिवारको स्वयमले नै सुरक्षित व्यवस्थापन भएको हुनेछ ।

**उपलब्धि नं ५** समुदायका सम्पुर्ण व्यक्तिहरुले जोखिमपूर्ण अवस्थामा साबुन पानीले हात धोएका हुनेछन् ।

**उपलब्धि नं ६** समुदायका सम्पुर्ण महिलाहरुले महिनावारी स्वस्च्छताको महत्व जानकारी पाउने छन । ५० प्रतिशतले स्यानिटरी प्याड र बांकी ५० प्रतिशतले पुन: प्रयोग गर्न मिल्ने सफा कपडाको प्रयोग गरेका हुनेछन ।

### ५.२.३. विद्यालय पूर्ण सरसफाइ

आगामी ५ वर्ष भित्रमा नगरपाालिकामा रहेका सम्पुर्ण सामुदायिक विद्यालय, कलेज, प्राविधिक विद्यालयहरुमा सुरक्षित खानेपानी र प्रयोगकर्ता मैत्रि शौचालयहरुको विकास गरी सम्पुर्ण शैक्षिक संस्थाहरुलाई

पुर्ण सरसफाइ युक्त विद्यालय घोषण हुनेछ ।

**अपेक्षित उपलब्धिहरु**

**उपलब्धि नं. १** सबै सामुदायिक र संस्थागत शिक्षालयमा बाल, अपाङ्ग र लैंगिकमैत्री शौचालय भएका हुनेछन।

**उपलब्धि नं.२** सबै सामुदायिक र संस्थागत विद्यालयहरु, सबै प्रकारका क्याम्पस एवं कलेजहरु, प्राविधिक शिक्षालयहरुमा खानेपानीको व्यबस्था हुनेछ भने शौचालयहरु नियमित सरसफाइ गरी प्रयोग योग्य हुनेछ ।

**उपलब्धि नं.३** सम्पूर्ण बिद्यालयहरु पूर्णसरसफाइ क्षेत्रको रुपमा विकसित भएको हुनेछ ।

### ५.१.४. कार्यालय र स्वास्थ्य संस्थाहरुमा खानेपानी र सरसफाइ

आगामी पांच वर्षमा यस नगरपालिका भरिका सबै सरकारी, गैर सरकारी र निजी क्षेत्रका कार्यालयहरुमा सुरक्षित खानेपानी र स्वच्छ शौचालयको व्यवस्था हुनेछ ।

**अपेक्षित उपलब्धिहरु**

**उपलब्धि नं. १** पाँच बर्षभित्र सम्पूर्ण कार्यालयहरुमा प्रयोगकर्तामैत्री शौचालय, खानेपानी र हात धुने व्यवस्था भएको हुनेछ ।

**उपलब्धि नं. २** सबै कार्यालयहरुमा आआफ्नो कार्यालयको व्यवस्थापनका साथै रंगरोगन र बगैचा व्यवस्थित भएको हुनेछ ।

**उपलब्धि नं. ३** सम्पूर्ण कर्मचारीहरुको सरसफाइ सम्बन्धी व्यवहारमा परिवर्तन आएको हुनेछ

### ५.१.५ ठोस तथा तरल फोहोर व्यवस्थापन र महिनावारी स्वस्च्छता प्रवर्द्धन

आगामी दस वर्षमा यस नगरपालिका भरिका सबै बजार क्षेत्रमा ठोस तथा तरल फोहोर व्यवस्थापन प्रणाली स्थापना तथा सबै स्थानका महिलाहरु महिनावारी स्वस्च्छता प्रवर्द्धनका विषयमा जानकार र व्यवहार परिवर्तन भएको हुने छ ।

**अपेक्षित उपलब्धिहरु**

- उपलब्धि नं. १ दश बर्षभित्र सम्पूर्ण बजार क्षेत्रमा फोहोरको वर्गिकरण गरि फोहोर संकलन तथा व्यवस्थापनका लागि ल्याण्डफील साइट निर्माण तथा परिचालन भएको हुनेछ ।
- उपलब्धि नं २ दश बर्षभित्र सम्पूर्ण बजार क्षेत्रमा ढलहरु निर्माण हुने र ढलको व्यवस्थापनका लागि ढल प्रशोधन इकाइहरु बनाएर परिचालन भएको हुनेछ ।
- उपलब्धि नं ३ दश बर्ष भित्रमा समुदायमा स्वास्थ्य कार्यकर्ताहरुको परिचालनबाट महिनावारी स्वच्छता प्रवर्द्धनका अभियानहरु संचालन गरि कम्तिमा ५० प्रतिशत महिनावारी भएका महिलाहरुले सुरक्षित स्यानिटरी प्याडको प्रयोग गरेका हुने छन र बांकी ५० प्रतिशतले पनि सफा कपडाको प्रयोग

गर्ने र सरसफाईमा विशेष ध्यान पुऱ्याएका हुने छन ।

### ५.३ राष्ट्रिय लक्ष्य, अवधि र रणनीति (क्षेत्रगत सुधार योजना) संगको तादम्यता

यस नगरपालिका वास योजनाले नेपाल सरकार, खानेपानी तथा ढल व्यवस्थापन विभागद्वारा तयार पारिएको क्षेत्रगत विकास योजना (Secetor Development Plan) का सिद्धान्त, लक्ष्य तथा रणनीतिहरुलाई अंगिकार गरेको छ । त्यसैले यसमा प्रस्ताव गरिएका खानेपानी तथा सरसफाईका योजनाहरुको निर्माण नेपाल सरकारको क्षेत्रगत विकास योजनामा परिलक्षित गरेको अवधि लक्ष्य र सिद्धान्तमा समेत तादाम्यता मिलाई सोहि बमोजिम कार्ययोजनाहरु तय गरी कार्यान्वयनमा गर्दै जाने लक्ष्य लिएको छ । सोहि क्षेत्रगत विकास योजनाले परिभाषित गरेको ५० प्रतिशल जनताले उच्च स्तरको खानेपानी सेवा र बांकी ५० प्रतिशत जनताहरुले मध्यम स्तरको खानेपानी सेवा सन २०३० सम्म प्राप्त हुने गरि योजना तर्जुमा गरी कार्यान्वयन गरिने छ ।

तालिका नं . ५.१ : क्षेत्रगत सुधार योजनाको अवधि र लक्ष्यहरु

| अवधि | लक्ष्यहरु |
|---|---|
| तात्कालिन चरण (सन २०२० देखि २०२४) | • सवै घरधुरीको आधारभुत वास सेवामा पँहुच<br>• वास सेवाको स्तरमा सुधार (मध्यम २५% र उच्च १५% जनसंख्या) |
| मध्यकालिन चरण (सन २०२४ देखि २०२६) | • वास सेवाको स्तरमा सुधार (मध्यम ४०% र उच्च ३०% जनसंख्या)<br>• कार्यक्षमता र दिगोपनामा सुधार |
| दिर्घकालिन चरण (सन २०२६ देखि २०३०) | • वास सेवाको स्तरमा सुधार (मध्यम ५०% र उच्च ५०% जनसंख्या)<br>• प्रभावकारिता मुल्याङ्कन |

तालिका नं ५.२. खानेपानि सेवा स्तरको वर्गिकरण

| परिमितिहरु | | सेवाको स्तर | | | |
|---|---|---|---|---|---|
| | | निम्न | आधारभुत | मध्यम | उच्च |
| आवश्यकता | परिमाण (एल पि सि डी) | २५-४५ | ४५-६५ | ६५-१०० | १००-१५० |
| | स्वच्छता | नभएको | पिउन र खाना बनाउन पुग्ने नुहाउन, धुन अपुग | पिउन र खाना बनाउन नुहाउन, धुन पुग्ने | सबै आवश्यकता पुरा |
| गुणस्तर | | पिउन योग्य | राष्ट्रिय गुणस्तर मापदण्ड पुरा | राष्ट्रिय गुणस्तर मापदण्ड पुरा | राष्ट्रिय गुणस्तर मापदण्ड पुरा |
| शुलभ पंहुच | | २५%भन्दा कमले निजी धारा जडान | २५% भन्दा बढिले निजी धारा जडान गरेको | १००% उपभोक्ताले निजी धारा जडान गरेको | १००% उपभोक्ताले निजी धारा जडान गरेको |

| | | | | |
|---|---|---|---|---|
| विश्वसनियता<br>निरन्तरता<br>वितरण अवधि<br>घण्टा/दिन | | ८ घण्टा | १२ घण्टा | २४ घण्टा |
| | एक महिनामा १ पटकसम्म सेवा अवरुद्ध | तिन महिनामा १ पटकसम्म सेवा अवरुद्ध | बाह्र महिनामा १ पटकसम्म सेवा अवरुद्ध | |
| सेवा सुचारुपन | | अबरुद्ध सेवा २ दिन भित्र सुचारु हुने | अबरुद्ध सेवा १ दिन भित्र सुचारु | अबरुद्ध सेवा १ दिन भित्र सुचारु |
| अधिक माग धान्ने क्षमता | | | अचानक १०% अधिक माग धान्ने | अचानक १०% अधिक माग धान्ने |
| सेवा सन्तुष्टि स्तर | नगरेको | नगरेको | ७५% | ९०% |

### ५.४ खानेपानि योजनाहरुको सेवा स्तर र सुविधामा पंहुच

सवै वडाहरुमा घरधुरी, सार्वजनिक स्थल, विद्यालयहरु र संस्थाहरुको सर्वेक्षण पश्चात वडा वास प्लान कार्यदलको तयारीमा वडास्तरका नक्शाा तथा प्राथमिकताका योजना तथा कार्यक्रमहरु टिपोट गरि वडा वास समन्वय समितिको सिफारिस सहित नगरपालिकातहको वास प्लान कार्यदलले अध्ययन, तथ्याङ्क विश्लेषण पश्चात निर्णयको लागि पेश गरेको मस्यौदा प्रतिवेदनको आधारमा आवश्यक परिमार्जन गरी यस नगरपालिका वास योजना तयारी गोष्ठिको निर्णय बमोजिम नगर कार्यपालिकाले अनुमोदन गरी वास प्लानमा प्राथमिकताक्रम तोकेर समाबेस भएका छन ।

### आधारभुत खानेपानीको सुविधामा पंहुच

आगामी आ व २०७८/७९ भित्रमा नगरपालिका भरिका सबै घरमा आधारभुत स्तरको खानेपानी सुविधा पुऱ्याउने लक्ष्य लिइएको छ ।

### मध्यम स्तरको खानेपानीको सुविधामा पंहुच

आगामी आ व २०८१/८२ भित्रमा नगरपालिका भरिका सबै घरमा आधारभुत स्तरको खानेपानी सुविधा मा स्तर बृद्धि गरि मध्यम स्तरको खानेपानी सुविधा पुऱ्याउने लक्ष्य लिइएको छ ।

### उच्च स्तरको खानेपानीको सुविधामा पंहुच

आगामी आ व २०८६/८७ सम्ममा नगरपालिका भरिका ५० प्रतिशत घर परिवारमा उच्च स्तरको खानेपानी सुविधा पुऱ्याउने लक्ष्य लिइएको छ ।

### ५.५ सरसफाई तथा स्वच्छता लक्ष्य

नगरपालिकाभर हालमा पक्की ८६.१७ प्रतिशत, कच्ची शौचालय ७.३८ प्रतिशत शौचालय र ४.७५ प्रतिशत घरधुरीमा शौचालय नै नरहेको अवस्था छ भने ८९.८५ प्रतिशत भन्दा बढी घरहरुमा हात धुने सुबिधा व्यबस्था छ। नगरपालिका खुला दिसा मुक्त घोषणा पछि सरसफाईको गतिविधि शुन्य प्राय रहेको छ। नगरपालिका स्तरिय वास समन्वय समितिको पुनर्गठन भएको छैन, स्पष्ट कार्यविधि छैन र रणनैतिक योजना पनि छैन। प्रभावकारी अनुगमन प्रणाली क्रियाशिल बनाउन सकिएको छैन। मानिसहरुको सरसफाइ सम्बन्धी

आनीबानीमा ठूलो परिवर्तन ल्याउन आवश्यक छ । ठोस फोहोर ब्यबस्थापन र तरल फोहोर व्यवस्थापन को अवस्था पनि राम्रो छैन । विशेष गरी ठोस फोहोरको अवस्था दुख लाग्दो छ तर मानिसहरुमा चेतनाको स्तरमा विकास भएको छ। पुर्ण सरसफाईका सम्पुर्ण सुचकहरुको अवस्था अनुगमन गर्नका लागि नगरपालिका स्तरिय वास अनुगमन समिति गठन गरिने छ ।

यो नगरपालिका वास गुरुयोजनाले सन २०३० सम्ममा सम्पुर्ण नगरपालिकालाई पुर्ण सरसफाई युक्त नगरपालिकाको स्तरमा पुऱ्याउने लक्ष्य लिइएको छ । यसको लागि तपसिलका आवधिक योजनाहरु तय गरिएको छ ।

**पहिलो चरण:** यस चरणमा सन २०२२ सम्ममा ३ वटा वडालाई पुर्ण सरसफाई युक्त वडा घोषणा गर्ने लक्ष्य लिइएको छ ।

**दोश्रो चरण:** यसचरणमा सन २०२५ सम्ममा थप ३ वटा वडालाई पुर्ण सरसफाई युक्त वडा घोषणा गर्ने लक्ष्य लिइएको छ ।

**तेश्रो चरण:** यसचरणमा सन २०३० सम्ममा थप ३ वटा वडालाई पुर्ण सरसफाई युक्त वडा घोषणा गर्ने लक्ष्य लिइएको छ । सम्पुर्ण वडामा ठोस तथा तरल फोहोर व्यवस्थापन प्रणालीको व्यवस्था गरिने लक्ष्य लिइएको छ। सम्पुर्ण विद्यालय, सार्वजनिक स्थान तथा स्वास्थ्य र संघ संस्थाहरुमा महिलामैत्रि, अपाङ्गमैत्रि तथा बालमैत्रि शौचालयहरुको व्यवस्था गरिने छ ।

## ५.६ खानेपानी, सरसफाई तथा स्वच्छता कार्यान्वयन रणनीति

नगरपालिकाद्वारा तय गरिएका खानेपानी, सरसफाई तथा स्वच्छता (वास) सम्वन्धि लक्ष्य पुरा गर्न नगरपालिका क्षेत्रमा भएका सरोकारवालाहरुको छरिएका प्रयासहरुलाई एकीकृत गर्नु नै यस योजनाको प्रमुख रणनीति हुनेछ । तसर्थ नगरपालिका क्षेत्रमा कार्यरत सम्पुर्ण सरोकारवालाहरुले आफ्नो कार्यकमको योजना तथा कार्यान्वयनका लागि तपसिलका रणनीतिहरु अवलम्वन गरिने छ ।

- नगरपालिकाका हालसम्म पनि सुरक्षित खानेपानीको पहुँच नपुगेका ९६.२ प्रतिशत जनसमुदायलाई सुरक्षित खानेपानीको सेवा उपलब्ध गराउने ।
- नगरपालिकाले खानेपानी तथा सरसफाईका क्षेत्रमा तय गरेको लक्ष्य प्राप्त गर्नका लागि अपुग रकम व्यवस्थापनका लागि अन्य निकायहरु संग समन्वयकारी भुमिका निर्वाह गर्ने
- स्थानीय सरकारको नेतृत्वमा कार्यक्रम सञ्चालन गरीनेछ ।
- वडाहरुले आफ्नो वार्षिक बजेट तय गर्दा खानेपानी तथा सरसफाईका क्षेत्रमा कम्तिमा पनि विकास खर्चको १० प्रतिशत रकम विनियोजन गर्ने नीति कार्यान्वयन गरिने छ । तर योजनाहरुको मागका आधारमा रकम बढि पनि विनियोजन गर्न सकिने छ ।
- विद्यालय, सरकारी कार्यालय तथा संघसंस्था, राजनीतिक दलको कार्यालयमा बालमैत्री, लैंगिक तथा अपांग मैत्री चर्पी निर्माण तथा प्रयोगको सुनिश्चतता गरीनेछ ।

- सम्पूर्ण विद्यालयहरुमा अनिवार्य रुपमा यूरिनल सहितका शौचालय निर्माण गरिनेछ । माध्यामिक तहका बिद्यालयहरुमा महिनावारी स्वच्छता सामाग्री र व्यवस्थापन समेतको सुबिधा सुनिश्चित गराउने ।
- सबै घरधुरीमा चर्पी एवं संस्थागत निकाय र आवश्यकता अनुसार सार्वजनिक स्थानमा शौचालयहरुको निर्माण गरी चर्पीमा सबैको पहुँच र साबुन पानी सहितको प्रयोगको सुनिश्चितता गरिने छ ।
- घरयासी चर्पी निर्माणको लागि सम्बन्धीतघरपरिवारलाई नै जिम्मेवार बनाईने छ र त्यसको लागि कुनै प्रकारको आर्थिक अनुदान उपलब्ध गराइने छैन भने शारिरिक रुपमा अशक्त, अपाङ्ग र एकल महिलाहरुका लागि अनुगमन समितिको सिफारिसमा आर्थिक सहयोग उपलब्ध गराउने नीति लिईने छ ।
- चर्पी बनाउने आर्थिक हैसियत भएकाले पनि चर्पी बनाउन अटेर गरेमा नगरपालिकाबाट उपलब्ध गराउने सिफारिस तथा सहयोगहरु उपलब्ध गराइने छैन ।
- सार्वजनिक शौचालय सन्चालनका सम्वन्धमा परम्परागत रुपको सशुल्क विधिमा पुनर्विचार गरी विभिन्न आय आर्जनका गतिविधिहरु संग जोडिने छ जस्तै अगाडि पसल चलाउने र पछाडि सार्वजनिक शौचालय हुने वा गोवार ग्याँसमा जडान गर्ने आदि
- समुदायमा गोवरग्याँस, सुधारीएको चुल्हो, करेसाबारी, कम्पोष्ट पिट, जुठेल्नो, चाङ्ग (भाडा सुकाउने ठाउँ), खोर, भकारो आदिको निर्माण तथा प्रयोग, सम्पूर्ण घरपरीवारहरुमा प्रोत्साहित गराउने ।
- प्रत्येक वडाको कार्ययोजनामा जलवायु परिवर्तनको प्रभाव, विपत न्यूनीकरण क्रियाकलाप तथा महिनावारी व्यवस्थापन सम्बन्धी मुद्धाहरुलाई पहिचान र सम्बोधन गरिनेछ ।
- सरोकारवाला तथा निकायहरुले नगरपालिका स्तरीय खानेपानी सरसफाइ स्वच्छता रणनीतिसँग मेल हुने गरी आफ्ना कार्ययोजना तथा क्रियाकलाप तर्जुमा गर्नु पर्नेछ ।
- जलवायु परिवर्तनका असरहरु कम गर्न जलवाय अनुकुलन योजनालाई विशेष प्राथमिकतामा राखी कार्यान्वयन गरिने छ ।
- यो कार्ययोजनाको कार्यान्वयनको नियमित अनुगमन तथा आवश्यक परेमा परिमार्जन गर्ने समेत जिम्मा नगरपालिकाको हुनेछ ।
- नंया निर्माण हुने योजनामा खानेपानी सुरक्षा योजना लागु गरिने छ तथा चालु योजनाहरुमा पनि खानेपानी सुरक्षा योजना वा व्यवस्थित मर्मत योजना बनाइ लागु गरिने छ ।
- कार्ययोजनाले तय गरेका खानेपानी तथा सरसफाईका क्षेत्रको कार्ययोजना अनुसरका योजनाहरु कार्यान्वयनका लागि नगरपालिकामा वास शाखा गठन गरिने छ । उक्त वास यूनिट अन्तर्गत एउटा सूचना केन्द्रको स्थापना गरिनेछ र सो सूचना केन्द्रमा सम्पूर्ण कार्यक्रम, सूचना तथा विवरणहरु अध्यावधिक गरिनेछ ।
- बजार र बजार उन्मुख क्षेत्रहरुमा उत्पन्न हुने ठोस तथा तरल फोहोर को Grading तथा व्यबस्थापनका लागी उचित स्थानमा ल्याण्डफिल्ड क्षेत्र को निर्माण गरिनेछ ।

- खानेपानी, सरसफाइ र स्वच्छता प्रवर्द्धनका लागि संरचनागत तथा सचेतनागत क्रियाकलापहरुको क्षमता अभिवृद्धि लागि प्राथमिकता दिइने छ।
- खानेपानी तथा सरसफाई सेवाको दिगोपनाका लागि निजी संस्थाहरुको संलग्नतालाई समेत प्रोत्साहन र वातावरण तयार गर्न नगरपालिकाले भुमिका खेल्ने छ।
- नगरपालिकामा कम्तिमा पनि एक स्थानमा खानेपानी गुणस्तर मापन केन्द्र स्थापना गरिने छ।
- नगरपालिकामा खानेपानी तथा सरसफाई कार्यक्रमका लागि एउटा छुट्टै कोषको स्थापना गरिने छ। जसको संचालन नगरपालिका वास समन्वय समितिले गर्ने छ।



# अध्याय -६

# अनुगमन मुल्याङ्कन र वास योजना पुनरावलोकन

### ६.१ योजना कार्यन्वयन अवधारणा

यो वास योजना नगर कार्यपालिकाबाट अनुमोदन गरी नगर स्तरीय वास समिति र वडा स्तरीय वास समिति लागएत सबै सरोकारवालाहरुको सहभागितामा कार्यान्वयन गरिनेछ ।

### ६.२ अनुगमन योजना (Monitoring of Plan)

**क) अनुगमन ढाँचा तथा पद्वति**

नगरपालिका र वडा तहमा अनुगमन प्रणाली स्थापना गरिनेछ । नगरपालिका तहका वाश कियाकलापहरुको आवधिक अनुगमन गर्ने जिम्मेवारी नगरपालिका स्तरीय समन्वय समिति अन्तर्गतको मुख्य कार्यदलको हुनेछ । वडा र समुदाय तहमा पनि अनुगमन कार्यदल गठन गरिनेछ । जसमा वडाका सदस्य सहित राजनीतिक दलका सदस्य,नागरिक समाज, शिक्षा, स्वास्थ्य एवं संचार क्षेत्रबाट आवश्यक प्रतिनिधि समावेश गरी गठन गरिनेछ ।

विभिन्न तहका समन्वय समिति अन्तगर्त गठित अनुगमन दल योजनामा समावेश कियाकलापहरुको लेखाजोखा तथा अवलोकलन गर्नेछ । यसका लागि उद्देश्य, प्रकृया, प्रभाव सम्बन्धी सुचकहरु विकास गरिनेछ । स्थानीय उपभोक्ता समिति,उपभोक्ता, कार्यकम संचालन गर्ने निकाय नागरिक समाज आदिको उपस्थितिमा अनुगमनका कियाकलापहरु गरिनेछ ।

**ख) सूचक**

खानेपानी, सरसफाइ र स्वच्छता कार्यकमका आधारभूत सुचकहरु विकास गरिनेछ । यस्ता सुचकहरु विकास गर्दा खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी नीति , नियम ,मार्गदर्शन र सम्बन्धीत योजनाको उदेश्य र कार्यपद्धति लगायतका संरचनालाई ध्यान दिइनेछ ।

**ग) अनुगमनको तह**

**अनुगमनको तह यसप्रकार हुनेछ**

- समुदाय स्तर
- वडा स्तर
- नगरपालिका स्तर

**घ) अनुगमन विधि**

- नगरपालिका तथा वडा वास समन्वय समति

- स्वअनुगमन, सहभागिता मुलक संयुक्त अनुगमन
- सुरुवाती मध्यावधि तथा अन्तिमअनुगमन
- चरणबद्ध अनुगमन

### ६.३ योजना परिमार्जन

नगरपालिकामा गुरुयोजना परिमार्जन गर्नका लागि नगरपालिका वास समन्वय समितिको सिफारिसमा प्रत्येक २ वर्षमा अद्यावधिक वा परिमार्जन गरेर नगरसभाबाट पारित गरिनेछ ।

### ६.४ वास योजना स्विकृति र अवधि

वास योजना नगर कार्यपालिकाले स्वीकृत गरेर नगर सभाबाट पारित गरेको मिति देखि लागु भै सन् २०३० को अन्तसम्म हुनेछ ।

# अनुसूची

अनुसूची ७.१ ठाकुरबाबा नगरपालिकाको जनसंख्या विवरण

| वडा नं | घरधुरी | जनसंख्या | | जम्मा |
|---|---|---|---|---|
| | | महिला | पुरुष | |
| १ | १५५१ | ३९६६ | ४१२५ | ८०९१ |
| २ | १५८० | ४२१२ | ४३६६ | ८५७८ |
| ३ | १४१३ | ३९६६ | ४११० | ८०७६ |
| ४ | ९३८ | २६७० | २६९३ | ५३६३ |
| ५ | ११२४ | ३०२३ | ३००३ | ६०२६ |
| ६ | ८९५ | २३२६ | २४०१ | ४७२७ |
| ७ | ८७९ | २५६५ | २५४९ | ५११४ |
| ८ | ८९३ | २५१६ | २५१० | ५०२६ |
| ९ | ११८१ | ३१०० | ३१०३ | ६२०३ |
| जम्मा | १०४५४ | २८३४४ | २८८६० | ५७२०४ |

अनुसूची ७.२ प्रस्तावित नयाँ खानेपानी योजनाहरु

| क्र स | क्रियाकलाप र योजना | वडा नं. | टोल | घरधुरी | जनसंख्या | योजनाको किसिम |
|---|---|---|---|---|---|---|
| १ | बगनाहा -मानपुर खैलार खानेपानी तथा सरसफाई आयोजना | ३ | बगनाहा, खैलार, मानपुर | ५४३ | २५०४ | ओभरहेड ट्याङ्की |
| २ | मढेला चिट्कैया खानेपानी तथा सरसफाई आयोजना | ८ | मढेला, चिट्कैया, भुड्कैया,गोब्रेला | ५४३ | ३२६१ | ओभरहेड ट्याङ्की |
| ३ | नेउलापुर गोदाना खानेपानी तथा सरसफाई आयोजना | ३ | नेउलापुर, गोदाना, मिर्चैया, कन्चनपुर, सत्घरुवा | ७५४ | ४९७५ | ओभरहेड ट्याङ्की |
| ४ | काठमाण्डु टोल खानेपानी तथा सरसफाई आयोजना | २ | प्रतापुर, पेरहनी, सुजनपुर, सत्घरुवा, तिनघररुवा | २१३ | १२२८ | ओभरहेड ट्याङ्की |
| ५ | सैनवार वसुरिय हात्तीसार खानेपानी तथा सरसफाई आयोजना | ४ | बर्गदा, सैनवार, मैनवार, बावनपुर, मानपुर | ९३८ | ५३६३ | ओभरहेड ट्याङ्की |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | डुम्रेनी खानेपानी तथा सरसफाई आयोजना | १ | डुम्रेनी, भुरिगाउ, सिहँबाहिनी | ५४४ | ३०९३ | ओभरहेड ट्याङ्की |

अनुसूची ७.३ स्वास्थ्य संस्थाहरुको खानेपानी र सरसफाइको अवस्था

| क्र स | स्वास्थ्य संस्था | वडा नं | लैङ्गिक मैत्री शौचालय | अपाङ्ग मैत्री शौचालय | पानीको उपलव्धता | हात धुने सुविधा | महिनावारी व्यवस्थापन | सरसफाइको अवस्था |
|---|---|---|---|---|---|---|---|---|
| १ | नेउलापुर स्वास्थ्य केन्द्र | १ | छ | छैन | छ | छ | छ | राम्रो |
| २ | पेरहनी आधारभूत स्वास्थ्य चौकी | २ | छ | छैन | छ | छ | छ | राम्रो |
| ३ | गोदना आधारभूत स्वास्थ्य चौकी | ३ | छ | छैन | छ | छ | छ | राम्रो |
| ४ | बगनाह स्वास्थ्य केन्द्र | ४ | छ | छैन | छ | छ | छ | राम्रो |
| ५ | बनकट्टि आधारभूत स्वास्थ्य चौकी | ५ | छ | छैन | छ | छ | छ | राम्रो |
| ६ | शिवपुर स्वास्थ्य केन्द्र | ६ | छ | छैन | छ | छ | छ | राम्रो |
| ७ | मोहनपुर आधारभुत स्वास्थ्य चौकी | ७ | छ | छैन | छ | छ | छ | राम्रो |
| ८ | चिट्कैया स्वास्थ्य केन्द्र | ८ | छ | छैन | छ | छ | छ | राम्रो |
| ९ | ठाकुरद्वारा आधारभुत स्वास्थ्य चौकी | ९ | छ | छैन | छ | छ | छ | राम्रो |

अनुसूची ७.४ विद्यालयहरुको खानेपानी तथा सरसफाईको अवस्था

| क्र स | विद्यालयको नाम | वडा नं | शौचालय छ/छैन | लैङ्गिक मैत्री शौचालय | अपाङ्ग मैत्री शौचालय | महिनावारी व्यवस्थापन सुविधा | हातधुने सुविधा | पानीको व्यवस्था | सरसफाइ को अवस्था |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्री चुरे मा वि | ३ | छ | छ | छ | छ | छ | छ | राम्रो |
| २ | श्री जगदम्बा मा वि | ८ | छ | छ | छ | छ | छ | छ | राम्रो |
| ३ | श्री त्रिभुवन मा वि | १ | छ | छ | छ | छ | छ | छ | राम्रो |
| ४ | श्री जनज्योति मा वि | ६ | छ | छ | छैन | छ | छ | छ | राम्रो |
| ५ | श्री किसान मा वि | ५ | छ | छ | छैन | छ | छ | छ | राम्रो |
| ६ | श्री नेपाल राष्ट्रिय मा वि | २ | छ | छ | छैन | छ | छ | छ | राम्रो |
| ७ | श्री ने.रा. आ.वि | ९ | छ | छ | छैन | छ | छ | छ | राम्रो |
| ८ | श्री बबई शिशु मन्दिर आवि | ४ | छ | छ | छैन | छ | छ | छ | राम्रो |
| ९ | श्री शारदा आ वि | ५ | छ | छ | छैन | छ | छ | छ | राम्रो |
| १० | श्री जनचाहना आ वि | १ | छ | छ | छैन | छ | छ | छ | राम्रो |
| ११ | श्री सरस्वति आ वि | ३ | छ | छ | छैन | छ | छ | छ | राम्रो |
| १२ | श्री शिव सुन्दर आ वि | ७ | छ | छ | छैन | छ | छ | छ | राम्रो |
| १३ | श्री जनता आ वि | ६ | छ | छ | छैन | छ | छ | छ | राम्रो |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १४ | श्री हिमालय आ वि | ३ | छ | छ | छैन | छ | छ | छ | राम्रो |
| १५ | श्री दुर्गा जनज्योति प्रा वि | २ | छ | छ | छैन | छैन | छ | छ | राम्रो |
| १६ | श्री सुर्योदय प्रा वि | ८ | छ | छ | छैन | छैन | छ | छ | राम्रो |
| १७ | श्री प्रा वि कालिगौडी | ७ | छ | छ | छैन | छैन | छ | छ | राम्रो |
| १८ | श्री प्रा वि खैलार | ४ | छ | छ | छैन | छैन | छ | छ | राम्रो |
| १९ | श्री पृथ्वी प्रा वि | ९ | छ | छ | छैन | छैन | छ | छ | राम्रो |
| २० | श्री कौशल्यश्वोरी प्रा वि | ९ | छ | छ | छैन | छैन | छ | छ | राम्रो |
| २१ | श्री मुक्त कमैया प्रा वि | ५ | छ | छ | छैन | छैन | छ | छ | राम्रो |
| २२ | श्री ज्ञानोदय प्रा वि | २ | छ | छ | छैन | छैन | छ | छ | राम्रो |
| २३ | श्री जनता प्रा वि | २ | छ | छ | छैन | छैन | छ | छ | राम्रो |
| २४ | श्री जनजागृति प्रा वि | २ | छ | छ | छैन | छैन | छ | छ | राम्रो |
| २५ | श्री मालिका प्रा वि | ३ | छ | छ | छैन | छैन | छ | छ | राम्रो |
| २६ | श्री बालज्योति प्रा वि | ५ | छ | छ | छैन | छैन | छ | छ | राम्रो |
| २७ | श्री नयाँ नेपाल प्रा वि | २ | छ | छ | छैन | छैन | छ | छ | राम्रो |
| २८ | श्री राम जानकी आ मा वि | १ | छ | छ | छैन | छ | छ | छ | राम्रो |
| २९ | श्री कर्णाली ई बो मा वि | १ | छ | छ | छैन | छ | छ | छ | राम्रो |
| ३० | श्री भेरी पब्लिक शिक्षालय | १ | छ | छ | छैन | छ | छ | छ | राम्रो |
| ३१ | श्री बर्दिया एजुकेशनल एकेडेमी | १ | छ | छ | छैन | छ | छ | छ | राम्रो |
| ३२ | श्री नेशनल एजुकेशन एकेडेमी | २ | छ | छ | छैन | छैन | छ | छ | राम्रो |
| ३३ | श्री बिशाल दीपज्योति एकेडेमी | ३ | छ | छ | छैन | छ | छ | छ | राम्रो |
| ३४ | श्री ओम आदर्श एकेडेमी | ६ | छ | छ | छैन | छैन | छ | छ | राम्रो |
| ३५ | श्री भेरी पब्लिक स्कुल | ६ | छ | छ | छैन | छैन | छ | छ | राम्रो |
| ३६ | श्री रातो बंगला एकेडेमी | ६ | छ | छ | छैन | छैन | छ | छ | राम्रो |
| ३७ | श्री एल न्यु ब्राईट फ्युचर एकेडेमी | ८ | छ | छ | छैन | छ | छ | छ | राम्रो |
| ३८ | श्री बिबिएएस मेमोरिएल एकेडेमी | ९ | छ | छ | छैन | छ | छ | छ | राम्रो |
| ३९ | श्री जयलर्ड बुद्ध एकेडेमी | ९ | छ | छ | छैन | छ | छ | छ | राम्रो |
| ४० | श्री ओम दिपज्योति एकेडेमी | ९ | छ | छ | छैन | छ | छ | छ | राम्रो |
| ४१ | विविएएस पब्लिक स्कुल | ९ | छ | छ | छैन | छैन | छ | छ | राम्रो |

अनुसूची ७.५ नगरपालिकाको खानेपानी सेवा विस्तार योजना

| वडा नं | जम्मा | | मौजुदा योजनाबाट | | वास योजनामा प्रस्तावितबाट | | मौजुदा योजना बाट विस्तार | | निर्माणधिन योजनाबाट | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | घरधुरी | जनसंख्या | घरधुरी | जनसंख्या | घरधुरी | जनसंख्या | घरधुरी | जनसंख्या | घरधुरी | जनसंख्या |
| १ | १५५१ | ८०९१ | ४९७ | २४८७ | ५४४ | ३०९३ | ५१० | २५११ | | |
| २ | १५८० | ८५७८ | | | २१३ | १२२८ | | | १३६७ | ७३५० |
| ३ | १४१३ | ८०७६ | २६ | १४५ | १२९७ | ७४७९ | ९० | ४५२ | | |
| ४ | ९३८ | ५३६३ | | | ९३८ | ५३६३ | | | | |
| ५ | ११२४ | ६०२६ | | | | | | | ११२४ | ६०२६ |
| ६ | ८९५ | ४७२७ | ११४ | ६७० | ३०० | १४०४ | ४८१ | २६५३ | | |
| ७ | ८७९ | ५११४ | | | ० | ० | ९५ | ५४३ | ७८४ | ४५७१ |
| ८ | ८९३ | ५०२६ | | | ५४३ | ३२६१ | | | ३५० | १७६५ |
| ९ | ११८१ | ६२०३ | | | ५५२ | २७७९ | | | ६२९ | ३४२४ |
| जम्मा | १०४५४ | ५७२०४ | ६३७ | ३३०२ | ४३८७ | २४६०७ | ११७६ | ६१५९ | ४२५४ | २३१३६ |

अनुसूची ७.६ खानेपानी योजनाहरुको दिगोपन

| क्र स | सूचकहरु | अध्यन गरिएको नतिजा | | अपेक्षा गरिएको | सुधारको आवश्यकता |
|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | | |
| १ | समिति गठन | ८ | १०० | छैन | छैन |
| २ | ३३ ५ महिला सहभागिता | ८ | १०० | छैन | छैन |
| ३ | जलस्रोत समितिमा दर्ता | – | – | – | – |
| ४ | आफ्नै कार्यालय भवन भएका | २ | १०० | छ | छ |
| ५ | आफ्नै मर्मत सम्हार प्राबिधिक भएका | २ | १०० | छ | छ |
| ६ | मर्मत सम्हार कार्यकर्तालाई तलब उपलब्ध गराउने | २ | १०० | छ | छ |
| ७ | आफै लेखा व्यवस्थापन गर्ने | १ | १०० | छ | छ |
| ८ | लेखापालले लेखा व्यवस्थापन गर्ने | | १०० | छ | छ |
| ९ | नियमित बैठक गर्ने | ० | १०० | छ | छ |
| १० | नियमित बार्षिक साधारण सभा गर्ने | १ | १०० | छ | छ |
| ११ | पानी महसुल उठाउने गरेका | १ | १०० | छ | छ |
| १२ | बार्षिक लेखा परिक्षण गराउने | २ | १०० | छ | छ |

अनुसूची ७.७ प्रस्तावित सार्वजनिक शौचालय

| प्रा क स | शौचालयको नाम | वडा नं | संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | भुरिगाउ बसपार्क सार्वजनिक शौचालय | १ | १ | |
| २ | ठाकुरद्वारा बजारमा सार्वजनिक शौचालय | ९ | १ | |
| ३ | २ नं वडा कार्यालय नजिक सार्वजनिक शौचालय | २ | १ | |
| ४ | आम्बासा चोक सार्वजनिक शौचालय | २ | १ | |
| ५ | बगनाह बजारमा सार्वजनिक शौचालय | ३ | १ | |
| ६ | नया निर्माण हुने नगर अस्पताल नजिक सार्वजनिक शौचालय | ३ | १ | |
| ७ | ४ नं वडा कार्यालय नजिक सार्वजनिक शौचालय | ४ | १ | |
| ८ | वसुरीया आर्मी व्यारेक नजिक सार्वजनिक शौचालय | ४ | १ | |
| ९ | शाहीपुर बजारमा सार्वजनिक शौचालय | ५ | १ | |
| १० | बकुवा बजारमा सार्वजनिक शौचालय | ६ | १ | |
| ११ | ७ नं वडा कार्यालय नजिक सार्वजनिक शौचालय | ७ | १ | |
| १२ | मढेला बजारमा सार्वजनिक शौचालय | ८ | १ | |

७.८ तथ्याङ्क संकलकहरुको नाम

| क्र.स. | गणकको नाम | वडा नं | युजरनेम | सम्पर्क नं |
|---|---|---|---|---|
| १ | टेकन्द्र कठायत | १ | tekendrakathayat062 | ९८४८१७१७०६ |
| २ | रबिन्द्र तिमिल्सैना | १ | rabin.timilsena | ९८४८०६५३११ |
| ३ | गणेश चौधरी | २ | ganeshchaudhary | ९८६७४६७४८९ |
| ४ | टिकाराम खड्का | २ | Tika Ram Khadka | ९८६६६७६१५६ |
| ५ | भावना अधिकारी | ३ | bhawanaadhakari | ९८४८३५८९५२ |
| ६ | सुप्रिती कुमारी चौधरी | ३ | suprritichaudhari | ९८६३२८७९२८ |
| ७ | अन्जु थारु | ४ | anjutharu | ९८१६५५५६३८ |
| ८ | दिलबहादुर नेपाली | ४ | Dilbdrnepali | ९८४८३६१३५० |
| ९ | हिम प्रसाद खनाल | ५ | himprasadkhanal | ९८१५३९०१२५ |
| १० | बिनोद प्रसाद जैसि | ५ | binodprasadjaishi | ९८६३१४१०१३ |
| ११ | रेखा रावत | ६ | Rekha Rawat | ९८६८२८९५०९ |
| १२ | गीता वली | ६ | Gita Oli | ९८६८१५१८०० |
| १३ | जय प्रकाश थारु | ७ | prakash tharu | ९८१५५०१७८८ |
| १४ | सुमित्रा थारु | ७ | Sumitra Tharu | ९८१५६६००६९ |
| १५ | शिला परियार | ८ | Sila Tiruwa | ९८६४८७७८३४ |
| १६ | मंगली थारु | ८ | mangalitharu | ९८१२५३७७११ |
| १७ | राम कुमारी चौधरी | ९ | ramkumarich | ९८०४५५७०८३ |
| १८ | बिनिता चौधरी | ९ | binitac644 | ९८६८००६८०८ |

# ७.९ वास एकिकृत कार्य योजना

| क्र स | कार्यक्रमहरु | योजना अवधि ( 10 बर्ष) | | | | पहिलो (4 बर्ष) | | | | दोस्रो (3 बर्ष) | | | | तेस्रो (3 बर्ष) | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | घरधुरी | जनसंख्या | अनुमानित लागत (रु हजारमा) | संख्या | घरधुरी | जनसंख्या | अनुमानित लागत (रु हजारमा) | संख्या | घरधुरी | जनसंख्या | अनुमानित लागत (रु हजारमा) | संख्या | घरधुरी | जनसंख्या | अनुमानित लागत (रु हजारमा) | |
| १ | निर्माण तर्फ | | | | | | | | | | | | | | | | | |
| १.१ | खानेपानी योजनाहरु | १५ | १०४५४ | ५७२०४ | ६२७७४६ | ७ | ५५३२ | २८४८२ | २४७६८६ | ४ | २४६२ | १४३६२ | १९००३० | ४ | २४६० | १४३६० | १९००३० | |
| १.१.१ | नया खानेपानी योजना निर्माण | ६ | ३५३५ | २०४२८ | ३५१८१० | २ | ११७९ | ६८१० | ११७२७० | २ | ११७९ | ६८१० | ११७२७० | २ | ११७७ | ६८०८ | ११७२७० | |
| १.१.२ | निर्माणाधिन खानेपानी योजना | ७ | ४४९१ | २६४३२ | २५४६६० | ३ | १९२५ | ११३२८ | १०९१४० | २ | १२८३ | ७५५२ | ७२७६० | २ | १२८३ | ७५५२ | ७२७६० | |
| १.१.३ | खानेपानी योजना स्तरोन्नती | २ | २४२८ | १०३४४ | २१२७६ | २ | २४२८ | १०३४४ | २१२७६ | | | | | | | | | |
| १.१.४ | खानेपानी गुणस्तर अधिबृद्धि कार्यक्रम | | | | | | | | | | | | | | | | | |
| १.२ | शौचालयहरु | १३४४ | १२६९ | ६२५८ | ५६५४० | १३४४ | १२६९ | ६२५८ | ५६५४० | | | | | | | | | |
| १.२.१ | घरायसी शौचालय(स्तरोन्नती) | ७७२ | ७७२ | ३९५४ | १५४४० | ७७२ | ७७२ | ३९५४ | १५४४० | | | | | | | | | |
| १.२.२ | घरायसी शौचालय (नयाँ) | ४९७ | ४९७ | २३०४ | २४८५० | ४९७ | ४९७ | २३०४ | २४८५० | | | | | | | | | |
| १.२.३ | सार्नजनिक शौचालय ( स्तरोन्ती) | २ | | | १०० | २ | | | १०० | | | | | | | | | |
| १.२.४ | सार्वजनिक शौचालय (नयाँ) | १२ | | | ९०० | १२ | | | ९०० | | | | | | | | | |
| १.२.५ | संस्थागत शौचालय ( स्तरोन्नती) | | | | | | | | | | | | | | | | | |
| १.२.६ | संस्थागत शौचालय (नयाँ) | | | | | | | | | | | | | | | | | |
| १.२.७ | स्वास्थ्य संस्था शौचालय (स्तरोन्नती) | ९ | | | २२५० | ९ | | | २२५० | | | | | | | | | |
| .१.२.८ | स्वास्थ्य संस्था शौचालय (नयाँ) | | | | | | | | | | | | | | | | | |
| १.२.९ | विद्यालय शौचालय (स्तरोन्नती) | ३१ | | | ७७५० | ३१ | | | ७७५० | | | | | | | | | |
| 1.2.8 | सरकारी कार्यालय शौचालय मर्मत | २१ | | | ५२५० | २१ | | | ५२५० | | | | | | | | | |
| १.२.१० | विद्यालय शौचालय (नया) | | | | | | | | | | | | | | | | | |
| १.३ | अन्य | ६० | १०४५४ | ५७२०४ | ११४००० | ५४ | ४५४४ | २४७४५ | ५९००० | ३ | २९५७ | ८०१९ | ४०००० | ३ | २९७१ | १६३४३ | १५००० | |
| 1.3.1 | हात धुने स्थान निर्माण | ५० | | | १५०० | ५० | | | १५०० | | | | | | | | | |
| १.३.२ | ठोस फोहोर व्यवस्थापन स्थल | १ | | | २५०० | १ | | | २५०० | | | | | | | | | |
| १.३.३ | ढल प्रणाली स्थापना | ९ | १०४५४ | ५७२०४ | ११०००० | ३ | ४५४४ | २४७४५ | ५५००० | ३ | २९५७ | ८०१९ | ४०००० | ३ | २९७१ | १६३४३ | १५००० | |
| 2 | क्षमता अधिबृद्धि | २३ | | | ४६०० | २३ | | | ४६०० | | | | | | | | | |
| २.१ | शिपमुलक तालिम | २३ | | | ४६०० | | | | | | | | | | | | | |
| | कुल जम्मा | | | | ८०२८८६ | | | | ३६७८२६ | | | | २३००३० | | | | २०५०३० | |

## ७.१० नगर तथा वडा स्तरीय बैठकका तस्विर तथा माइन्युटहरु










स्थायी लेखा नं. २०१२२६१९० ठाकुरबाबा नगरपालिका

Thakurbaba Municipality

☎ ०८४-४०३१८९

☎ ०८४-४०३१९६

# नगर कार्यपालिकाको कार्यालय

# Office of the Municipal Executive

सैनवार, बर्दिया

Sainawar, Bardiya

लुम्बिनी प्रदेश, नेपाल

Lumbini Province, Nepal

प.स. :२०७७।०७८

च.नं. : १८८६

मिति: २०७७।०८।११

**विषय : नगर कार्यपालिका बैठकको निर्णय प्रमाणित प्रतिलिपि सम्बन्धमा ।**

श्री जो जस सँग सम्बन्ध राख्दछ ।

प्रस्तुत विषयमा मिति २०७७ साल कार्तिक २४ गते मंगलवार बसेको ठाकुरबाबा नगरपालिका, नगर कार्यपालिकाको ११२ औं बैठकले पारित गरेका निर्णय देहाय बमोजिम रहेको व्यहोरा प्रमाणित गरिन्छ ।

**प्रस्तावहरु:**

१. वास योजना सम्बन्धमा।

**निर्णयहरु:**

१. ठाकुरबाबा नगरपालिका अन्तर्गत खानेपानि सरसफाई तथा स्वच्छता योजना (वास) को मस्यौदा माथि सबै सरोकारवालाहरु विच छलफल गरि आवश्यक सुझाव बमोजिमका विषय वस्तुहरु समावेश गर्ने गरि योजनाहरुको प्राथमिकिकरण अनुसार (वास) योजना स्विकृत गर्ने र वास योजना कार्यक्रम संचालनका लागी लागत अनुमान बमोजिम रु. ३,४३,०००।- रकम भैपरि आउने चालु शिर्षक विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय प्रतिलिपि

२०७७।८।११

प्रमुख प्रशासकीय अधिकृत

Date / /
Page No.

आज मिति २०८० साल कार्तिक ९ गते का दिन ठाकुरबाबा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत रामहरी रिजाल ज्यूको अध्यक्षतामा ठाकुरबाबा नगरपालिकाको वपत योजना तयारीको वर्गीकरणको उपस्थितिमा अन्तिम चरणको छलफल गरी वास योजनाको अन्तिम रूप प्रदान गरियो ।

उपस्थिति
श्री रामहरि रिजाल प्रमुख प्रशासकीय अधिकृत
श्री धन्न थापा
श्री भवानन्द [illegible]
श्री विष्णुप्रसाद ढकाल
श्री दिनेश विष्ट
श्री विना महरा
श्री राधा चौधरी
श्री पुष्कर ओली
श्री सर्वराज भण्डारी
श्री रामकृष्ण [illegible]
श्री उद्धबहादुर [illegible]
[illegible] सूचना अधिकारी । [illegible]

निरीक्षण प्रतिलिपि

प्रमुख प्रशासकीय अधिकृत

ठाकुरबाबा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सैनवार, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल
स्था : २०७३

## मिति २०७७/०७/०२ गतेको नगर स्तरीय वास समन्वय समितिको बैठकको निर्णय

प्रस्तावहरु

१. खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी तथ्याङ्क प्रस्तुतिकरण विश्लेषण सम्बन्धमा ।

२. वडागत छनौट भएका वास योजनाहरुको प्राथमिकिकरण सम्बन्धमा ।

निर्णयहरु:

१. प्रस्ताव नं १ माथि छलफल गर्दा यस ठाकुरबाबा नगरपालिका अन्तर्गतका सम्पुर्ण घरधुरी, विद्यालय, संघसंस्था, खानेपानी आयोजना र सार्वजनिक स्थलहरुको खानेपानी तथा सरसफाई तथा स्वच्छता सम्बन्धी mWater Survyer मार्फत संकलित तथ्याङ्कहरुको प्रस्तुतिकरण र विश्लेशण गर्ने कार्य सम्पन्न गरियो ।

२. प्रस्ताव माथि छलफल गर्दा यस ठाकुरबाबा नगरपालिकाले खानेपानी तथा सरसफाई योजनाका क्रियाकलापहरुमा तपसिल बमोजिमका प्राथमिकिकरण गर्ने निर्णय गरिएको छ ।

क) नयाँ प्रस्तावित खानेपानी तथा सरसफाई योजनाहरु

| प्रा क्र स | क्रियाकलाप र योजना | वडा नं. | टोल | घरधुरी | जनसङ्ख्या | योजनाको किसिम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | बगनाहा -मानपुर खैलार खानेपानी तथा सरसफाई आयोजना | ३ | बगनाहा, खैलार, मानपुर | ४८६ | २८०२ | ओभरहेड ट्याङ्की | |
| २ | मढेला चिट्कैया खानेपानी तथा सरसफाई आयोजना | ८ | मढेला, चिट्कैया, भुड्कैया,गोब्रेला | ५४३ | ३२६१ | ओभरहेड ट्याङ्की | |
| ३ | नेउलापुर गोदाना खानेपानी तथा सरसफाई आयोजना | ३ | नेउलापुर, गोदाना, मिर्चैया, कन्चनपुर, सत्घरुवा | ८११ | ४६७७ | ओभरहेड ट्याङ्की | |
| ४ | काठमाण्डु टोल खानेपानी तथा सरसफाई आयोजना | २ | प्रतापुर, पेरहनी, सुजनपुर, सत्घरुवा, तिनघररुवा | २१३ | १२२८ | ओभरहेड ट्याङ्की | |

प्रमुख प्रशासकीय अधिकृत

ठाकुरबाबा नगरपालिका नगर कार्यपालिकाको कार्यालय सैनवार, बर्दिया लुम्बिनी प्रदेश, नेपाल स्था : २०७३

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | सैनवार वसुरिय हात्तीसार खानेपानी तथा सरसफाई आयोजना | ४ | बर्गदा, सैनवार ,मैनवार, बावनपुर, मानपुर | ९३८ | ५३६६ | ओभरहेड ट्याङ्की | |
| ६ | डुम्रेनी खानेपानी तथा सरसफाई आयोजना | १ | डुम्रेनी, भुरिगाउ, सिहँबाहिनी | ५४४ | ३०९३ | ओभरहेड ट्याङ्की | |

ख) क्रमागत खानेपानी तथा सरसफाई योजनाहरु

| क्र स | क्रियाकलाप र योजना | वडा नं. | टोल | घरधुरी | जनसङ्ख्या | योजनाको किसिम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ढुङ्ग्रहवा शाहीपुर खानेपानी तथा सरसफाई आयोजना | ५ | ढुङ्ग्रहवा, खोनपुर, शाहिपुर, शिसवारा, बनबिरपुर | ८५७ | ४६१३ | ओभरहेड ट्याङ्की | गुणस्तर सुधार /क्षमता विस्तार |
| ३ | ठाकुरद्वारा खानेपानी तथा सरसफाई आयोजना | ९ | बेतहनी, ठाकुरद्वारा, खुसलपटुवा | ६२९ | ३४२४ | ओभरहेड ट्याङ्की | गुणस्तर सुधार /क्षमता विस्तार |
| ३ | शिवपुर खानेपानी तथा सरसफाई आयोजना | ७ | मुक्तिपुर, सुन्दरपुर, कालिगौडी, भदेली, मोहनपुर | ७८४ | ४५७१ | ओभरहेड ट्याङ्की | गुणस्तर सुधार /क्षमता विस्तार |
| ४ | सुखाड सुतैया खानेपानी तथा सरसफाई आयोजना | ८ | सुखाड, सुतैया | ३५० | १७६५ | ओभरहेड ट्याङ्की | गुणस्तर सुधार /क्षमता विस्तार |
| ५ | शिवपुर खानेपानी तथा सरसफाई आयोजना | ६ | बकुवा, तुल्सीपुर, मोतिपुर, मनिकापुर | ११४ | ६७० | ओभरहेड ट्याङ्की | गुणस्तर सुधार /क्षमता विस्तार |

ठाकुरबाबा नगरपालिका नगर कार्यपालिकाको कार्यालय सैनवार, बर्दिया

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | मानपुर जुडपानी खानेपानी तथा सरसफाई आयोजना | ३ | गोविन्दपुर, जुडपानी, मिचैंया, तकिया | २६७ | १४०७ | ओभरहेड ट्याङ्की | गुणस्तर सुधार /क्षमता विस्तार |
| ७ | कर्मला खानेपानी तथा सरसफाई आयोजना | २ | कर्मला, रानीपुर | ५०३ | २७५६ | ओभरहेड ट्याङ्की | गुणस्तर सुधार / क्षमता विस्तार |
| ८ | बलाती खानेपानी तथा सरसफाई आयोजना | २ | बलाती, प्रतापुर, पेरहनी, अम्रेनी, सुजनपुर | ८६४ | ४५९४ | ओभरहेड ट्याङ्की | गुणस्तर सुधार/ क्षमता विस्तार |
| ९ | भुरीगाउँ खानेपानी तथा सरसफाई आयोजना | १ | डुम्रेनी, भुरीगाउ, सिहँबाहिनी, खोदाउ | ५२३ | २६३२ | ओभरहेड ट्याङ्की | गुणस्तर सुधार /क्षमता विस्तार |

ग) ढल निकास तर्फः

| वडा नं. | योजनाको नाम | अनुमानित लागत(रु हजारमा) |
|---|---|---|
| १ | भुरिगाँउ गुलरिया रोड - दुन्द्रा<br>तिनमुहान, भुरिगाँउ,आदर्शनगर,कन्चनपुर दुन्द्रा<br>भुरिगाँउ स्वास्थ्य चौकी, कृष्ण प्रणामी मन्दिर, सतघरुवा -दुन्द्रा<br>रानीपुर,खोदाउ,सतघरुवा- दुन्द्रा | २०००० |

निर्णय प्रमाणित

ठाकुरबाबा नगरपालिका नगर कार्यपालिकाको कार्यालय सैनवार, बर्दिया लुम्बिनी प्रदेश, नेपाल स्था : २०७३

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| २ | सतघरुवा विचगाँउ आम्बासा - सिंहवाहिनी खेल मैदान बरथपुरुवा –<br>कर्मला रानीपुर कोलीया लाइन दुन्द्रा-<br>बलाती आम्बासा-<br>बलाती पेरहनी ओराही- बलाती चोक जरहिकुला आम्बासा -<br>सतघरुवा नुवाकोट टोल आम्बासा<br>तिनघरुवा आम्बासा-<br>अम्रेनी गाँउ सडक किनार ओराही खोला | २०००० |
| ३ | गुलरीया भुरीगाउ सडक खण्ड दुवै किनारा<br>कन्चनपुर नेउलापुर सडक दुवै किनारा<br>मानपुर – ढोढरी कुलो<br>मिर्चैया गाउ सडक छेउ<br>बगनाहा स्कुल मिर्चैया हुदै नेउलापुर गोदाना गीदरपुर हुदै जुडपानी | १५००० |
| ४ | सैनवार बावनपुर हुदै मानपुर बाटो दुवै छेउ<br>बर्गदा गाउ देखि मैनवार बाटोको दुवै छेउ<br>सैनवार आर्मि पोष्ट देखि मानपुर सडक किनार<br>खैलार देखि बगनाहा सडक छेउ दुवै तर्फ | १५००० |
| ५ | भुरीगाउ गुलरीया सडक वनकट्टी देखि ठोङ्ग्रहवा सम्म सडक छेउ<br>खुनपुर देखि शाहिपुर सडक छेउ<br>वनकट्टी सिसवारा देखि गोविन्दपुर जोड्ने सडक किनारा<br>वनविरपुर – तकिया सडक छेउ | १५००० |
| ६ | बकुवा बजार – गिठेनाला<br>मोतिपुर लठुवा – रजकुला नाला<br>तुल्सीपुर बकुवा – तल्लो रजकुला नाला | १०००० |
| ७ | कानपुर खेल मैदान – ओराही खोला | ५००० |
| ८ | आम्बासा ठाकुरद्वारा सडक खण्ड गोब्रेला देखि चिट्कैया दुन्द्रा | ५००० |
| ९ | ठाकुरद्वारा बजार – दुन्द्रा नाला<br>किडफिसर - बानुगाउ सडक दुवै किनार | ५००० |

ठाकुरबाबा नगरपालिका नगर कार्यपालिकाको कार्यालय सैनवार, बर्दिया लुम्बिनी प्रदेश, नेपाल स्था : २०७३

प्रमुख प्रशासकीय अधिकृत

घ) सार्वजनिक शौचालय निर्माण तर्फः

| प्रा.क.स | सार्वजनिक स्थल/बिद्यालय/संस्थाको नाम | वडा न. | संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | भुरिगाउ बसपार्क सार्वजनिक शौचालय | १ | १ | |
| २ | ठाकुरद्वारा बजारमा सार्वजनिक शौचालय | ९ | १ | |
| ३ | वडा कार्यालय नजिक सार्वजनिक शौचालय | २ | १ | |
| ४ | आम्बासा चोक सार्वजनिक शौचालय | २ | १ | |
| ५ | बगनाह बजारमा सार्वजनिक शौचालय | ३ | १ | |
| ६ | नया निर्माण हुने नगर अस्पताल नजिक शौचालय | ३ | १ | |
| ७ | वडा कार्यलय नजिक सार्वजनिक शौचालय | ४ | १ | |
| ८ | वसुरिया आर्मि व्यारेक नजिक सार्वजनिक शौचालय | ४ | १ | |
| ९ | शाहीपुर बजारमा सार्वजनिक शौचालय | ५ | १ | |
| १० | बकुवा बजारमा सार्वजनिक शौचालय | ६ | १ | |
| ११ | वडा कार्यालय नजिक सार्वजनिक शौचालय | ७ | १ | |
| १२ | मढेला बजारमा सार्वजनिक शौचालय | ८ | १ | |

ङ) विद्यालय, स्वास्थ्य संस्था तथा सार्वजनिक संस्थाहरुको शौचालय

| क्र स | स्वास्थ्य संस्थाको नाम | वडा नं | कैफियत |
|---|---|---|---|
| १ | नेउलापुर स्वास्थ्य चौकी | १ | मर्मत सुधार तथा क्षमता विकास |
| २ | शहरी स्वास्थ्य केन्द्र पेरहनी | २ | मर्मत सुधार तथा क्षमता विकास |

ठाकुरबाबा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सैनवार, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल
स्था : २०७२

प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| ३ | शहरी स्वास्थ्य केन्द्र गोदना | ३ | मर्मत सुधार तथा क्षमता विकास |
| ४ | बगनाहा स्वास्थ्य चौकी | ४ | मर्मत सुधार तथा क्षमता विकास |
| ५ | शहरी स्वास्थ्य केन्द्र बनकट्टी | ५ | मर्मत सुधार तथा क्षमता विकास |
| ६ | बकुवा स्वास्थ्य चौकी | ६ | मर्मत सुधार तथा क्षमता विकास |
| ७ | शहरी स्वास्थ्य केन्द्र सुन्दपुर | ७ | मर्मत सुधार तथा क्षमता विकास |
| ८ | चिट्कैया स्वास्थ्य चौकी चिट्कैया | ८ | मर्मत सुधार तथा क्षमता विकास |
| ९ | सामुदायीक स्वास्थ्य केन्द्र ठाकुरद्वारा | ९ | मर्मत सुधार तथा क्षमता विकास |

च) विद्यालयहरुको शौचालय

| क्र स | विद्यालयको नाम | कैफियत |
|---|---|---|
| १ | श्री चुरे मा वि | मर्मत सुधार तथा क्षमता विकास |
| २ | श्री जगदम्बा मा वि | मर्मत सुधार तथा क्षमता विकास |
| ३ | श्री त्रिभुवन मा वि | मर्मत सुधार तथा क्षमता विकास |
| ४ | श्री जनज्योति मा वि | मर्मत सुधार तथा क्षमता विकास |
| ५ | श्री किसान मा वि | मर्मत सुधार तथा क्षमता विकास |
| ६ | श्री नेपाल राष्ट्रिय मा वि | मर्मत सुधार तथा क्षमता विकास |
| ७ | श्री ने.रा. आ.वि | मर्मत सुधार तथा क्षमता विकास |
| ८ | श्री बबई शिशु मन्दिर आ वि | मर्मत सुधार तथा क्षमता विकास |
| ९ | श्री शारदा आ वि | मर्मत सुधार तथा क्षमता विकास |
| १० | श्री जनचाहना आ वि | मर्मत सुधार तथा क्षमता विकास |
| ११ | श्री सरस्वति आ वि | मर्मत सुधार तथा क्षमता विकास |
| १२ | श्री शिव सुन्दर आ वि | मर्मत सुधार तथा क्षमता विकास |
| १३ | श्री जनता आ वि | मर्मत सुधार तथा क्षमता विकास |
| १४ | श्री हिमालय आ वि | मर्मत सुधार तथा क्षमता विकास |
| १५ | श्री दुर्गा जनज्योति प्रा वि | मर्मत सुधार तथा क्षमता विकास |
| १६ | श्री सुर्योदय प्रा वि | मर्मत सुधार तथा क्षमता विकास |
| १७ | श्री प्राथमिक विद्यालय कालिगौडी | मर्मत सुधार तथा क्षमता विकास |
| १८ | श्री प्राथमिक विद्यालय खैलार | मर्मत सुधार तथा क्षमता विकास |
| १९ | श्री पृथ्वी प्रा वि | मर्मत सुधार तथा क्षमता विकास |
| २० | श्री कौशल्यश्वोरी प्रा वि | मर्मत सुधार तथा क्षमता विकास |

ठाकुरबाबा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मैनवार, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल
स्था : २०७३

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| २१ | श्री मुक्त कमैया प्रा वि | मर्मत सुधार तथा क्षमता विकास |
| २२ | श्री ज्ञानोदय प्रा वि | मर्मत सुधार तथा क्षमता विकास |
| २३ | श्री जनता प्रा वि | मर्मत सुधार तथा क्षमता विकास |
| २४ | श्री जनजागृति प्रा वि | मर्मत सुधार तथा क्षमता विकास |
| २५ | श्री मालिका प्रा वि | मर्मत सुधार तथा क्षमता विकास |
| २६ | श्री बालज्योति प्रा वि | मर्मत सुधार तथा क्षमता विकास |
| २७ | श्री नयाँ नेपाल प्रा वि | मर्मत सुधार तथा क्षमता विकास |

छ) सिप विकास तालिमः

१) पम्प अपरेटर तालिम - २ वटा

२) पानी परीक्षण तालिम - १ वटा

३) फिल्टर मर्मत सम्भार कार्यकर्ता तालिम -२ वटा

४) उपभोक्ता समिति व्यवस्थापन तथ लेखातालिम - २ वटा

५) खानेपानी सुरक्षा योजना तालिम - २ वटा

६) लैगिंक समानता तथा समाजिक समावेसीकरण तालिम - २ वटा

७) पूर्ण सरसफाइ, सरसफाइ तथा स्वच्छता - २ वटा

८) जलवायु परिवर्तन अनुकूलन तथा प्रकोप जोखिम न्यूनीकरण तालिम आदि -२ वटा

९) प्लम्बिङ तालिम — २ वटा

१०) महामारी तथा सरुवा जन्य रोग नियन्त्रण सम्बन्धी र फोहोर व्यवस्थापन तालिम

११) व्यवहार परिवर्तन तालिम (स्वास्थ्य तथा सरसफाई सम्बन्धि)

१२) सेनेटरी प्याड प्रयोग तथा व्यवस्थापन तालिम (विद्यालय तथा समुदाय स्तर)

१३) फोहोरलाई मोहोरको रुपमा रुपान्तरण सम्बन्धी तालिम अन्तरगत कम्पोष्ट मल निर्माण

१४) प्लाष्टिक बाट डोरी, ढकीया, पंखा आदी निर्माण तालिम

१५) गोबर ग्यास निर्माण तथा मर्मत तालिम

प्रमुख प्रशासकीय अधिकृत

☎ ९८४८१७५५४४

# ठाकुरबाबा नगरपालिका
# १ नं.वडा कार्यालय

भुरिगाउँ, बर्दिया
५ नं.प्रदेश, नेपाल
स्था :२०७३

प.सं.:-२०७७।०७८ मिति:-२०७७/०५/२९
च.न.- ८६१

श्री ठाकुरबाबा नगर कार्यपालिकाको कार्यालय

भुरिगाउ,बर्दिया ।

विषयः वार्ड वास योजना पठाईएको बारे।

प्रस्तुत विषयमा नगरपालिकाले निर्माण गर्न लागेको "स्थानीय वास योजना" अन्तर्गत यस वडा कार्यालयले मिति २०७७ भाद्र २४ गते वडास्तरीय योजना तर्जुमा गोष्ठीबाट यसै पत्र साथ संलग्न कार्यक्रमहरु प्राथमिककरण सहित पारित गरेको व्यहोरा अवगत गराउँदै नगरपालिका स्तरमा संचालन गरिने योजना तर्जुमा गोष्ठीमा प्रस्तुत गर्नका लागि समावेश गरि दिनुहुन अनुरोध गर्दछु ।

संलग्नः

१. वडा स्तरीय योजना तर्जुमा गोष्ठीको निर्णय पुस्तिका
२. वडा वास योजना

श्यामलाल थारु
वडा अध्यक्ष
श्याम लाल थारु
वडाअध्यक्ष

श्याम लाल थारु
वडाअध्यक्ष

आज मिति २०७६ भाद्र २८ गतेका दिन ठाकुरबाबा नगरपालिका वडा नं. ९ का वडा अध्यक्ष श्री श्यामलाल थारुको अध्यक्षतामा बसेको WASH वडा स्तरीय योजना तर्जुमा तथा १ दिने अन्तरक्रिया बैठक तपसिलका उपस्थितिमा बसी तपसिलका निर्णय गरियो।

उपस्थिति

अध्यक्ष - श्री श्यामलाल थारु
सदस्य - " जनकराज तिमिल्सेना
" - " बाबु बुर्मी
" - " मन कुमारी थापा
" - " टिकाराम भण्डारी
वडा सचिव - " शान्ति मगर
सहजकर्ता - " घनश्यामप्रसाद नेपाल
" - " इन्द्र बहादुर मालाकार
" - " पुष्कर न्यौपाने
आमन्त्रित - श्री जीवन कुमार शाही (स्वास्थ्य संस्था प्रमुख)
" - " शिवराज डेटल (विद्यालय प्रमुख)
" - " योगराज ओली
" - " नन्दराम लामिछाने
" - " बद्रीप्रसाद पोखरेल
" - " दुर्गा पौडेल
" - " फतेसिंह चौधरी (उपभोक्ता)
" - " झामु थारु (")
" - " छोटेलाल थारु (")
" - " शिवप्रसाद थारु (")
प्राविधिक - " रविन्द्र तिमिल्सेना
आमन्त्रित - " दुर्गाप्रसाद जैसी (टेवल प्रतिनिधि)
" ~~[illegible]~~ (खानेपानी)
" ~~[illegible]~~
" रबिराज भारती

प्रस्ताव तथा निर्णयहरु

प्रस्ताव नं.१. वडा स्तरीय तथ्यांक, तथा नक्साहरुहरुको सम्पादन तथा विश्लेषण सम्बन्धमा ।

निर्णय नं.१.

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस ठाकुरबाबा नगरपालिका वडा नं. १ भुरिगाउँमा नगरपालिका स्तरिय खानेपानी, सरसफाइतथा स्वच्छता (वास) योजना तयारीको लागि मिति २०७६/१०/२७ गते देखि २०७७/०२/१५गते सम्म वडाका सम्पूर्ण घरधुरीहरु, संघ सस्थाहरु र वडामा रहेका खानेपानी तथा सरसफाइ योजनाहरुको मोबाइल एप्लीकेशन मार्फत संकलन गरिएका तथ्यांकहरुको बारेमा छलफल गरि तपशिल अनुसार सम्पादन तथा विश्लेषण गर्ने निर्णय गरियो ।

क) वडामा रहेका जम्मा घरधुरी संख्या :१५५७

१. जम्मादलित घरधुरी संख्या :१३९

२. जम्मा जनजाती घरधुरी संख्याः६८६

३. जम्मा ब्राहमण क्षेत्री तथा अन्यको घरधुरी संख्याः६९९

४. मुस्लिमको घरधुरीको संख्याः६

५. मधेशीको घरधुरी संख्याः४

६. अन्यको घरधुरी संख्याः२३

ख) जम्मा जनसंख्या : ८१२६

१. जम्माः ८१२६ महिला : ३९९६ पुरुषः ४१३०

ग) वडा भित्र रहेका जम्माविद्यालय, स्वास्थ्य संस्था तथा अन्य संघ संस्थाहरु : २३ वटा

घ) वडा भित्र रहेका जम्मा खानेपानी तथा सरसफाइ योजनाहरु : १ वटा

१) क्रमागत तथा निर्माणाधीन खानेपानी योजनाहरु : छैन

२) सम्पन्न खानेपानी तथा सरसफाइ योजनाहरुः १ वटा

प्रस्ताव नं. २ छुट भएका तथ्यांक संकलन सम्वन्धमा

निर्णय नं.२. प्रस्ताव नं. २ माथि छलफल गर्दा यस ठाकुरबाबा नगरपालिका वडा नं. १ भुरीगाउँमा नगरपालिका स्तरिय खानेपानी, सरसफाइतथा स्वच्छता ( वास ) योजना तयारीको लागि मिति २०७६/१०/२७ गते देखि २०७७/०२/१५गते सम्म वडाका सम्पूर्ण घरधुरीहरु, संघ सस्थाहरु र वडामा रहेका खानेपानी तथा सरसफाइ योजनाहरुको मोबाइल एप्लीकेशन मार्फत संकलन गरिएका तथ्यांकहरुको बारेमा छलफल गर्दा केही तथ्यांकहरु सुधार गर्नु पर्ने भएको हुदा वडाबाट खटीट भएका वास गणकहरुले ठाकुरबाबा न.पा.सँग समन्वय गरि यहि मिति २०७७ भदौ २६ गते भित्रमा तथ्यांक सुधार गर्ने निर्णय गरियो ।

श्याम लाल थारु
वडाअध्यक्ष

प्रस्ताव नं. ३ खानेपानी,सरसफाइ तथा स्वच्छताको सुविधा स्तर सम्बन्धमा

निर्णय नं.३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस ठाकुरबाबा नगरपालिका वडा नं. १ भुरीगाउमा नगरपालिका स्तरिय खानेपानी, सरसफाइतथा स्वच्छता ( वास ) योजना तयारीको लागि मिति २०७६/१०/२७गते देखि २०७७/०२/१५गते सम्म वडाका सम्पूर्ण घरधुरीहरु, संघ संस्थाहरु र वडामा रहेका खानेपानीतथा सरसफाइ योजनाहरुको मोवाइल एप्लीकेशन मार्फत संकलन गरिएका तथ्यांकहरुको विश्लेषणवाट खानेपानी,सरसफाइ तथा स्वच्छतामा निम्नानुसारको सुविधा स्तर रहेको निर्णय गरियो ।

क) खानेपानीका सुविधा स्तरतर्फ :

१. सुरक्षित सुविधाप्राप्त घरधुरी संख्या :४६४ घर

२. सिमीत सुविधाप्राप्त घरधरी संख्या :६ घर

३. आधारभुत सुविधाप्राप्त घरधुरी संख्या :१०९० घर

४. असुरक्षित घरधुरी संख्या :२ घर

५. सतह,खोला खोल्सीको खानेपानी प्रयोग गर्ने संख्या :

ख) सरसफाइ र स्वच्छता तर्फ :

१. पूर्ण सरसफाइका सूचक पुरा गरेका घरधुरी संख्या :२०१ घर

२. पूर्ण सरसफाइका सूचक पुरा नगरेका घरधुरी संख्या :८९० घर

३. शौचालय नभएका घरहरुको संख्या : २३ घर

४. कच्ची चर्पी : २६ घर

५. साझेदारी शौचालय संख्या:११३ घर

६. जमीन सम्म पक्की वाहिरी संरचना नभएको संख्या : ५ घर

७.आफ्नै एक खाल्डे पक्किचर्पि: २५ घर

८.आफ्नै सेप्टिटंकि जोडिएको पक्कि चर्पि: ५७ घर

९. गोबर ग्यास जडित शौचालय: २३ घर

१०. लेदो प्रशोधन सुविधा भएको पक्कि शौचालय: ९ घर

११.आफ्नै एक खाल्डे पक्कि चर्पि (लेदो प्रशोधन नगरिएको) : ६१७ घर

ठाकुरबाबा नगरपालिका
१ नं. वडा कार्यालय

श्याम लाल थारु
वडाअध्यक्ष

प्रस्ताव नं. ४ खानेपानी,सरसफाइ तथा स्वच्छताको योजना तथा कार्यक्रमहरु प्राथमिकीकरण सम्बन्धमा

निर्णय नं.४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस ठाकुरबाबा नगरपालिका वडा नं. ०१,भुरिगाउँमा नगरपालिका स्तरिय खानेपानी, सरसफाइतथा स्वच्छता ( वास ) योजना तयारीको लागि मिति २०७६/१०/१० गते देखि १२/१०गते सम्म वडाका सम्पूर्ण घरधुरीहरु, संघ संस्थाहरु र वडामा रहेका खानेपानी तथा सरसफाइ योजनाहरुको मोबाइल एप्लीकेशन(M-water) मार्फत संकलन गरिएका तथ्यांकहरुको विश्लेषणबाट तपशिल अनुसार खानेपानी,सरसफाइ तथा स्वच्छताका कार्यक्रमहरुको प्राथमिकीकरण गरि नगरपालिकामा पेश गर्ने निर्णय गरियो ।

१. खानेपानीतथा सरसफाइका योजना तर्फ :

क) ठूला योजना

| प्राथमिकीकरण क्र.सं. | योजनाको नाम | प्रविधी | लाभान्वीत हुने अनुमानित जनसंख्या | लाभान्वीतहुने टोल/बस्तीको नाम | कैफियत |
|---|---|---|---|---|---|
| १ | भुरिगाउ खानेपानी तथा सरसफाई आयोजना, | इलेक्ट्रीक लिफ्ट र सोलार | १५००० | डुब्रेनी, भुरिगाउ, सिंहवाहिनी,,खोदाउ | सुधार / क्षमता बिस्तार |
| २ | डुब्रेनी खानेपानी तथा सरसफाई आयोजना (भूमिगत) | इलेक्ट्रीक लिफ्ट र सोलार | ३००० | डुब्रेनी, भुरिगाउ, सिंहवाहिनी | २ वटा योजना मध्ये १ योजना |
| | बासपानी डुब्रेनी खानेपानि आयोजना (सतह) | सतह | ३००० | डुब्रेनी, भुरिगाउ, सिंहवाहिनी | |

ख) साना योजना

| प्राथमिकीकरण क्र.सं. | योजनाको नाम | प्रविधी | लाभान्वीत हुने अनुमानित जनसंख्या | लाभान्वीत हुने संस्था,स्थानको नाम | कैफियत |
|---|---|---|---|---|---|
| १ | त्रिभुवन मा.वि स्वच्छ खानेपानी योजना | बोरिङ फिल्टर | १७०० | त्रिभुवन मा.वि. भुरिगाउ | |
| २ | जनचाहना आ.वि स्वच्छ खानेपानी योजना | बोरिङ फिल्टर | ५०० | जनचाहना आ.वि,डुब्रेनी | |
| ३ | मनुषा टिका सिंह बहुमुखि क्याम्पस स्वच्छ खानेपानी योजना | बोरिङ फिल्टर | ५०० | मनुषा टिका सिंह बहुमुखि क्याम्पस | |

ठाकुरबाबा नगरपालिका १ नं. वडा कार्यालय बर्दिया

श्याम लाल थारु
वडाअध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | स्वास्थ चौकी स्वच्छ खानेपानी योजना | बोरिङ फिल्टर | ७०० | नेउलापुर स्वास्थ चौकी | |
| ५ | वडा कार्यालय स्वच्छ खानेपानी योजना | बोरिङ फिल्टर | ५०० | वडा कार्यालय नं.१ को कार्यालय | |
| ६ | ईलाका प्रहरी कार्यालय स्वच्छ खानेपानी योजना | बोरिङ फिल्टर | २०० | ईलाका प्रहरी कार्यालय,भुरिगाउँ | |
| ७ | सिंहवाहिनी खेल मैदान स्वच्छ खानेपानी योजना | बोरिङ फिल्टर | ७०० | सिंहवाहिनी खेल मैदान, सिंहबाहिनी | |

२. विद्यालय, सार्वजनिक तथा संस्थागत शौचालय तर्फ

| प्राथमिकीकरण क.सं. | योजनाको नाम | प्रकार ( शैक्षिक संस्था, सार्वजनिक संघ संस्था ) | स्थान टोल/वस्तीको नाम | कैफियत |
|---|---|---|---|---|
| १ | बसपार्क सार्वजनिक शौचालय | सार्वजनिक | बुद्दनगर | |
| २ | कृष्ण प्रणामी मन्दिर | मन्दिर | कृष्ण प्रणामी मन्दिर | |
| ३ | भुरिगाउ बजार | सार्वजनिक | भुरिगाउ बजार | |
| ४ | डुम्रनी सार्वजनिक शौचालय | सार्वजनिक | डुम्रेनी | |
| ५ | सिंहवाहिनी सार्वजनिक शौचालय | सार्वजनिक | सिंहबाहनी खेलमैदान | |
| ६ | खोदाउ सार्बजानिक शौचालय | सार्वजनिक | खोदाउ | |
| ७ | भुरिगाउ सार्बजानिक शौचालय | सार्वजनिक | भुरिगाउ | |
| ८ | त्रिभुवन मा.वि शौचालय | संस्थागत | त्रिभुवन मा.बि,भुरिगाउ | |
| ९ | जनचाहना आ.वि शौचालय निर्माण | संस्थागत | जनचाहाना आ.वि. डुम्रनी | |
| १० | मनुषाटिकासिंह क्याम्पस शौचालय | संस्थागत | मनुषाटिकासिंह क्याम्पस | |
| ११ | वार्ड कार्यालय शौचालय | सार्वजनिक | वार्ड नं. १को कार्यालय | |
| १२ | ईलाका प्रहरी कार्यालय | सार्वजनिक | ई.प्र.का. भुरिगाउ | |
| १३ | स्वास्थ्य चौकी नेउलापुर | सार्वजनिक | भुरिगाउ | |

श्याम लाल थारु
वडाअध्यक्ष

३.ढल निकास तर्फः

| क.स. | योजनाको नाम |
|---|---|
| १ | भुरिगाउ-गुलरिया रोड (दाया बाया)-दुन्द्रा |
| २ | तिनमुहान-भुरिगाउ-आदर्शनगर- कंन्चनपुर-दुन्द्रा |
| ३ | भुरिगाउ(स्वास्थ्य चौकि)-कृष्ण प्रणामी मन्दिर-कृष्णनगर-सत्घरुवा-दुन्द्रा |
| ४ | रानीपुर (गंगाधर पन्तको जग्गाको पूर्वको सार्वजनिक जग्गाबाट)-खोदाउ-सत्घरुवा-दुन्द्रा |

४.सरसफाई तथा स्वस्छता तर्फः

| क.सं. | कार्यक्रम |
|---|---|
| १ | विद्यालय,क्याम्पस,स्वास्थ्य चौकी,प्रहरी कार्यालय,गाउँघर क्लिनिकमा कोरोना महामारीबाट वच्न तथा सरसफाइका लागि Untouchable Hand Wash ट्याङ्की वितरण |
| २ | पानीको गुणस्तर परीक्षण, सार्वजनिक धारा तथा फिल्टर वितरण कार्यक्रम |
| ३ | पूर्ण सरसफाई वार्ड निर्माण सम्बन्धि कार्यक्रमहरु(विद्यालय सरसफाई कक्षा,सेनिटरी प्याड निर्माण तालिम, प्लास्टिक मुक्त अभियान(प्लास्टिक संकलन र डोरी ढकिया,पंखा निर्माण) हात धुने तालिम, महिनावारी स्वच्छता कार्यक्रम आदि) |
| ४ | पानी सुरक्षा ,फोहोरमैला व्यवस्थापन,जनचेतनामुलक र व्यवहार परिवर्तन तालिम |
| ५ | शौचालय,ढलको फोहोर संकलन व्यवस्थापन र कपोष्ट मल प्लान्ट निर्माण (फोहोर बाट मोहोर अभियान), प्लाष्टिक शिसा गलाउने प्लान्ट निर्माण |
| ६ | फोहोर संकलनका लागि डस्टविन,रिङ व्यवस्था,ट्याकटरद्वारा संकलन र डम्पिङ साइडमा व्यवस्थापन गर्ने |
| ७ | गोवर ग्यास निर्माण तथा मर्मत तालिम |
| ८ | जनचेतनामुलक कार्यक्रम |

५.सिपमुलक तथा क्षमता विकास तालिम तर्फ

| क.सं. | कार्यक्रम |
|---|---|
| १ | खानेपानी योजना उपभोक्ता समितिहरुलाई आर्थिक तथा लेखा व्यवस्थापन तालिम |
| २ | खानेपानी धारा एवम् फिल्टर मर्मत सम्भार तालिम |
| ३ | फोहोरलाई मोहोरको रूपमा रूपान्तरण सम्बन्धी कार्यक्रम अन्तर्गत कम्पोस्ट मल निर्माण, पलाष्टिक बाट डोरी, ढकिया, पंखा निर्माण तालिम |

श्याम लाल थारु
वडाअध्यक्ष

**प्रस्ताव नं. ५ वास योजनाको लागि प्राथमिकीकरण गरिएका योजना तथा कार्यक्रमहरुको सार्वजनिकीकरण र सिफारिस सम्वन्धमा ।**

निर्णय नं.५,प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस ठाकुरबाबा नगरपालिका वडा नं. १, भुरीगाउँमा वास योजना तयारीको लागि वडामा रहेका सम्पूर्ण घरधुरीहरु, संघ संस्थाहरु र वडामा रहेका खानेपानीतथा सरसफाइ योजनाहरुको मोवाइल एप्लीकेशन(M-water) मार्फत संकलन गर्ने कार्य सम्पन्न गरि प्राप्त गरिएका तथ्यांकहरुको विश्लेषण गर्ने कार्य गरि अन्तिम रुप प्रदान गरिएका तथ्यांकहरु र प्राथमीकीकरण गरिएका खानेपानी तथा सरसफाइ योजनाहरु, सार्वजनिक शौचालयहरु, सरसफाइ तथा स्वच्छता तर्फका कार्यक्रमहरु,शीप तथा क्षमता विकास सम्वन्धि कार्यक्रमहरु समेतको कार्यक्रमहरु तयार गरि वडा कार्यालयमा सार्वजनिक गर्ने तथा नगरस्तरिय वास योजनामा समावेश गर्नका लागि ठाकुरबाबा नगरपालिकामा सिफारिस गर्ने निर्णय गरियो ।

श्याम लाल थारु
वडाअध्यक्ष

# ठाकुरबाबा नगरपालिका
# २ नं. वडा कार्यालय

प.सं:-०७७/०७८ रानीपुर, बर्दिया
च.नं:- २९६ ५ नं. प्रदेश,नेपाल

मिति २०७७/०५/३१

**श्री ठाकुरबाबा नगरकार्यपालिकाको कार्यालय**
**भुरिगाँउ बर्दिया ।**

विषय : वार्ड वास योजना पठाइएको बारे

प्रस्तुत विषयमा नगरपालिकाले निर्माण गर्न लागेको "स्थानिय वास योजना" अर्न्तगत यस वडा कार्यालयले मिति २०७७ भाद्र २५ गते वडास्तरीय योजना तर्जुमा गोष्ठिबाट यसै पत्र साथ संलग्न कायक्रमहरु प्राथमिककरण सहित पारित गरेको व्यहोरा अवगत गराउदै नगरपालिका स्तरमा संचालन गरिने योजना तर्जुमा गोष्ठीमा प्रस्तुत गर्नका लागि समावेश गरि दिनुहुन अनुरोध गर्दछु ।

२०७७/०५/३१
हरिराम थारु
वडा अध्यक्ष

Page No.
Date

आज मिति २०७७ साल भाद्र २५ गतेका दिन यस ठाकुरबाबा नगरपालिका वडा नं २ का वडा अध्यक्ष श्री हरिराम थारु ज्यू को अध्यक्षतामा बसेको WASH वडा स्तरिय योजना तर्जुमा तथा छलफल सम्बन्धी बैठक बसी तपसिल बमोजिम का व्यक्ति हरु को उपस्थिति गरियो ।

उपस्थिति

अध्यक्ष - श्री हरिराम थारु
वडासदस्य - श्री विष्णु बहादुर शाहि
,, —— ,, - श्री अम्बर थारु
,, —— ,, - श्री गिता थारु
,, —— ,, - श्री मन कुमारि सुनार
वडा सचिव - श्री केशव प्रसाद खनाल
सहजकर्ता - श्री [illegible] प्रसाद नेपाल ([illegible])
,, - श्री इन्द्र बहादुर राजवंशी ([illegible])
